# साहित्यकार देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**लक्ष्मी दवाडी**
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ६-२-१९-७६५-२००२

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

२०७३/२०१७

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी लक्ष्मी दवाडीद्वारा नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको **साहित्यकार देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ________________

विभागीय प्रमुख हस्ताक्षर

सहप्राध्यापक भवनाथ सडौला ________________

शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक डा. धनेश्वर भट्टराई ________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७३/१२/३०

१२ अप्रिल, २०१७

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षकी छात्रा लक्ष्मी दवाडीले **साहित्यकार देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म पूर्णरूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/१२/२७
९ अप्रिल, २०१७

**भवनाथ सडौला**
सहप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मैले आदरणीय गुरू सहप्राध्यापक भवनाथ सडौलाज्यूको निर्देशनमा तयार पारेको हुँ । समयको अति व्यस्तता हुँदाहुँदै पनि समय निकालेर शोधपत्र तयार पार्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराउनुका साथै अत्यन्त शिष्टतापूर्वक आवश्यक सुझाव, सल्लाह र समुचित निर्देशन दिएर मलाई आत्मबल प्रदान गर्दै शोधकार्यमा उत्प्रेरित गर्नुहुने आदरणीय गुरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी बेलाबेलामा आवश्यक सल्लाह एवं सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख एवं मेरा आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाज्यूप्रति आभारी छु । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आवश्यक सुझाव र सल्लाह दिई प्रेरणा प्रदान गर्नुहुने नेपाली विभागका सम्पूर्ण आदरणीय गुरूहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनकार्यका लागि सामग्री उपलब्ध गराई विभिन्न जानकारी प्रदान गर्नुहुने शोधनायक साहित्यकार देवराज पौडेल तथा उहाँकी श्रीमती शान्ता पौडेलज्यूप्रति पनि आभार प्रकट गर्नु मेरो कर्तव्य ठान्दछु ।

मेरो जीवनको यस मोडसम्म ल्याइपुऱ्याउनु हुने अनि अध्ययनको समुचित वातावरण तयार पारिदिनुहुने मेरा पूजनीय बुबा एकदेव दवाडी अनि आमा पार्वती दवाडीका साथै मेरा दाजुभाइ तथा दिदीबहिनीहरूप्रति म ऋणी छु, साथै पारिवारिक व्यस्त समयमा पनि मलाई शोधपत्र तयार पार्न यथेष्ट समय उपलब्ध गराई सहयोग गर्ने श्रीमान् भिमप्रसाद पौडेल, छोरी एलिसा पौडेल, दिदीको छोरा कमल देवकोटा, ससुरा नारायणदत्त पौडेल र सासु उमादेवी पौडेल एवम् समस्त पौडेल परिवारलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र समयमै टङ्कन गरी सहयोग गर्ने विनोद पण्डितका साथै सेटिङ कार्यमा सहयोग गर्ने कालिका कम्प्युटर सर्भिस, नारायणगढप्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/१२/२७ ----------------
९ अप्रिल, २०१७ **लक्ष्मी दवाडी**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एमाले | एकीकृत मार्क्सवादी लेनिनवादी |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| जि.क. | जिल्ला कमिटी |
| जि.रे. | जिल्ला रेडक्रस |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जु.रे.स. | जुनियर रेडक्रस सर्कल |
| दो.सं. | दोस्रो संस्करण |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. | नेपाल कम्युनिष्ट पार्टी |
| ने.रा.वि. | नेपाल राष्ट्रिय विद्यापीठ |
| प्र. | प्रकाशन |
| प्र.अ. | प्रधानाध्यापक |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.नि. | राष्ट्रिय निकुञ्ज |
| रा.प्रा.वि. | राष्ट्रिय प्राथमिक विद्यालय |
| वि.नि. | विद्यालय निरीक्षक |
| वि.सं. | विक्रम संवत |
| शै.सा. | शैक्षिक सामग्री |
| स.अ. | संरक्षण अधिकृत |
| सि.डी. | कम्प्याक्ट डिस्क |
| सि.अ.क. | सिर्जनात्मक अभिव्यञ्जक कला |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ शोधको समस्या | १ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ शोधको औचित्व | ५ |
| १.६ शोधको क्षेत्र र सीमा | ५ |
| १.७ सामग्री सङ्कलन तथा शोधविधि | ५ |
| १.७.१ सामग्री सङ्कलन | ५ |
| १.७.२ शोधविधि | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ६ |


**परिच्छेद : दुई**

**साहित्यकार देवराज पौडेलको जीवनी**


| | |
|---|---|
| २.१ पृष्ठभूमि | ८ |
| २.२ वंश परम्परा | ८ |
| २.३ जन्म र जन्मस्थान | ९ |
| २.४ बसाइँ-सराइ | ९ |
| २.५ बाल्यकाल | ९ |
| २.६ शिक्षा-दीक्षा | १० |
| २.७ वैवाहिक जीवन र पारिवारिक अवस्था | १० |
| २.८ आर्थिक अवस्था | ११ |
| २.९ शिक्षण पेसामा प्रवेश र शिक्षण कार्य | १२ |
| २.९.१ रा.प्रा.वि. हरिनगर, कल्याणपुर | १२ |
| २.९.२ रा.प्रा.वि. भैरवपुर, गर्दी | १२ |

२.९.३ रा.प्रा.वि रत्नपुर, वनकट्टा १३

२.९.४ रा.प्रा.वि हनुमाननगर, शिवनगर १३

२.९.५ रा.प्रा.वि ब्रह्मपुरी, पटिहानी १३

२.९.६ नि.मा.वि. गंगानगर १४

२.१० शिक्षण पेसाबाट अवकाश १४

२.११ साहित्यमा प्रवेश र कार्य १४

२.१२ पुरस्कार तथा सम्मान १५

२.१३ भ्रमण १७

२.१४ अविस्मरणीय क्षण १७

२.१४.१ रमाइला क्षण १७

२.१४.२ दुःखद घटना १८

२.१५ निष्कर्ष १८

**परिच्छेद : तीन**

**देवराज पौडेलको व्यक्तित्व**

३.१ पृष्ठभूमि २०

३.२ बाह्य व्यक्तित्व २०

३.३ आन्तरिक व्यक्तित्व २१

३.३.१ साहित्यिक व्यक्तित्व २१

३.३.१.१ गीतकार व्यक्तित्व २२

३.३.१.२ नाटककार व्यक्तित्व २३

३.३.१.३ लोकगीतकार व्यक्तित्व २३

३.३.२ साहित्येतर व्यक्तित्व २४

३.३.२.१ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व २४

३.३.२.२ राजनीतिक व्यक्तित्व २५

३.४ चिन्तन, दर्शन र विचार २५

३.५ निष्कर्ष २६

## परिच्छेद : चार

## नेपाली साहित्यमा देवराज पौडेलको प्रवेश र साहित्ययात्रा


४.१ प्रेरणा र प्रभाव २७

४.२ नेपाली साहित्यमा प्रवेश र कार्य २७

४.३ साहित्यिक यात्रा ३०

४.४ निष्कर्ष ३३


## परिच्छेद : पाँच

## देवराज पौडेलका कृतिको अध्ययन


५.१ लोकसाहित्यको सिद्धान्त ३४

५.१.१ लोकसाहित्यको परिचय र परिभाषा ३४

५.१.२ लोकसाहित्यको स्वरूप ३५

५.१.३ लोकसाहित्यको विशेषता ३६

५.१.४ लोकसाहित्यको प्रयोजन ३६

५.१.५ लोकसाहित्यको महत्त्व ३६

५.१.६ लोकसाहित्यको वर्गीकरण ३७

५.२ कृतित्वको अध्ययनको पृष्ठभूमि ३८

५.२.१ छोरा र छोरीमा फरक किन ? (२०५४) कृतिको अध्ययन ३८

५.२.१.१ शीर्षक ३८

५.२.१.२ संरचना ३९

५.२.१.३ विषयवस्तु ३९

५.२.१.४ भाषाशैली ४१

५.२.१.५ उद्देश्य ४५

५.२.१.६ निष्कर्ष ४५

५.२.२ 'विश्वास छैन भाइमाराको' (२०५४) कृतिको अध्ययन ४५

५.२.२.१ शीर्षक ४५

५.२.२.२ संरचना ४६

५.२.२.३ विषयवस्तु ४६

५.२.२.४ भाषाशैली ४८

५.२.२.५ उद्देश्य ५१

५.२.२.६ निष्कर्ष ५१

५.२.३ टी.एन प्रधानको उदय र अन्त्य (२०५६) कृतिको अध्ययन ५२

५.२.३.१ शीर्षक ५२

५.२.३.२ संरचना ५२

५.२.३.३ विषयवस्तु ५२

५.२.३.४ भाषाशैली ५४

५.२.३.५ उद्देश्य ५७

५.२.३.६ निष्कर्ष ५७

५.२.४ 'किताब बदलियो प्रवृति बदलिएन' (२०६१) कृतिको अध्ययन ५७

५.२.४.१ शीर्षक ५७

५.२.४.२ संरचना ५८

५.२.४.३ विषयवस्तु ५८

५.२.४.४ भाषाशैली ५९

५.२.४.५ उद्देश्य ६१

५.२.४.६ निष्कर्ष ६२

५.२.५ गैडा जोगाऔं (२०६५) कृतिको अध्ययन ६२

५.२.५.१ शीर्षक ६२

५.२.५.२ संरचना ६२

५.२.५.३ विषयवस्तु ६३

५.२.५.४ भाषाशैली ६४

५.२.५.५ उद्देश्य ६६

५.२.५.६ निष्कर्ष ६७

५.२.६ 'खुला दिसामुक्त क्षेत्र बनाऔं' (२०६६) कृतिको अध्ययन ६७
५.२.६.१ शीर्षक ६७
५.२.६.२ संरचना ६७
५.२.६.३ विषयवस्तु ६८
५.२.६.४ भाषाशैली ६९
५.२.६.५ उद्देश्य ७१
५.२.६.६ निष्कर्ष ७१
५.२.७ 'पाटेबाघको संरक्षण गरौँ' (२०६७) नाटकको अध्ययन ७२
५.२.७.१ शीर्षक ७२
५.२.७.२ संरचना ७२
५.२.७.३ विषयवस्तु ७३
५.२.७.४ भाषाशैली ७४
५.२.७.५ उद्देश्य ७७
५.२.७.६ निष्कर्ष ७७
५.३ देवराज पौडेलका अप्रकाशित रचनाहरूको सूची ७७

**परिच्छेद : छ**

**उपसंहार**

६.१ परिचय ८०
६.२ परिच्छेद एकको निष्कर्ष ८०
६.३ परिच्छेद दुईको निष्कर्ष ८०
६.४ परिच्छेद तीनको निष्कर्ष ८१
६.५ परिच्छेद चारको निष्कर्ष ८१
६.६ परिच्छेद चारको निष्कर्ष ८१
६.७ समग्र निष्कर्ष ८२

**सन्दर्भ सामग्रीसूची**


क) प्रमुख सन्दर्भ ग्रन्थसूची ८५

ख) सहायक सन्र्दभ ग्रन्थसूची ८६


**परिशिष्ट खण्ड**


परिशिष्ट : एक - शोधनायक देवराज पौडेल र परिवारको छायाँचित्र ८७

परिशिष्ट : दुई - शोधनायक देवराज पौडेलले प्राप्त गरेका सम्मानका प्रतिलिपिहरू ८८

परिशिष्ट : तीन - शोधनायक साहित्यकार देवराज पौडेलसँग शोधार्थी लक्ष्मी दवाडीले लिएको अन्तर्वार्ता ९५

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०११ असार १५ गते गण्डकी अञ्चलको कास्की जिल्लाको हंसपुरमा पिता भूमिनन्द पौडेल र माता सन्तु पौडेलको कोखबाट पाँचौ सन्तानका रूपमा जन्मिएका देवराज पौडेल गीत, नाटक, कविता र उपन्यास जस्ता विभिन्न विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले औपचारिक रूपमा एस्.एल.सी सम्मको अध्ययन गरेका छन् र शिक्षण पेशामा रही धेरै लामो समयसम्म सेवा गरेका छन् । उनी वि.सं. २०३० सालमा *रिउखोला पारीको त्यो ठूलो वन* शीर्षकको तिजगीत **किसान** पत्रिकाको अङ्क १ मा प्रकाशित गरेर नेपाली साहित्यको क्षेत्रमा देखा परेका हुन् । साहित्यकार देवराज पौडेलले स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा आफ्नो लेख प्रकाशन गरेर पाठक सामु परिचित लोकगायक बन्न पुगेका छन् । उनले विभिन्न पत्रपत्रिकामा छरिएर रहेका लेख, रचनालाई लोकगीत, तीजका गीत, नाटक, श्रव्य दृश्य र अन्य गरी २९ वटा पुस्तकहरू प्रकाशन गरिसकेका छन् । पौडेलले नेपाली साहित्यको विशेष गरेर गीत उपविधामा बढी प्रसिद्धि पाएका छन् ।

साहित्यकार देवराज पौडेलको छिटफुट रूपमा अध्ययन भएको पाइए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण भएको पाइँदैन ।
त्यसैले यस शोधपत्रमा उनै देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको विशेष अध्ययन तथा मूल्याङ्कन गरिएको छ ।

## १.२ शोधको समस्या

साहित्यकार देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक शोधमा यी समस्या रहेका छन् :

क) साहित्यकार देवराज पौडेलको जीवनी के-कस्तो छ ?

ख) साहित्यकार देवराज पौडेलको व्यक्तित्व के-कस्तो छ ?

ग) साहित्यकार देवराज पौडेलको कृतित्व के-कस्तो रहेको छ ?

घ) नेपाली साहित्यमा उनले दिएको योगदान के-कस्तो रहेको छ ?

यिनै विभिन्न प्रश्नहरू र तिनका समस्याहरू समाधान गर्ने प्रयास यस शोधपत्रमा भएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

शोधसमस्यामा केन्द्रित प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

क) साहित्यकार देवराज पौडेलको जीवनी बारे प्रकाश पार्नु,

ख) साहित्यकार देवराज पौडेलका व्यक्तित्वका विभिन्न पक्षहरूलाई प्रकाशनमा ल्याउनु,

ग) नेपाली साहित्यको क्षेत्रमा उनका कृतित्वको अध्ययन विश्लेषण गर्नु,

घ) साहित्यकार देवराज पोडेलको साहित्यिक योगदानको मूल्याङ्कन गर्नु,

यिनै उद्देश्यहरू परिपूर्तितर्फ प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार देवराज पौडेलको विषयमा आजसम्म विद्वान्, लेखक तथा समालोचकहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा जे जति चर्चा परिचर्चा गरेका छन् । त्यसको विवररण यसप्रकार रहेको छ :

क) रूपालाल विश्वकर्मा 'गाउँले साइला' ले **किसान** (२०३५) पत्रिकामा जनताको बीचमा गएर जनताको गीत गाउने गायक दिनुबन्धु नै हुन् भनेका छन् ।

ख) विश्वभक्त दुवाल 'आहुति'ले **मूल्याङ्कन** (२०५०) मा गाउँले साईला र दीनबन्धुलाई जति गाउँले साहित्यकारले चिन्छन् त्यति शहरियाले चिन्दैनन् भनेका छन् ।

ग) एकलाल भण्डारीले देवराज पौडेलद्वारा रचित **छोरा र छोरीमा फरक किन ?** (२०५४) पुस्तकको *प्रकाशकीय*मा, घर गाउँ र सामाजिक सेवाका कार्यहरू, निर्माण, सामाजिक सुधारका लागि प्रगतिशील, लेखन, गायन, महिला मुक्तिका लागि समय सान्दर्भिक रचना, लोकलयका पुस्तक-पुस्तिकाहरू,

जीवन शैलीमा सरलता, विचारमा उदार र विशेष गरी ज्यादै सोझो प्रकृतिका दीनबन्धुज्यू साँच्चै हाम्रो यस समाजका पीडित बुद्धिजीविहरूमध्येका एक हुनुहुन्छ भनेका छन् ।

घ) केदार न्यौपानेले देवराज पौडेलद्वारा रचित पुस्तक **छैन विश्वास भाइमाराको** (२०५४) मा *शुभकामना* शीर्षक भूमिका खण्डमा दीनबन्धु जनताको साँचो कवि तथा गीतकार हुनुहुन्छ । जनताका पीर मर्कालाई गीतमा अनुवादन गरेर जनताले बुझ्ने गरी आकर्षक जनलयमा जनतालाई ब्युँझाउने तथा मुक्तिको लागि साहस गर्ने वहाँको खुबी प्रशंसनीय छ भनेका छन् ।

ङ) मोदनाथ पश्रितले देवराज पौडेलद्वारा रचित **छोरा र छोरीमा फरक किन ?** (२०५४) पुस्तकको *जनकविका गीतिहरू* शीर्षकको भूमिकामा देवराज पौडेल करुणाका कवि वेदनाका कवि हुनुहुन्छ । जनताका पीडा र व्यथाको चित्रणमा उहाँका शब्दहरू सप्तरङ्गी इन्द्रेनीझैँ मनमोहक र हृदयस्पर्शी भएर व्यक्त हुन्छन् भनेका छन् ।

च) ओमबहादुर थापाले देवराज पौडेलद्वारा रचित **टी. एन प्रधानको उदय र अन्त्य** (२०५६) पुस्तकको *प्रकाशकीय*मा दीनुबन्धुको सादा जीवन, उच्च विचार, निरन्तर जनताको बीचमा जाने, जनताकै बारेमा सोच्ने, लेख्ने, गाउनेजस्ता वहाँबाट सिक्न पर्ने धेरै चिज छन् भनेका छन् ।

छ) देवी ज्ञवालीले देवराज पौडेलद्वारा रचित **दिवाकर भुषालप्रतिको हार्दिक श्रद्धाञ्जली** (२०६०) कृतिको *पुस्तकको निरन्तरता रहिरहोस्* शीर्षक भूमिका खण्डमा, सङ्घर्षका विविध रूपभित्र देखिएका राम्रा प्रकृतिको संरक्षण र सम्बर्द्धन तथा खराब प्रकृतिको विरोध मात्र होइन शिरोच्छेदन गर्न कला र साहित्यको माध्यमबाट निरन्तर क्रियाशील व्यक्तित्वहरूमध्येको एउटा सम्झना गर्नुपर्ने नाम हो दीनबन्धु भनेका छन् ।

ज) लोकनाथ पौडेलले देवराज पौडेलद्वारा रचित **किताब बदलियो प्रवृत्ति बदलिएन** (२०६१) पुस्तकको भूमिका खण्डमा, देवराज पौडेलले देशको सामाजिक, राजनैतिक विकृति, विसङ्गति र समसामयिक घटनलाई लोकलय (गीति कविता) मार्फत आफ्नो आशु कवित्वको परिचय दिनुहुन्छ भनेका छन् ।

झ)	ईश्वरीप्रसाद सापकोटाले देवराज पौडेलद्वारा रचित **गणतन्त्र जिन्दावाद** (२०६३) पुस्तकमा *साहित्यकार दीनबन्धुप्रति दुई शब्द* शीर्षक भूमिका लेखमा गरीब, निमुखा, शोषित, पीडित जनताको पक्षमा आफ्ना कलमहरू अनवरत रूपमा कलम चलाउँदै जनताको मन जित्ने, सरल शब्दहरूलाई सुरिलो कण्ठले भाका हाल्ने साहित्यकार दीनबन्धु हुन् भनेका छन् ।

ञ)	हरिप्रसाद पौडेलले देवराज पौडेलद्वारा रचित **गणतन्त्र जिन्दावाद** (२०६३) पुस्तकमा *पुस्तकप्रति मेरा भनाइहरू* शीर्षक भूमिका लेखमा देवराज पौडेल अत्यन्तै छिटो कलम चलाउन सक्ने, तत्कालको कुनै पनि परिस्थितिलाई जनवादी ढाँचामा छन्दवद्ध हिसाबले जनता बीच पस्किने कलाका धनी हुनुहुन्छ भनेका छन् ।

ट)	डी.आर पोखरेलले देवराज पौडेलद्वारा रचित **पुनर्मिलन** *नाटकले मन छोयो* (२०६९) शीर्षकको भूमिका लेखमा समाजको सांस्कृतिक रूपान्तरण गर्ने हेतु भएका, जनताका दुःख सुखका आवाज भएका, समाजकेन्द्री समस्स्याकेन्द्री, जीवनवादी स्वर भएका रचनाहरूको सिर्जना नै उहाँको मुख्य प्रवृत्ति हो भनेका छन् ।

ठ)	हरिप्रसाद आचार्यले देवराज पौडेलद्वारा रचित **सामाजिक अध्ययनभित्रको अध्यापन कुन ठीक हो ?** (२०७१) पुस्तकमा शिक्षक देवराज पौडेलले *एक चिनारी* शीर्षकको भूमिका खण्डमा पुरानो शिक्षकले पढाउन सक्दैन, शिक्षण प्रभावकारी हुँदैन जस्ता अभियोगलाई चिर्दै एउटा अध्ययनशील, सिर्जनशील, त्यागी र सङ्कल्पित शिक्षक बनी पाठ्यक्रम पाठ्यपुस्तकमा रहेका त्रुटिहरू समेतलाई औंल्याउँदै सम्बन्धित क्षेत्रको ध्यान आकर्षण गर्ने हजारौं शिक्षकहरूमध्ये एक हुनुहुन्छ देवराज पौडेल, जसले आफ्ना लेख रचनाहरू मार्फत पटक-पटक सल्लाह सुझावहरू दिँदै आउनु भएको छ भनेका छन् ।

ड)	होमनाथ सापकोटाले **नौलो राँको** सामयिक संकलन पत्रिकाको *देवराज पौडेलको गीतिसङ्ग्रह गणतन्त्र जिन्दावाद : अन्तर्वस्तु विश्लेषण* शीर्षकमा सादा जीवन उच्च विचार र दृढ मनोबल भएका देवराज सचेत, जागरुक र एक जिम्मेवार शिक्षक हुनुका साथै एक इमान्दा, सत्यनिष्ठ, परिवर्तनकामी, अग्रगामी सामाजिक कार्यकर्ता हुन् भनेका छन् ।

## १.५ शोधको औचित्व

नेपाली साहित्यका विभिन्न स्रष्टाहरूको व्यक्तित्वका बारेमा खोज-अनुसन्धान कार्य भए तापनि नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति देवराज पौडेलको भने आजसम्म पनि खोज र अनुसन्धान नभएकाले उनको बारेमा शोध गर्नु आवश्यक देखिन्छ । यो शोधपत्र साहित्यकार देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका लागि सन्दर्भ सामाग्रीका रूपमा उपयोगी देखिन्छ । त्यसैले खास गरी लोकसाहित्यको क्षेत्रमा निरन्तर सक्रिय देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा थप जानकारी गराउनुमा यस शोधपत्रको औचित्य पुष्टि हुन्छ ।

## १.६ शोधको क्षेत्र र सीमा

यस शोधपत्रको क्षेत्र र सीमा देवराज पौडेलको जीवनी र व्यक्तित्वको अध्ययन गर्नुका साथै उनका प्रकाशित कृतिहरूमध्य **छोरा र छोरीमा फरक किन ?, विश्वास छैन भाइमाराको, टि.एन. प्रधानको उदय र अन्त्य, किताब बदलियो प्रवृत्ति बदलिएन, गैंडा जोगाऔं, खुल्ला दिशामुक्त क्षेत्र बनाऔं** र **पाटेबाघको संरक्षण गरौं** मात्र अध्ययन गरिएको छ र विभिन्न पत्र पत्रिकामा प्रकाशित फुटकर रचना तथा अप्रकाशित कृतिहरूको सूचिगत विवरण मात्र प्रस्तुत गरिएको छ ।

## १.७ सामग्री सङ्कलन तथा शोधविधि

### १.७.१ सामग्री सङ्कलन

सम्बद्ध सामाग्री सङ्कलनमा जीवनी र व्यक्तित्वको अध्ययन गर्न शोधनायक र शोधनायकसँग सन्निकट व्यक्ति र अन्य व्यक्तिहरूसँग अन्तर्वार्ता र शोधपुछको माध्यमबाट सामाग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययन विधिबाट कृतिको अध्ययनका निम्ति साम्रगी सङ्कलन गरिएको छ ।

### १.७.२ शोधविधि

यस शोधपत्रमा कृतिहरूको विधागत तत्त्वका आधारमा जीवनी र व्यक्तित्वको अध्ययन जीवनीपरक समालोचनाको आधारमा गरिएको छ र अध्ययनका क्रममा वर्णनात्मक र विवरणात्मक शोधविधि अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न छ परिच्छेदमा यसप्रकार विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

पहिलो परिच्छेदका रूपमा रहेको शोध परिचय अन्तर्गत बिषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन तथा शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : देवराज पौडेलको जीवनी**

यस परिच्छेदमा देवराज पौडेलको जीवनी रहेको छ । यसमा पारिवारिक पृष्ठभूमि, वंश परम्परा, जन्म र जन्मस्थान, वसाइँ सराइँ बाल्यकाल, शिक्षा दीक्षा, बैवाहिक जीवन र  पारिवारिक अवस्था,  आर्थिक अवस्था, शिक्षण पेशामा प्रवेश र शिक्षण कार्य,  शिक्षा पेशाबाट अवकाश, अविस्मरणीय क्षण, र साहित्यक क्षेत्रमा प्रवेश र कार्य पुस्तक तथा सम्मान, भ्रमण र निष्कर्ष शीर्षक रहेको छ ।

**परिच्छेद तीन : देवराज पौडेलको व्यक्तित्व  अध्ययन**

यस परिच्छेदमा देवराज पौडेलको बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वको अध्ययन प्रस्तुत गरिएको छ । यसमा पृष्ठभूमि, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व, साङ्गठनिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, चिन्तन, दर्शन र विचार र निर्ष्कष शीर्षक रहेको छ ।

**परिच्छेद चार : नेपाली साहित्यमा देवराज पौडेलको प्रवेश र साहित्ययात्रा**

यस परिच्छेदमा साहित्यमा देवराज पौडेलको  प्रवेश र साहित्ययात्रा प्रस्तुत गरिएको छ । यसमा प्रेरणा र प्रभाव, नेपाली साहित्यमा प्रवेश र कार्य, साहित्ययात्रा र निष्कर्ष रहेको छ ।

**परिच्छेद पाँच : देवराज पौडेलको कृतिको अधययन**

यस परिच्छेदमा देवराज पौडेलको कृतिको अध्ययन गरिएको छ । यसमा लोकसाहित्यको सिद्धान्त, लोकसाहित्यको परिचय र परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यको विशेषता, लोकसाहित्यको प्रयोजन, लोकसाहित्यको महत्त्व, लोकसाहित्यको वर्गीकरण, कृतित्वको अध्ययनको पृष्ठभूमि, **पाटे बाघको संरक्षण**

**गरौँ** नाटकको अध्ययन, **छोरा र छोरीमा फरक किन ?** कृतिको अध्ययन, **छैन विश्वास भाइमाराको** कृतिको अध्ययन, **टी.एन प्रधानको उदय र अन्त्य** कृतिको अध्ययन, **गैँडा जोगाऔँ** कृतिको अध्ययन, **किताब बदलियो प्रवृति बदलिएन** कृतिको अध्ययन, **खुला दिसामुक्त क्षेत्र बनाउ** कृतिको अध्ययन, देवराज पौडेलका अप्रकाशित रचनाहरूको सूची शीर्षक रहेको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदमा गरिएका अध्ययनको सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । यस शोधपत्रमा उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी साहित्यकार देवराज पौडेलको जीवनी व्यक्तित्व एवं कृतित्वको अध्ययन र निष्कर्ष दिइएको छ । अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्ट समावेश गरेर शोधकार्यलाई पूर्णता दिइएको छ ।

# परिच्छेद : दुई
# साहित्यकार देवराज पौडेलको जीवनी

# परिच्छेद : दुई
# साहित्यकार देवराज पौडेलको जीवनी

## २.१ पृष्ठभूमि

जीवनभरको काम कुराका क्रमबद्ध विवरण वा कथनलाई जीवनी भनिन्छ (शर्मा नेपाल, २०५८ : ५१९) । जीवनमा घटेका अनेकौ घटनाका शृङ्खलाहरूले कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवनमा उकाली ओराली पार गर्ने क्रममा सुखद वा दुःखद घटनाहरूको भोगाइमा नै हरेक व्यक्तिले आ-आफ्नो जीवनको जीवनयात्रा पूरा गरेको हुन्छ । मानिस मरणशील प्राणी भएकाले यही सत्यतालाई आत्मसात् गर्दै यस धर्तीमा जन्म लिएको हुन्छ । सबैले आ-आफ्नो जीवन चक्र पूरा गरी यस धर्तीबाट बिदा लिएका हुन्छन् । जीवन जिउने क्रममा कोही सार्थक जीवन जिउने गर्छन् भने कोही निरर्थक जीवन जिउने गर्दछन् । सार्थक जीवन जिउने मानिसहरू विशिष्ट कहलिएका हुन्छन् । यस्ता मानिसहरू आफ्नो जीवनकालको अन्त्यपछि पनि स्मरणयोग्य, प्रेरणादायी र अनुकरणीय बनेका हुन्छन् । यिनै प्रेरक व्यक्तिमध्ये एक रहेको देवराज पौडेलको जीवनीका विविध पाटाहरूको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## २.२ वंश परम्परा

जब कुनै व्यक्तिको बारेमा चर्चा गरिन्छ तब त्यस व्यक्तिको वंश वा पुर्खाको बारेमा थोरै भएपनि जानकारी हुनु आवश्यक देखिन्छ । वंशका हिसावले देवराज पौडेल पौडेल वंशका हुन् । पौडेल वंश पहिले भारतको उत्तर पश्चिम कास्मिरबाट आएको जानकारी पाइन्छ । पहिले खसहरूको बसोबास भएको ठाउँलाई  खस र घरलाई मिर भनिन्थ्यो (प्रकाशकः आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति, २०६० : १५) खसमिरलाई खस्मिर भनियो पछि अपभ्रंस हुँदै कास्मिर हुन गएको भन्ने भनाइ पाइन्छ । त्यही खसमिरमा बस्ने खस जाति गडबाल क्षेत्रको पौडी भन्ने ठाउँमा आएर बसोबास गरे । त्यहाँबाट पूर्व लाग्दै गर्दा पौडी हुँदा हुदै पौडेल हुन गएको पाइन्छ । सुदूर पश्चिमको झुलाघाट तर्दै वैतडी डोटी आछाम हुँदै गुल्मी बाग्लुङ सर्दै कास्कीको सल्यानमा आएर बसेका पौडेल वंशका देवराज पौडेलका पुर्खा रामचन्द्र पौडेल हुन् । रामचन्द्र पौडेलका छोरा

कलाधर र कलाधर पौडेलका तीन भाइ छोरा (पद्मलाल पौडेल, माधव पौडेल र भानुभक्त पौडेल) जन्मिए । भानुभक्त पौडेलका भूमिनन्द पौडेल, रविन्द्र पौडेल र विष्णुहरि पौडेल गरी तीन भाइ छोरा भए । भूमिनन्द पौडेलका  ८ भाइ छोरामध्ये छैटौं छोराका रूपमा देवराज पौडेलको  जन्म भएको हो । (शोधनायकसँग गरिएको कुराकानीबाट प्राप्त जानकारी)

## २.३ जन्म र जन्मस्थान

कास्की जिल्लाको सुन्दर तथा अति शिक्षित गाउँ हंसपुरमा पिता भूमिनन्द पौडेल र माता सन्तु पौडेलका कोखबाट छैठौँ सन्तानका रूपमा वि.स २०११ असार १५ गते देवराज पौडेलको जन्म भएको हो (शोधनायकसँग गरिएको कुराकानीबाट प्राप्त जानकारीअनुसार) ।

## २.४ बसाइँ-सराइ

कास्की जिल्लाको हंसपुरमा वि.सं २०११ असारमा जन्मिएका देवराज पौडेल आफ्नो बाल्यकालको १५ वर्ष हंसपुरमा नै विताए । त्यसपछि वि.स २०२६ सालमा बसाइँ सराइ भएर चितवन जिल्लाको पटिहानी गा.वि.स वार्ड नं ६ गङ्गानगरमा बसोवास गर्दै आएका छन् (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारीअनुसार) ।

## २.५ बाल्यकाल

पिता भूमिनन्द पौडेल र माता सन्तु पौडेलका छैठौं सन्तानका रूपमा जन्मेका देवराजको बाल्यकाल दुःखमा नै बितेको पाइन्छ । उनी पाँच वर्षको उमेरमा धातुको बिरामी भए । पत्थरी जमेकाले पिसाब रोकियो र गोर्खाकालीकादेखि बाग्लुङ कालीकासम्मका देवीदेवतालाई भाकल गरेर पूजा पञ्चवली गर्दा पनि सञ्चो नभएपछि २०१६ सालमा गण्डकी अस्पताल पोखरामा अप्रेशन गरी पत्थरी निकालेपछि सञ्चो भएको पाइन्छ । आफूलाई कलिलो उमेरमा कुनै देवीदेवताले सञ्चो बनाउन नसकेर डाक्टरले सञ्चो बनाएपछि वास्तवमा सच्चा देवता भनेका डाक्टर रहेछन् भन्ने छाप उनमा परेको पाइन्छ ।

देवराजको ११ वर्षको उमेरमा व्रतवन्ध (चूडाकर्म) भई १२ वर्षको उमेरबाटै आमाको काखबाट छुट्टिएर बस्न परेको देखिन्छ । सोही उमेरदेखि उनलाई घर गोठको धन्दा, गाउँवेशी उकालीओराली घाँसपात मेला-पात सबै गर्न परेको छ । हालको जस्तो विजुली बत्ती थिएन । घरको काम सकेपछि मात्र दियो (डिविया) बालेर पढ्न पर्थ्यो । बिहान-बेलुका घाँस काट्ने र दिउँसो विद्यालय गएर पढ्नु पर्थ्यो । यसरी देवराज पौडेलको बाल्यकाल दुःखमा नै बितेको पाइन्छ ।

## २.६ शिक्षा-दीक्षा

एउटा बालक शिक्षित हुनुको पछाडि उचित पारिवारिक वातावरणको ठूलो भूमिका रहेको हुन्छ । देवराज पनि शिक्षित र सभ्य परिवारमा जन्मिएका व्यक्ति हुन् । प्रारम्भिक शिक्षा माझ गाउँका गुरू वृहस्पति न्यौपानेका घरबाट सुरु गरेका पौडेलले ६-७ वर्षको उमेरमा गुरूको घरमा नै गई अनौपचारिक शिक्षा लिएको पाइन्छ । जुन समयमा गुरूको घरमा काठको पाटीमा मसिनो माटो छरेर त्यसैमा छेस्काले क ख रा लेखेर पढाइँदो रहेछ । यसैगरी उनले बाह्रखरी पढेपछि हंसपुरकै गैरा पोखरी प्राथमिक विद्यालयमा २०२२ साल फागुन १२ गते कक्षा १ मा भर्ना भएको पाइन्छ । जहाँ भएको अर्धवार्षिक परीक्षामा प्रथम भएपछि उनलाई कक्षा २ मा भर्ना गरियो । त्यहाँ पनि वार्षिक परीक्षामा दोस्रो भई कक्षा ३ मा भर्ना गरियो । यसपछि ३ र ४ कक्षा भने पुरै वर्ष पढेको पाइन्छ ।

२०२३ सालमा रामकोटमा अरूणोदय हाइस्कुल स्थापना भएको थियो । त्यस समयमा विद्यालय अध्ययन गर्ने विद्यार्थी कम हुने भएकाले चार कक्षाबाट प्रथम श्रेणीमा पास हुनेलाई कक्षा ६ मा भर्ना गरिएको थियो । कक्षा ६ मा जाने विद्यार्थीहरूमध्ये देवराज पौडेल पनि एक थिए । रामकोट हाईस्कुलबाट कक्षा ६ र ७ पूरा गरी चितवनको पटिहानी ७ ब्रह्मपुरीमा बसाइँ सरेर हाईस्कुलमा कक्षा ८ नपढी कक्षा नौ (९) मा भर्ना भई कक्षा ९ र १० पढेका थिए । त्यतिबेला पुँजीवादी शिक्षा बहिष्कारको नारा आयो । त्यस नाराले सङ्घर्षशील युवालाई छोयो भने अर्कोनारा अङ्ग्रेजी बेलायती साम्राज्यवादको भाषा हो भन्ने पनि चर्चा आयो र पौडेलले एस.एल.सी. को ठाँउमा ने.रा.वि (नेपाल राष्ट्रिय विद्यापिठ) दिएका थिए । ने.रा.वि.को जाँच दिँदा अङ्ग्रेजी विषयको परीक्षा नदिए पनि हुन्थ्यो । वि.सं. २०२९ सालमा ने.रा.वि पास भएका थिए । त्यसपछि भने उनको औपचारिक शिक्षा अन्त्य भएको पाइन्छ ।

## २.७ वैवाहिक जीवन र पारिवारिक अवस्था

हिन्दु सामाजिक परम्परा अनुसार देवराज पौडेलको विवाह वि.स २०२९ साल फागुन १२ गते १९ वर्षको उमेरमा चितवनको गङ्गानगर निवासी देवीप्रसाद सापकोटा र विष्णुमाया सापकोटाकी एक मात्र सुपुत्री शान्ता सापकोटाका साथ सु-सम्पन्न भएको हो (शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार) । एक अर्कामा वैवाहिक र प्रणय सूत्रमा बाँधिए तापनि ती दम्पती लगभग एक वर्षमात्र सँगसँगै बसेका थिए ।

२०३० सालमा देवराज जागिरको सिलसिलामा हरिनगर रा.प्रा.वि. माडी कल्याणपुर गए । श्रीमान् आफूबाट टाढा रहँदा वा बिछोड हुदाँका दिनहरूमा पनि शान्तालाई कुनै दुःखको अनुभव गर्नु परेको थिएन (शोधनायककी श्रीमतीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार) । सामान्य साक्षर नारी, सरल मृदुभाषी, शान्त, कोमल हृदय, सहयोगी भावना र पतिपरायणजस्ता अमूल्य गुणले भरिपूर्ण शान्ताले पतिसँगको बिछोडमा जीवनलाई सम्हालेर अप्ठ्यारो परिस्थितिमा पनि कुशल ढङ्गले घरको काम सञ्चालन गर्दै असल बुहारीको भूमिका निर्वाह गरेकी थिइन् (शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार) । देवराज ३ वर्षको जागिरे जीवन पश्चात् गृह गाउँमा नै जागिर गर्दै आफ्नी श्रीमतीसँग बस्दै आए ।

आफ्नै घरमा बसोबास गर्दै आएका देवराज र शान्ताको २०३५ सालमा जेठो छोरा अनिल, २०३८ सालमा छोरी अनिता, २०४२ सालमा कान्छो छोरा सुशिल जन्मेका हुन् । जेठो छोराकी एक छोरी, छोरी अनिताकी एक छोरा, एक छोरी र कान्छा छोराको विवाह भएको छैन । यसरी अहिले उनी तीन नाति नातिनाको हजुरबुबा भएका छन् ।

पौडेलका जेठा छोरा अनिलराज पौडेल अमर जनशक्ति क्याम्पस र गङ्गानगर मा.वि पटिहानीमा लेखा शिक्षक पदमा रहेर आफ्ना एक छोरी र श्रीमती सहित गङ्गानगरमा बसोवास गर्दै आएका छन् । कान्छा छोरा सिभिल इन्जिनियर भएर दाङमा काम गर्छन् भने एक मात्र छोरी अनिता भरतपुर-७ मा व्यापार गर्दै आफ्ना परिवारका साथमा बसेकी छिन् । यसरी हेर्दा उनी आफ्नो परिवारबाट पूर्ण सन्तुष्ट देखिन्छन् ।

## २.८ आर्थिक अवस्था

देवराजको पारिवारिक एवम् आर्थिक पृष्ठभूमि हेर्दा मध्यम वर्गीय रहेको देखिन्छ । उनको पुर्ख्यौली सम्पति ८५ रोपनी जग्गा थियो र पिताजी पुरेत्याइँ पनि गर्नुहुन्थ्यो । हंसपुरमा ढुङ्गाले बारेको र खरले छाएको तीनतले घर थियो । माइली आमाको सन्तान नभएकाले दाजु टेकनाथ र देवराजलाई माइली आमाले छोरा बनाएर पालेकी थिइन् । २०२६ सालमा माइली आमाले ४ विघा जग्गा किनेपछि उनी आमासँगै चितवनमा नै आएर बस्न थाले । अंशबन्डा हुँदा सम्पूर्ण जग्गा दुई भाइलाई अंशवण्डा लगाउँदा २ विघा देवराजको नाउँमा परेको थियो । दुःख-सुख गरी घर व्यवहार चलाउने आधार नै त्यही खेतीपाती

थियो । वि.स २०३० पछि भने उनको जागिरे जीवन सुरु भएको थियो । गृह जिल्लाबाट नै अध्यापन कार्य सुरु गरेका पौडेल विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने, सामाजिक कार्यक्रमहरूमा अग्रसर हुने, कतिपय ठाउँमा स्वयंसेवकका रूपमा काम गर्ने तथा लोभलालसामा नफस्ने इमान्दारिताले गर्दा उनले प्रशस्त सम्पत्ति कमाउन सकेनन् । आफूले असल कार्य गरेर कमाएको नाम वा त्यसबाट आएको आम्दानीबाट नै उनी सन्तुष्ट रहेका छन् । देवराजको वर्तमान आर्थिक अवस्थालाई हेर्दा चल सम्पतिको मुख्य आयस्रोत भन्नु नै लामो समय शिक्षण कार्य गरेवापत प्राप्त हुने मासिक चौध हजार रूपैयाँ निवृत्तिभरण र सम्पत्तिको रूपमा गङ्गानगर, पटिहानीको दुई बिघा जग्गा र दुई तले घर रहेको छ ।

## २.९ शिक्षण पेसामा प्रवेश र शिक्षण कार्य

देवराज पौडेलको प्रमुख पेसा शिक्षण कार्य हो । उनले ने.रा.वि बाट एस.एल.सी उत्तीर्ण गरेपछि वि.स २०३० सालबाट शिक्षण सेवामा प्रवेश गरेको पाइन्छ । पौडेलले वि.स २०३० देखि २०६९ सम्म विभिन्न विद्यालयमा रहेर करिब ३९ वर्ष काम गरेको पाइन्छ । उनले अध्यापन गरेको विद्यालयहरू यसप्रकार छन् :

### २.९.१ रा.प्रा.वि. हरिनगर, माडी, कल्याणपुर

देवराजले वि.स २०३० सालमा रा.प्रा.वि हरिनगर, माडी, कल्याणपुरबाट आफ्नो शिक्षण सेवा आरम्भ गरेको देखिन्छ । त्यहीँ अध्यापन गराउदा उक्त विद्यालयको भवन ज्यादै जीर्ण भएकाले उनकै अगुवाइमा विद्यालयको पक्की भवन वनाउन सुरु गरिएको पाइन्छ । त्यस भवनको निर्माण कार्य पुरा नहुँदै सरुवा भएर अर्के विद्यालय गए । यहाँ उनले ६ महिना मात्र सेवा गरेको देखिन्छ ।

### २.९.२ रा.प्रा.वि. भैरवपुर, गर्दी

रा.प्रा.वि हरिनगरबाट सरुवा भएर देवराजले २०३० सालमा रा.प्रा.वि भैरवपुर गर्दीमा शिक्षण सेवा सुरु गरे । त्यस विद्यालयमा उनले आफ्नै अगुवाइमा रुख काट्ने, ईट्टा पार्ने,पोल्ने लगायतका काम गरी पक्की भवन निर्माण गर्न ठूलो योगदान पुऱ्याएको देखिन्छ । हाल उक्त विद्यालय नि.मा.वि भएको छ । उनले २ वर्ष यस विद्यालयमा काम गरेपछि त्यहाँबाट सरुवा भई रा.प्रा.वि रत्नपुर बनकट्टा गएको पाइन्छ ।

### २.९.३ रा.प्रा.वि रत्नपुर, वनकट्टा

देवराज वि.स २०३२ सालमा भैरवपुर गर्दीबाट रा.प्रा.वि रत्नपुर वनकट्टामा शिक्षण सेवामा लागि सरुवा भए । उनी प्रवेश गर्दा त्यस विद्यालयको भवन बाढीले बगाएर भत्किएको अवस्थामा थियो । उनको सक्रियतामा सोमेश्वर वनबाट काठ काट्ने, फर्निचर बनाउने, भवन निर्माण गर्ने जस्ता कार्यहरू भए । उक्त विद्यालयमा सात महिना काम गरेपछि रा.प्रा.वि हनुमाननगर शिवनगरमा सरुवा भएको पाइन्छ ।

### २.९.४ रा.प्रा.वि हनुमाननगर, शिवनगर

वि.स २०३३ फागुनमा देवराज रत्नपुर वनकट्टाबाट हनुमाननगर सरुवा भई शिक्षण सेवा गर्न थाले । यसभन्दा अगाडि भने डेरामा बसेर शिक्षण सेवा गरेका पौडेल यहाँ आइसकेपछि आफ्नै निवास गङ्गानगर बसेर शिक्षण सेवा गर्न थालेका हुन् । हनुमान नगरको विद्यालय भवन बनाउनु पर्ने रहेछ तर आर्थिक स्रोत केही नभएकाले वि.स २०३४ सालको तिहारमा चौसी भैलो खेलेर केही रकम जम्मा गर्ने निर्णय भयो । देवराज एउटा संस्कृतिकर्मी पनि भएकाले गीत गाउन ज्यादै सिपालु थिए । उनकै अगुवाइमा सांस्कृतिक कार्यक्रम गरियो र आर्थिक सहयोग जम्मा गर्ने काम भयो । उक्त विद्यालयको भवनको नक्सा समेत पौडेलले नै कोरेका थिए । यस विद्यालयमा लगभग २ वर्ष सेवा गरी उनी २०३५ मा रा.प्रा.वि ब्रह्मपुरीमा सरुवा भए ।

### २.९.५ रा.प्रा.वि ब्रह्मपुरी, पटिहानी

वि.स २०३५ सालमा देवराज रा.प्रा.वि ब्रह्मपुरीमा सरुवा भई शिक्षण सेवा कार्य गर्न थाले । उनी प्रवेश गर्दा त्यस विद्यालयको भवन ज्यादै जीर्ण अवस्थामा थियो । स्कुल भवन निर्माण गर्नको लागि किसानहरूबाट बिघट्टी उठाउन थालिएको थियो । त्यसका लागि अर्थ सङ्कलन गर्ने कामको जिम्मेवारी देवराज पौडेलले लिए । यसबाट उठेको रकमबाट त्यहाँ ६ कोठे पक्की भवन बनाइएको थियो र वि.स २०३७ मा यस विद्यालयमा प्रा.वि बाट नि.मा.वि सम्म कक्षा सञ्चालन सुरु भएको थियो । लगभग ३ वर्षको सेवापछि उनी नि.मा.वि गङ्गानगरमा सरुवा भएका थिए ।

### २.९.६ नि.मा.वि. गङ्गानगर

देवराज वि.स २०३८ मा रा.प्रा.वि ब्रह्मपुरी पटिहानीबाट सरुवा भई नि.मा.वि गङ्गानगर आए । उनी त्यस विद्यालयमा आउँदा विद्यालयको आर्थिक आयस्रोत कम भएकाले भवन निर्माण गर्न, फर्निचर तयार गर्न, ३ जना शिक्षक र एक पियनलाई ६ महिना देखिको तलव खुवाउन ज्यादै समस्या परेको थियो । देवराज लोकगीतको पारखी थिए । त्यसैले सञ्चालक समितिले उनको अगुवाइमा लोकगीत गाएर रकम सङ्कलन गर्ने र सोही रकमले शिक्षकलाई तलव दिने तथा विद्यालयको भवन र फर्निचर निर्माण गर्ने निर्णय गऱ्यो । त्यसै अनुरूप रकम सङ्कलन गर्ने कार्य गरियो । सोही रकमले भवन निर्माण, फर्निचर निर्माण र शिक्षकलाई तलब खुवाइएको थियो । हाल उक्त विद्यालयमा माध्यमिक तह सञ्चालन भएको छ ।

शिक्षक देवराजले आफू एस.एल.सी. मात्र पास गरेको भए पनि उनको मिहिनेत र लगनशीलताका कारण उनले कक्षा नौमा अध्यापन गरेका देखिन्छ भने केही समय कक्षा १० मा पनि अध्यापन गरेको पाइन्छ ।

## २.१० शिक्षण पेसाबाट अवकाश

शिक्षक देवराज पौडेल ४० वर्षसम्मको लामो अवधिसम्म अध्यापन कार्य गरेर वि.सं. २०६९ देखि शिक्षण पेसाबाट अवकाश लिएर बसेका छन्  तापनि उनी निरन्तर साहित्यिक एवम् सामाजिक क्षेत्रमा सक्रिय देखिन्छन् । नेपाल राष्ट्रिय शिक्षक सङ्गठन चितवनको जिल्ला कमिटिमा पनि आबद्ध रहेका देखिन्छन् ।

## २.११ साहित्यमा प्रवेश र कार्य

सानै उमेरदेखि गीत कविता लेख्न सुरु गरेका देवराज पौडेललाई कविता, गीत जस्ता रचना लेखेर ठूलो मान्छे भइन्छ र समाजको आदर्श पात्र बन्न सकिन्छ भनेर सर्वप्रथम साहित्यप्रति रुचि जगाइदिने काम आफ्नी माइली आमाबाट भएको पाइन्छ । गुरूबाट प्रेरणा पाएर १३ वर्षको हुँदादेखि गीत लेखन सुरु गरेका पौडेलले २०३१ सालमा **किसान** पत्रिकामा प्रकाशित *रिउखोला पारीको त्यो ठूलो वन* नै प्रथम प्रकाशित रचना हो । उनले हालसम्म २७ वटा पुस्तकहरू प्रकाशित गरिसकेका छन् भने अझै थुप्रै लेख रचनाहरू विविध कारणले प्रकाशन हुन सकेका छैनन् ।

## २.१२ पुरस्कार तथा सम्मान

मूलतः भाषा, साहित्य, कला, संस्कृति, ज्ञान-विज्ञान एवम् प्राविधिक क्षेत्र सिङ्गो राष्ट्रलाई जीवन्त तुल्याउने धरोहर बनेका हुन्छन् । राष्ट्र निर्माण अभियानको बहुपक्षीय शृङ्खलाहरूमा समतापूर्ण योगदान पुऱ्याउने प्रेरणदायी पक्षहरूमध्ये पुरस्कार सामग्रीतत्त्व अति महत्त्वपूर्ण साधन भएको छ । यिनै प्रेरणादायी पुरस्कार साधनद्वारा नै समाजमा रहेका समाजसेवीहरूले मानवीय विकास पक्षमा दिनानुदिन एक एक ईट्टा थप्दै जाने प्रयास गरेका हुन्छन् (मिश्र, २०५० : ३३) । विभिन्न क्षेत्रमा योगदान पुऱ्याएबापत कदरस्वरूप कुनै व्यक्ति वा संस्थालाई थप प्रेरणा तथा प्रोत्साहन दिन भौतिक तथा भावनामूलक सौजन्य नै सामान्य अर्थमा पुरस्कार हो । देवराज पौडेलले पनि आफ्नो साहित्यिक यात्रामा कलिलो उमेरदेखि नै समर्पित भएका थिए र हालसम्म पनि उनी हृदयदेखि नै लागेको देखिन्छ । उनले गरेको साहित्यिक योगदान तथा विभिन्न सङ्घ-संस्थामा रही सेवा गरेवापत उनलाई विभिन्न सम्मान तथा पुरस्कारले विभूषित गरिएको छ । यसरी देवराज पौडेलले चितवनमा रहेर साहित्यिक योगदान गरेबापत हालसम्म प्राप्त गरेका पुरस्कार र सम्मानहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | दातृ सङ्घ-संस्था | पुरस्कार तथा सम्मान | मिति |
|---|---|---|---|
| १. | नि.मा.वि. गङ्गानगर, पटिहानी, चितवन | नगदसहित सम्मान-पत्र | २०४१ |
| २. | छैटौं राष्ट्रिय जु.रे.स. गोष्ठीमा सहभागी | प्रमाण-पत्र | २०४२ |
| ३. | नेपाल मा.वि., रत्नगर (जु.रे.स. कार्यक्रम) | प्रमाण-पत्र | २०४३ |
| ४. | दोस्रो अञ्चल स्तरीय सरसफाई प्रशिक्षण कार्यक्रम | प्रमाण-पत्र | २०४३ |
| ५. | सोमेश्वर मा.वि., बरुवा, माडी (जि.रे.कार्यक्रम) | प्रमाण-पत्र | २०४५ |
| ६. | नेपाल राष्ट्रिय प्राथमिक शिक्षक सङ्घ, चितवन | प्रमाण-पत्र | २०४६ |
| ७. | जानकी मा.वि. मेघौली (जु.रे.स. कार्यक्रम) | प्रमाण-पत्र | २०४६ |
| ८. | प्रेमवस्ती मा.वि., प्रेमवस्ती (जि.रे. कार्यक्रम) | प्रमाण-पत्र | २०४८ |
| ९. | साहित्य सङ्गम चितवन (कविता प्रतियोगिता) | द्वितीय | २०४९ |
| १०. | जिल्ला शिक्षा समिति, चितवन | नगद सहित सम्मान-पत्र | २०४९ |
| ११. | स्रोतकेन्द्र गीतानगर स्तरीय शै.सा. प्रतियोगिता | प्रथम | २०६० |

| | | | |
|---|---|---|---|
| १२. | अमर उ.मा.वि., पटिहानी, चितवन | सम्मान-पत्र | २०६० |
| १३. | गीतानगर स्रोतकेन्द्र, गीतानगर, चितवन | सम्मान-पत्र | २०६१ |
| १४. | नेपाल कम्युनिष्ट पार्टी एमाले गाउँ कमिटी, पटिहानी | समान-पत्र | २०६१ |
| १५. | माइती नेपाल, चितवन | प्रमाण-पत्र | २०६१ |
| १६. | पटिहानी सामुदायिक पुस्तकालय, पदमपोखरी | प्रमाण-पत्र | २०६१ |
| १७. | अमर उ.मा.वि. तथा रा.प्रा.वि., धनौजी (लोकगीत प्रतियोगिता) | प्रथम | २०६१ |
| १८. | चितवन जिल्ला स्तरीय शै.सा. निर्माण प्रतियोगिता | प्रथम | २०६२ |
| १९. | मध्यमाञ्चल स्तरीय शैक्षिक सामग्री निर्माण प्रतियोगिता | द्वितीय | २०६२ |
| २०. | नेपाल रेडक्रस सोसाइटी, चितवन | सम्मान-पत्र | २०६३ |
| २१. | मा.वि. गङ्गानगर, पटिहानी, चितवन | सम्मान-पत्र | २०६४ |
| २२. | जिल्ला शिक्षा कार्यालय, चितवन | सम्मान-पत्र | २०६४ |
| २३. | साहित्य सङ्गम चितवन | प्रमाण-पत्र | २०६४ |
| २४. | बिसहजारी ताल संरक्षण अभियान (गीत प्रतियोगिता) | प्रथम | २०६६ |
| २५. | चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवन | सम्मान-पत्र | २०६७ |
| २६. | मा.वि. ढड्डाघारी, मंगलपुर | सम्मान-पत्र | २०६७ |
| २७. | मनकामना बचत तथा ऋण सहकारी संस्था लि., पटिहानी | सम्मान-पत्र | २०६७ |
| २८. | नि.मा.वि. सुन्दरबस्ती, चितवन | सम्मान-पत्र | २०६८ |
| २९. | जिल्ला शिक्षा कार्यालय, भरतपुर, चितवन | सम्मान-पत्र | २०६९ |
| ३०. | नेपाल शिक्षक युनियन, जि.क., चितवन | अभिनन्दन-पत्र | २०७० |
| ३१. | चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति | सम्मान-पत्र | २०७० |
| ३२. | नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, चितवन | प्रमाण-पत्र | २०७० |
| ३३. | अनेरास्ववियु मा.वि. गङ्गानगर, पटिहानी | सम्मान-पत्र | २०७० |
| ३४. | सरस्वती उ.मा.वि., दुनै, डोल्पा | सम्मान-पत्र | २०७२ |

यसरी देवराजले विभिन्न क्षेत्रबाट थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । उनलाई विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थाले विभिन्न समय र क्षेत्रहरूमा आयोजना गरेका साहित्यिक तथा शैक्षिक कार्यक्रमहरूमा कहीँ निर्णायक, कहीँ अतिथि, कहीँ विशिष्ट अतिथि तथा प्रमुख अतिथिको रूपमा आमन्त्रित गरेर सम्मान गरेको पाइन्छ ।

## २.१३ भ्रमण

देवराज पौडेलले ६२ वसन्त पार गरिसक्दा स्वदेश र भारतका धैरै ठाउँमा भ्रमण गरी सकेको पाइन्छ । भ्रमणका क्रममा नेपालका प्रायः सबै जसो ठूला सहरहरू जस्तैः काठमाडौं, महेन्द्रनगर धनगढी, पोखरा, विराटनगर आदि ठाउँ गइसकेको पाइन्छ । उनी भ्रमणका क्रममा प्राकृतिक दृश्यहरू उद्योगधन्दा र विशेष गरेर पुरातात्त्विक दृश्यहरू, र विश्वसम्पदाका सूचीमा परेका वस्तुहरू हेर्न रुचाउँछन् । अन्नपूर्ण हिमाल क्षेत्रमा रहेका होमस्टे र स्वागतद्वार तथा सुर्खेतको काँक्रेबिहार डाँडामा रहेको इनारको अवलोकनबाट लेखक ज्यादै आकर्षित भएको पाइन्छ । भारत भ्रमणका क्रममा दाजीलिङ, सिक्किम, नैनीताल जस्ता ठाउँहरूमा पुगेको पाइन्छ ।

## २.१४ अविस्मरणीय क्षण

मानिसका जीवनमा कहिलेकाही यस्ता घटना घटेका हुन्छन् जुन घटना उसको मानसपटलमा चिरस्थायी बनेर रहेका हुन्छन । देवराजको जीवनमा पनि केही यस्ता अविस्मरणीय घटना रहेका छन् ती हुन् :

### २.१४.१ रमाइला क्षण

देवराज पौडेल गङ्गानगर स्कुलमा मा.वि. को सामाजिक शिक्षा अध्यापन गराउने लगनशील र कर्तव्यनिष्ठ शिक्षक हुन् ।  वि.स २०६७ मा जिल्ला शिक्षा कार्यालयमा मध्यमाञ्चल स्तरीय शैक्षिक सामग्री प्रतियोगिता भएको थियो । त्यस प्रतियोगितामा चितवन दोस्रो भएको थियो । चितवनबाट दोस्रो हुनेमा देवराज नै थिए । यसबाट चितवनका जि.शि.अ, वि.नि लगायतका सबै कर्मचारी अति खुसी भएका थिए र तपाईंले चितवनको इज्जत राख्नुभयो सर भन्दै देवराजलाई सबैले बधाई दिएका रहेछन् । त्यतिबेला जि.सि.अ गोपालकृष्ण पौडेलले उनको अफिसमा देवराजलाई बोलाएका रहेछन् र पौडेल अफिसमा पुगेपछि जि.शि.अले बधाइ भन्दै हात मिलाउन खोजेछन् तर उनले जि.शि.अ सँग हात मिलाउन अल्लि असजिलो मानेका रहेछन् । जि.शि.अ.ले तपाईंका यी पौरखी हातसँग हात मिलाउन खोजेको अप्ठेरो नमान्नोस् एउटा प्रा.वि तहको पाको शिक्षकले चितवनको इज्जत राखेकोमा म आभारी छु भनेका थिए । यो क्षण नै देवराजको जीवनमा ज्यादै रमाइलो क्षण रहेको पाइन्छ ।

### २.१४.२ दुःखद घटना

जीवन हाँसो र आँसु मिली बनेको हुन्छ । देवराजको जीवनमा पनि खुसीको क्षणसँगै दुःखद क्षण पनि बारम्बार आएको देखिन्छ । वि.स २०६२ सालको घटना उनको जीवनमा दुःखद बनेको थियो

वि.स २०६२ सालमा देवराजकी आमा (माइली आमा जसले बाल्य अवस्थाबाटै उनलाई लिएर बस्नुभयो र बकस पनि दिनुभयो) देवघाटमा बस्नुहुन्थ्यो । देवघाटका पण्डितले "आफूसँग भएको अन्न भाँडाहरू सबै दान दिएर केही पनि नखाएर निराहार हुँदै मृत्यु हुने मानिस सिधै स्वर्गमा जान्छ । त्यो भन्दा ठूलो धर्म केही पनि हुँदैन" भनेछन् । आमा चिनुमाया पौडेलले श्रीपञ्चमीका दिन देवघाटमा पूजा गरेर त्यहाँ भएको चामल घिउ भाँडाकुडा सबै पण्डितलाई दान दिनुभएछ र निराहार तपस्या गर्नु भएछ । सात दिनपछि मात्र जेठो छोरा टेकनाथ पौडेललाई खवर पठाउनु भएछ र अरू कसैलाई पनि नभनिदिनु किनभने मेरो तपस्या भङ्ग हुन्छ भनेपछि भाइ देवराजलाई पनि उनले अन्न त्यागेको १२ दिनपछि मात्र थाहा दिएछन् । आमाले भाइ देवराजलाई मैले तेरा सबै इच्छा पुरा गरिदिए मेरो एउटा मात्र इच्छा जुन निराहार देह त्याग्ने इच्छा छ यो पुरा गरिदे भन्नु भएछ । देवराजले आमालाई यी नाना थरीका कुरा सिकाउने पण्डितलाई कानुनी कारवाही गर्छु भनेछन् तर उनका दाजुले आमा ८१ वर्ष हुनुभयो अव आमालाई उहाँको इच्छा पुरा गर्न दिनुपर्छ भनेछन् र अन्त्यमा २९ दिनको निराहार व्रतपछि आमाले देह त्याग गर्नु भएछ । यो घटना नै उनको जीवको सबैभन्दा दुःखद क्षण रहेको देखिन्छ ।

## २.१५ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनयात्रामा घटेका घटनाहरूको सिलसिलाबद्ध प्रस्तुति नै उसको जीवनी बनेको हुन्छ । महान् बिचार भएका व्यत्तिले जुनसुकै क्षेत्रबाट पनि समाज तथा राष्ट्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट योगदान दिइरहेका हुन्छन् । कुनै पनि व्यक्तिको जीवनीमा उनीहरूको योगदानको कदर गर्दै उक्त व्यक्तिका जीवनका विविध पाटाहरूलाई केलाउने काम गरिन्छ । यस शोधपत्रमा देवराज पौडेलको जन्मदेखि हालसम्मको सडक्षिप्त वृतान्त प्रस्तुत् गरिएको छ ।

जीवनको चारदशक लामो समय शिक्षण पेशामा समर्पित भएका देवराजले इमान्दार शिक्षक एवम् लोकगायक बनेर विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुर्धानका लागि अनेक सङ्घर्ष गदै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । २०३० सालदेखि अध्यापन क्षेत्रमा

लागेका देवराजले वि.सं. २०६९ फागुनसम्म सेवा गरेका देखिन्छ ।

हालसम्म कुनै दीर्घ रोग नलागेका पौडेल फुर्सदको समयमा विभिन्न सङ्घ संस्थामा सक्रिय देखिन्छन् । उमेरले ६२ वसन्त पार गरिसकेका भए तापनि लोकगीत गायनको क्षेत्रमा अझै पनि उक्तिकै समय दिइरहेका छन् । अनुकूल स्वास्थ्य र मध्यम आयस्तर भएका पौडेल एक कुशल स्रष्टाका रूपमा पाइन्छ । विद्यार्थीकाल देखि नै साहित्यमा अभिरुचि राखेका देवराजले थुप्रै पुस्तक तथा पत्रपत्रिकाहरूमा फुटकर कविता, लोकगीत, तीजका गीत, नाटक, खोज र अन्य लेख रचनाहरू प्रकाशित गरिसकेका छन् भने विभिन्न नाटकहरूलाई सि.डी.मा पनि प्रकाशन गरिसकेका छन् । नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी व्यक्तित्व, शिक्षाको क्षेत्रमा कुशल शिक्षक र लोकसाहित्यको क्षेत्रमा एक प्रखर गायक बनी सेवा गर्दै आएका देवराज पौडेल समयसमयमा विभिन्न मानसम्मान तथा पुरस्कारहरूबाट विभुषित भएका छन् । ४० वर्ष लामो अवधिसम्म शिक्षण पेशामा लागेर हाल अवकाशमा बसे तापनि सामाजिक, राजनीतिक र साहित्यिक क्षेत्रमा उनको संलग्नता पाइन्छ ।

# परिच्छेद : तीन

# देवराज पौडेलको व्यक्तित्व

# परिच्छेद : तीन

# देवराज पौडेलको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिमा हुने निजी विशेषता वा गुणलाई व्यक्तित्व भनिन्छ । (शर्मा नेपाल, २०५८ : १२३१) व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ (भट्टराई, २०६२ : २४) । हरेक व्यक्तिमा क्षमता, प्रतिमा, कार्यक्षेत्र वा चरित्रमा पृथकता पाइने हुनाले व्यक्तिको निजीपनका आधारमा उसको व्यक्तित्वका पाटाहरूलाई नियाल्नु पर्ने हुन्छ (पौडेल, २०६५ : २३) समाजमा परिचित वा प्रतिष्ठित गराउने गुण विशेष नै वास्तवमा व्यक्तित्व हो (दवाडी, २०५९ : २२) । कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नको लागि उसको जीवनका विविध परिस्थितिमा भोगेका सुख-दुःखका उकाली-ओरालीहरू र बाँचेको सामाजिक वातावरण र सिकेका अनुभवहरूलाई पनि बुझ्नु पर्ने हुन्छ । यसैका आधारमा मानिसले सम्वन्धित क्षेत्रमा विशिष्टता प्राप्त गरेको हुन्छ । एउटै व्यक्तिको विभिन्न क्षेत्रमा संलग्नता रहेको पाइन्छ । यी क्षेत्रहरू व्यक्तिका विविध पाटाहरू हुन् भने मूल रूपमा व्यक्तिको प्रतिभा, रुचि, क्षेत्र र उसको लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्त्वहरू बनेका हुन्छन् ।

जुनसुकै व्यक्तिको पनि आन्तरिक र बाह्य दुवै किसिमको व्यक्तित्व रहेको हुन्छ । यी दुवै व्यक्तित्वले नै उसको मूलभूत व्यक्तित्वको रूप लिएको हन्छ । व्यक्तिको आन्तरिक व्यक्तित्व उसको आन्तरिक क्षमताबाट बनेको हुन्छ । कुनै पनि व्यक्तिले खास क्षेत्रमा मात्र विशिष्टता हासिल गरे तापनि ऊ अनेकौं व्यक्तित्वको धनी रहेको हुन्छ । यस्ता व्यक्तिहरू नै विशिष्ट व्यक्ति कहलाएका हुन्छन् । यिनै विशिष्ट व्यक्तिहरूमध्ये देवराज पौडेल पनि एक हुन् । यहाँ उनकै व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व हो । जो बाहिरबाट हेर्दा स्पष्ट रूपमा देख्न सकिन्छ । बाहिरबाट झट्ट हेर्दा दुब्लो पातलो देखिने देवराज पौडेल पाँच फिट छ इन्च उचाई, अन्ठाउनन्न (५८) किलो तौल, तेजिला आँखा, टम्म मिलेका दाँत, तिल

चामले कपाल, गहुँगोरो वर्ण, सुलुक्क परेको नाक, चौडा निधार र गम्भीर प्रकारको मुहार नै उनको बाह्य व्यक्तित्व हो (शोधनायकको बाह्य अवलोकनबाट प्राप्त जानकारीअनुसार) । उनको जिउडाल देख्दा दुव्लो पातलो छ तर पनि उनी हालसम्म कुनै रोगबाट पनि सङ्क्रमित नभएकाले पूर्ण स्वस्थ्य जीवन बिताइरहेका छन् (शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार) ।

अत्यन्त हक्की र सरल स्वभाव, भट्ट हेर्दा हँसिला देखिने, कोमल हृदयका धनी, निष्कपट, इमान्दार तथा कर्तव्यनिष्ठ व्यवहारले देवराजको व्यक्तित्व प्रभावशाली रहेको छ । दुब्लो पातलो शरीर, तडक-भडक नभएका सफा लुगा लगाउन मन पराउने, गम्भीर अनुहार तथा स्वच्छ व्यवहारले उनको व्यक्तित्वलाई थप शिखरमा पुऱ्याएको छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुनाले उसको व्यक्तित्व निर्माण गर्ने आधार पनि समाज नै रहेको हुन्छ । जब कुनै व्यक्ति जन्मन्छ, ऊ हुर्के बढेको वातावरणबाट उसले प्रशस्त तिता-मिठा ज्ञान तथा अनुभवहरू सँगालेको हुन्छ । यिनै ज्ञान, घटना र अनुभवबाट नै उसको व्यक्तित्व निर्माणमा सहयोग पुगेको हुन्छ । कुनै पनि व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक पृष्ठभूमि तथा शिक्षादीक्षा जस्ता कुराले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । देवराज पौडेलको समग्र व्यक्तित्वको आधारशीलाका रूपमा पनि उनको जन्मे-हुर्केको परिवेश, शिक्षा-दीक्षा, सामाजिक, आर्थिक अवस्थालाई लिन सकिन्छ । यहाँ साहित्यकार देवराज पौडेलको योगदानका विविध क्षेत्रका आधारमा उनको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत् गर्न सकिन्छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यकार देवराज पौडेल नेपाली साहित्य क्षेत्रमा चार दशकभन्दा लामो समय समर्पित हुँदै आएका छन् । उनको साहित्यप्रति रुचि विद्यार्थी कालदेखि नै हुने गरेको पाइन्छ । स्कुले जीवनमा उनले विभिन्न गीतहरू रचेर साथीभाइलाई सुनाउने र कहिलेकाहीँ साहित्यिक प्रतियोगितामा भाग लिने गरेको पाइन्छ । उनका रचनामा समाजका संस्कृति, घटना परिघटनालाई कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । उनका रचनामा जनताका

मन, मुटु छुने खालका सामाजिक यर्थाथवादी, जीवनपयोगी, मानवीय मूल्य र भावको चित्रण पाइन्छ । म्याक्सिम गोर्की, मोदनाथ प्रश्रित, कविता पौडेल, तथा लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूबाट प्रभावित पौडेलका रचनाहरूमा क्रान्तिकारिता, व्यङ्ग्य-विद्रोह, कारुणिक भाव र प्राकृतिक चित्रणको प्रखर अभिव्यक्ति रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । उनले विभिन्न पत्रपत्रिकाहरूमा आफ्नो गीत, कविता, नाटक गरी २७ वटा पुस्तकहरू प्रकाशित गराइसकेका छन् भने अन्य थुप्रै अप्रकाशित पुस्तकहरू पनि रहेका छन् । वि.सं २०३१ सालमा **किसान** पत्रिकामा प्रकाशित *रिउ खोला पारी त्यो ठूलो वन* शीर्षकको तीजको गीत नै उनको पहिलो प्रकाशित रचना हो । त्यसपछि उनले लोकसाहित्यको क्षेत्रमा निरन्तर कलम चलाएको पाइन्छ । **सुकुम्वासीको व्यथा** (२०४०), **क्रान्तिकारी आवाज** (२०४०), **कालमार्क्सको जीवनी** (२०५२), **छोरा र छोरीमा फरक किन ?** (२०५४) जस्ता डेढदर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित गरिसकेका र अन्य थुप्रै अप्रकाशित पुस्तकबाट नेपाली साहित्यको पद्य विधामा विशेष योगदान पुऱ्याएको पाइन्छ । २०६५ सालको **गैडा जोगाऔं** नामक नाटक पहिलो प्रकाशित नाटक हो । नाट्य विधामा पनि **पाटेबाघको संरक्षण गरौ** (२०६९) जस्ता आधा दर्जन नाटकका पुस्तकहरू प्रकाशित गरेका छन् भने श्रव्य-दृश्य अन्तर्गत आधा दर्जन नाटकहरू र अन्य खोजमूलक कृतिहरूमा गरेको योगदान र उनका बारेमा विभिन्न पत्रपत्रिकाले लिइएको अन्तर्वार्ता, विभिन्न साहित्यकारहरूले उनका बारेमा उल्लेख गरेका दृष्टिकोणले पनि नेपाली साहित्यको फाँटमा उनलाई चर्चित बनाएको पाइन्छ ।

### ३.३.१.१ गीतकार व्यक्तित्व

साहित्यकार देवराज पौडेलले लोकगीतको क्षेत्रमा सशक्त रूपमा कलम चलाएको पाइन्छ । उनमा गीत लेख्ने कला सानै उमेरदेखि रहेको देखिन्छ । थुप्रै गीतहरू लेख्ने र गाउने कार्य सानै उमेरबाट गरेका पौडेलको तीजका गीत, भजन, चुड्का र लोकगीत क्षेत्रमा कलम चलाएको देखिन्छ । उनको २०३१ सालमा **किसान** पत्रिकामा प्रकाशित *रिउखोला पारीको त्यो ठूलो वन* नामको तीजको गीत नै प्रथम प्रकाशित गीत हो । पौडेलका गीतहरू समसामायिक, राजनैतिक क्रान्तिकारी र समाजमा भएका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमनका विरुद्ध लेखिएका पाइन्छन् । आफू शिक्षण पेशामा लागे तापनि साहित्य लेखन कार्यमा पनि निरन्तर अगाडि बढिरहेका पौडेलले लोकगीत, तिजको

गीत, चुड्का भजन जस्ता डेढ दर्जन जति पुस्तक प्रकाशित गरिसकेका छन् भने स-साना लेख-रचनाहरू भने थुप्रै पत्रपत्रिकाहरूमा प्रकाशित गरिसकेका छन् ।

### ३.३.१.२ नाटककार व्यक्तित्व

साहित्यकार देवराज पौडेलले नेपाली नाटकको क्षेत्रमा पनि विशिष्ट योगदान पुऱ्याएका छन् । उनका आधा दर्जन जति नाटक प्रकाशित छन् । उनका नाटकहरूमा सामाजिक परिवर्तनको अपेक्षा राखेको पाइन्छ । **गैंडा जोगाऔं** (२०६५) **पाटेबाघको संरक्षण गरौं** (२०६७), **Save The Rhino** (2065), **Lets Conserve The Tiger** (2067) जस्ता नाटकले विश्व सम्पदासूचीमा रहेका यी र यस्ता दुर्लभ वन्यजन्तुको हामीले संरक्षण गर्नु पर्छ भन्ने सन्देश दिएका छन् भने **खुला दिशामुक्त क्षेत्र बनाऔं** (२०६६), **पाटेबाघको संरक्षण गरौं, पर्यटन वर्ष मनाऔं, पर्यटकको स्वागत गरौं, वन्यजन्तु सप्ताह मनाऔं** जस्ता सामाजिक अध्ययन कार्यक्रम भाग १ र २ सि.डी.मा पनि निकालिएको पाइन्छ ।

### ३.३.१.३ लोकगीतकार व्यक्तित्व

साहित्यकार देवराज पौडेल मूलत: गीतकारको रूपमा स्थापित हुन पुगेका छन् । उनले गीति विधामा पनि तीजको गीत, लोकगीत भजन र चुड्का भजन लेख्ने गर्दछन् भने विशेष गरेर लोकगीतमा बढी सफल देखिन्छन् । सानै उमेरदेखि उनी लोकगीत लेख्ने साथीहरूलाई सुनाउने गर्दथे भने विभिन्न प्रतियोगितामा पनि भाग लिने गर्दथे । वि.स २०४० सालमा प्रकाशित **सुकुम्वासीको व्यथा** पुस्तक नै पहिलो प्रकाशित लोकगीत सङ्ग्रह हो । २०५२ सालमा प्रकाशित **कालमार्क्सको जीवनी**मा आधारित भएर लेखिएको लोकगीत हो । त्यस्तै **छोरा र छोरीमा फरक किन ?** नामको लोकगीत वि.स २०५४ सालमा प्रकाशित भएको पाइन्छ । वि.सं २०५४ मा प्रकाशित **छैन विश्वास भाइमाराको** नामक लोकगीतको पुस्तक रहेको पाइन्छ । वि.सं २०६० मा प्रकाशित **दीवाकर भुसालप्रति श्रद्धान्जली** अर्को लोकगीतको पुस्तक हो । वि.सं २०६२ मा प्रकाशित **वनजङ्गल जोगाउ** नामको पुस्तक एक जनचेतनामूलक लोकगीत रहेको छ । वि.स २०६३ मा **आजैबाट हामी काम थालौं** नामको लोकगीतको पुस्तक प्रकाशित भएको छ । वि.सं २०६४ मा **सूर्यमै भोट हालौं** नामको लोकगीतको पुस्तक प्रकाशित भएको पाइन्छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

देवराज पौडेलका साहित्येतर व्यक्तित्वलाई यसरी अध्ययन गर्न सकिन्छ :

#### ३.३.२.१ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व

जीवनको किशोरावस्थादेखि नै शोषित, पीडित र श्रमजीवी नेपाली जनताका हक, हित र मूल्य मान्यताका लागि सङ्घर्ष गर्दै आएका पौडेलले विभिन्न सङ्घ संस्थामा आवद्ध भएर काम गरेको देखिन्छ । वि.सं. २०३९ देखि २०६९ सम्म मा.वि गङ्गानगरमा सास्कृतिक विभाग प्रमुख भएर काम गरेका थिए । वि.सं. २०६७ देखि २०७० सम्म स्थानीय पाठ्यक्रम निमार्ण समितिमा सल्लाहकार सदस्यका रूपमा रहेको देखिन्छ । वि.सं. २०६९ देखि हालसम्म नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको सल्लाहकार सदस्यका रूपमा रहेको पाइन्छ । निवृत्त शिक्षक समाज चितवनको र नेपाल राष्ट्रिय शिक्षक सङ्गठन चितवनको आजीवन सदस्य भई निरन्तर सल्लाहकारका रूपमा रहेको पाइन्छ । विं.स. २०३९ देखि वि.सं. २०५५ सम्म जु.रे.स.मा.वि गङ्गानगरको शिक्षक नायक पदमा रही कार्य गरेको पाइन्छ । प्रगतिशील लेखक सङ्घ चितवनको सदस्य र साहित्य सङ्गम चितवनको आजीवन सदस्य रहेका पौडेल वि.सं. २०३१ देखि २०३७ सम्म **किसान** पत्रिकाको सम्पादक पदमा रही कार्य गरेको देखिन्छ । वि.सं. २०५२ देखि विं.स. २०६९ सम्म जनसांस्कृतिक महासङ्घ चितवनको सदस्य र निरन्तर सल्लाहकारको रूपमा रही कार्य गरेको पाइन्छ । वि.सं. २०५२ देखि वि.स. २०६९ सम्म जनसांस्कृतिक महासङ्घ चितवनको अध्यक्ष पदमा रही कार्य गरेको पाइन्छ । वि.सं. २०६६ देखि हालसम्म जन जागरण अभियान पटिहानीको अध्यक्ष पदमा रही कार्य गरेको पाइन्छ । वि.सं. २०६५ देखि २०७० सम्म पद्मज्योति उपभोक्ता समूह पटिहानीको अध्यक्ष पदमा रही कार्य गरेको पाइन्छ । वि.स. २०५५ देखि हालसम्म बेलसहर मध्यवर्ती सामुदायिक वन पटिहानीको सल्लाहकार सदस्यको रूपमा रही कार्य गरेको पाइन्छ (शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार) ।

यसरी साहित्यकार देवराज पौडेलले विभिन्न साङ्गठनिक र साहित्यिक सङ्घ संस्थाहरूसँग आवद्ध भई साहित्यको अतिरिक्त सामाजिक सेवा पनि गर्दै आएको देखिन्छ । सामाजिक व्यक्तित्वको रूपमा हेर्दा पौडेलले विभिन्न ठाउँका विद्यालय मठ-मन्दिरहरूको निर्माण गर्न ठूलो सहयोग गरेको देखिन्छ । मूलतः शिक्षा क्षेत्रमा नै सम्पूर्ण जीवन अर्पण गरेकाले उनको सामाजिक व्यक्तित्व शिक्षा प्रेमी रहेको पाइन्छ ।

### ३.३.२.२ राजनीतिक व्यक्तित्व

देवराज पोडेल राजनीतिक व्यक्तित्वका रूपमा पनि परिचित रहेका छन् । विद्यार्थी जीवनबाटै राजनीतितर्फ झुकाव राख्दै आएका देवराज पौडेल वि.स. २०२५ सालदेखि नै वामपन्थी राजनीतिमा लागेको पाइन्छ । वि.स. २०२५ सालमा अनेरास्ववियू (कास्की हंसपुर) मा संलग्न भएका थिए । चितवनमा आएपछि पनि उनले त्यसलाई निरन्तरता दिइरहेको पाइन्छ । वि.स. २०२८ सालमा कमरेड रोहित र पुष्पलाल पनि सँगै रहेको तत्कालीन ने.क पा.को सदस्य हुँदै ने.क.पा एकता केन्द्रमा संलग्न भए । विद्यार्थी जीवनबाटै विद्यार्थी हक, हित तथा देशमा विद्यमान पञ्चायती शासन व्यवस्थाका विरुद्ध लागेका पौडेल वि.स. २०३३ सालबाट पार्टी जिल्ला समितिमा रहिरहेको पाइन्छ । वि.स. २०५२ मा नेकपा एमालेमा प्रवेश गरी जिल्ला कमिटिका सदस्यका रूपमा २०६० सम्म रहेको पाइन्छ भने त्यसपछि हालसम्म निरन्तर जिल्ला सल्लाहकार समितिमा रही कार्य गर्दै आएका छन् । यिनै तथ्यहरूको आधारमा हेर्दा देवराज पौडेल एक असल राजनीतिक व्यक्तित्वका रूपमा देखिन्छन् ।

## ३.४ चिन्तन, दर्शन र विचार

देवराज पौडेल मुख्य सामाजिक विषयको शिक्षक तथा साहित्यिक क्षेत्रमा योगदान दिने महत्त्वपूर्ण व्यक्तित्व हुन् । विभिन्न सङ्घ संस्था साथै सामाजिक कार्यमा दिएको योगदानले उनलाई आर्दश व्यक्तित्वको रूपमा स्थापित गराएको छ । उनी राजनीतिमा मार्क्सवाद, साहित्यमा प्रगतिवादी, यर्थाथवादी दृष्टिकोण रहेको व्यक्तिका रूपमा पाइन्छ ।

देवराजमा म्याक्सिम गोर्कीको **आमा**, कविता पौडेलको **काँडाघारीको यात्रा,** मोदनाथ प्रश्रितको **देवासुर संग्राम, नारी बन्धन र मुक्ति** र लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** जस्ता कृतिको अध्ययनबाट यथार्थताको प्रस्तुत गरेको कुरामा बढी छाप परेको ठान्दछन् यस्ता कृति समाजलाई रूपान्तरण गर्ने खालका छन् भन्दछन् ।

धर्म भनेको मान्छेलाई अनुशासनमा राख्न बनाइएको कानुन हो । यो समय सापेक्ष परिर्वन हुनुपर्दछ भन्ने उनको भनाइ रहेको पाइन्छ भने सङ्घर्षका कुरा, शासन व्यवस्थाका कुराहरूमा बढी रुचि राखेको पाइन्छ । राजनीतिमा मदन भण्डारीका विचारलाई उत्तम ठानेका 'देवराजले' यस्तो विचार राखेका छन् :

“नेताले जनताको मन जित्न सक्नुपर्छ । देशको लागि त्याग गर्न सक्नुपर्छ । नेता नेतृत्व, कार्यकर्ताको काम, जनताको संघर्ष देशको नाम हुनुपर्दछ ।”

साहित्यप्रति उनको कस्तो धारणा रहेको छ भन्ने साहित्य जनताले मन पराएको हुनुपर्छ, जनताको भावना, जनभाषा र यर्थाथ कुरा आउनु पर्दछ ।

यसरी धर्मलाई अनुसासनको पाठ सिकाउने नियमका रूपमा लिएका देवराजले मार्क्सवादी दृष्टिकोण बोकेका छन् भने नेताहरूले देश र जनताको लागि त्याग गर्नुभन्दा कुर्सीको होडबाजीमा लागेको र जनताको चाहनालाई कुठाराघात गरेकोमा चिन्तित बनेका छन् । साहित्यको रसमा चुर्लुम्म डुवेका पौडेल यर्थाथवादी, प्रगतिवादी दृष्टिकोणका साथै साहित्यमा वर्तमान बोल्नुपर्छ भन्ने धारणा राखेका छन् ।

## ३.५ निष्कर्ष

देवराज पौडेलको जीवनका विविध पाटाहरूलाई केलाउँदा उनको जीवनी बैसट्ठी वसन्तहरूको प्राप्ति र उपलब्धिहरू सङ्घर्षपूर्ण एवम् महत्त्वपूर्ण रहेको देखिन्छ । उनको बाह्य व्यक्तित्व हेर्दा जति आर्कषक देखिन्छ; आन्तरिक व्यक्तित्वका रूपमा पनि त्यतिकै बहुमुखी प्रतिभा सम्पन्न देखिन्छ । उनको साहित्यिक व्यक्तित्वका रूपमा नाटककार व्यक्तित्व, गीतकार व्यक्तित्व प्रमुख हुन् । यस्तै गरी साहित्यकार व्यक्तित्वमा सांगठनिक व्यक्तित्व, सामाजिक व्यक्तित्व प्रमुख छन् ।

# परिच्छेद : चार

# नेपाली साहित्यमा देवराज पौडेलको प्रवेश र साहित्ययात्रा

**परिच्छेद : चार**

# नेपाली साहित्यमा देवराज पौडेलको प्रवेश र साहित्ययात्रा

## ४.१ प्रेरणा र प्रभाव

मनिसलाई हरेक क्षेत्रमा अगाडि बढ्न, असल व्यक्ति बन्न अभिभावक तथा गुरूहरूको कुशल मार्गदर्शन तथा प्रेरणाको आवश्यकता पर्छ । प्रेरणाले नै व्यक्तिमा अन्तर्निहित क्षमताको विकास गर्न सहयोग पुऱ्याएको हुन्छ । देवराजको जीवनमा पनि विभिन्न व्यक्तिहरूको प्रेरणा र प्रभाव रहेको पाइन्छ । जसले गर्दा उनी आफ्नो जीवनकालमा असल व्यक्तिका रूपमा परिचित हुन पुगेका छन् । आफ्नी आमाले दिएको हौसलाले उनको अध्ययन कार्यमा रुचि बढ्दै गएको जानकारी पाइन्छ । पिता पण्डित भएकाले छोराछोरी शिक्षित हुनुपर्छ भन्ने धारणले गर्दा देवराजलाई पनि अध्ययनमा लगाएका थिए । एघार वर्षको उमेरमा औपचारिक अध्ययन सुरु गरेका पौडेलले अध्ययनलाई बाध्यता नभई रहर महसूस गरेका थिए । उनी सानैबाट तीक्ष्ण बुद्धिका भएकाले अध्ययनलाई उनले तीव्र गतिमा अगाडि बढाएको पाइन्छ । आफ्नी माइली आमाको प्रेरणबाट अध्ययनमा रुचि बढ्नका साथै साहित्य लेखनतर्फ पनि प्रेरणा पाएको हो भन्ने उनको भनाइ रहेको छ ।

विभिन्न गीतहरू रचेर साहित्य गोष्ठी तथा कार्यक्रमहरूमा गीत गाउने पौडेल गीति क्षेत्रमा लाग्न भने आफ्ना मामा वालचन्द्र, माईली आमा तथा अन्य साथीहरूबाट प्रेरणा र प्रभाव मिलेको बताउँछन् । साहित्यकार म्याक्सिम गोर्की, कविता पौडेल, मोदनाथ प्रश्रित तथा लक्ष्मीप्रसाद देवकोटाको कृतिको गहिरो अध्ययन गरेका पौडेल यिनै साहित्यकारहरूका कृतिबाट प्रभावित भएर लेखन कार्यमा थप उर्जा मिलेको बताउँछन् ।

## ४.२ नेपाली साहित्यमा प्रवेश र कार्य

कास्कीको हंसपुरको प्राकृतिक रमणीयतालाई आफ्नो साहित्यिक उर्जा ठान्ने देवराजले वाल्यकालदेखि नै साहित्यिक लेखन तर्फ कलम चलाएको पाइन्छ । विशेष गरेर लोकगीत विधामा कलम चलाउन सुरु गरेका देवराजले नाटक, खोज उपन्यास जस्ता अन्य विधामा पनि कलम चलाएका छन् । ४/ ५ वर्षको उमेरदेखि नै लोकगीत गाउन थालेका पौडेलको २०२४ सालतिर १३ वर्षको उमेरमा लिखित **चुनावको गीत** पहिलो लिखित गीत

हो तर यो गीत प्रकाशन हुन सकेन । विद्यार्थी अवस्थामा थुप्रै लोकगीतहरू लेखी कार्यक्रममा सहभागी भए तापनि २०३० सालमा **किसान** पत्रिकामा प्रकाशित *रिउ खोला पारीको त्यो ठूलो वन* शीर्षकको तीज गीत नै उनको प्रथम प्रकाशित रचना हो । उनका फुटकर गीत कविता विभिन्न साहित्यिक पत्रपत्रिकामा कान्छा कुमार, दीनबन्धु, मित्र गाउँले नामले प्रकाशित भएका छन् । वि.सं. २०४० सालमा प्रकाशित **सुकुम्वासीको व्यथा** लोकगीतको पुस्तक नै उनको प्रथम प्रकाशित पुस्तक हो । वि.सं २०४० सालदेखि हालसम्म उनका प्रकाशित पुस्तकहरू यसप्रकार छन् :

**देवराज पौडेलका प्रकाशित पुस्तकहरू**

| क.सं. | पुस्तकको नाम | कुन नामबाट प्रकाशित | विधा | प्रकाशित मिति |
|---|---|---|---|---|
| १ | सुकुम्वासीको व्यथा | दीनबन्धु | लोकगीत | २०४० |
| २ | क्रान्तिकारी आवाज | दीनबन्धु | गीत | २०४० |
| ३ | निर्मम हत्या र चर्चित घटना | दीनबन्धु | तीजको गीत | २०५१ |
| ४ | जनताको आवाज | दीनबन्धु | तीजको गीत | २०५१ |
| ५ | कार्ल मार्क्सको जीवनी | दीनबन्धु | लोकगीत | २०५२ |
| ६ | शुभकामना | दीनबन्धु | तीजको गीत | २०५३ |
| ७ | मन्त्री थुनिए सांसद बिक्री भए | दीनबन्धु | तीजको गीत | २०५४ |
| ८ | छोरा र छोरीमा फरक किन ? | दीनबन्धु | लोकगीत | २०५४ |
| ९.. | छैन विश्वास भाइमाराको | दीनबन्धु | लोकगीत | २०५४ |
| १० | टी.एन.प्रधानको उदय र अन्त्य | दीनबन्धु | तीजको गीत | २०५६ |
| ११ | दरवार ध्वस्त : घरवार अस्तवस्त | दीनबन्धु | तीजको गीत | २०५९ |
| १२ | बाडी आ'को छ सङ्कट काल लाको छ | दीनबन्धु | तीजको गीत | २०५९ |
| १३. | गम्भीर लापरवाहीका केही उदाहरण | देवराज | खोज | २०५८ |
| १४. | दीवाकार भुसालप्रति | दीनबन्धु | लोकगीत | २०६० |

| | | | | |
|---|---|---|---|---|
| | श्रद्धाञ्जली | | (जीवनी) | |
| १५ | किताब बदलियो प्रवृत्ति बदलिएन | देवराज पौडेल | खोज | २०६१ |
| १६ | वनजङ्गल जोगाउ | देवराज पौडेल | लोकगीत | २०६२ |
| १७ | गणतन्त्र जिन्दावाद | दीनबन्धु | चुट्का भजन | २०६३ |
| १८ | आजैबाट हामी काम थालौं | देवराज पौडेल | लोकगीत | २०६३ |
| १९ | सूर्य मै भोट हालौं | दीनबन्धु | लोकगीत | २०६४ |
| २० | गौडा जोगाऔं | देवराज पोडेल | नाटक | २०६५ |
| २१ | अभिलेख | देवराज पोडेल | – | २०६५ |
| २२ | खुल्ला दिसा मुक्त क्षेत्र बनाउँ | देवराज पोडेल | गीति नाटक | २०६६ |
| २३ | पाटे बाघको संरक्षण गरौं | देवराज पोडेल | नाटक | २०६७ |
| २४ | Save The Rhino | देवराज पोडेल | नाटक | २०६७ |
| २५ | Lets Conserve The Tiger | देवराज पोडेल | नाटक | २०६७ |
| २६ | पुनर्मिलन | देवराज पोडेल | नाटक | २०६९ |
| २७ | सामाजिक अध्ययन | देवराज पोडेल | खोज | २०७१ |

यसरी देवराज पौडेलले पुस्तकहरू प्रकाशन गर्नुको साथ साथै केही पुस्तकहरूलाई श्रव्य-दृश्य विधा अर्न्तगत सि.डी. मा पनि प्रकाशित गरेका छन् जुन यसप्रकार छन् :

**देवराज पौडेलका प्रकाशित श्रव्य-दृश्यहरू**

| क.सं. | प्रकाशित सि.डी. को शीर्षक | प्रकाशक तथा निर्देशक | प्रकाशन मिति |
|---|---|---|---|
| १ | गैडा जोगाऊँ | देवराज पौडेल | २०६५ |
| २ | खुल्ला दिसामुक्त क्षेत्र बनाऊँ | देवराज पौडेल | २०६६ |
| ३ | पाटे बाघको संरक्षण गरौं | देवराज पौडेल | २०६७ |
| ४ | पर्यटनको स्वागत  गरौं | देवराज पौडेल | २०६८ |
| ५ | सामाजिक अध्ययन | | |
| | कार्यहरू भाग - १ | देवराज पौडेल | |
| | भाग - २ | | २०६९ |
| ६ | वन्य जन्तु सप्ताह मनाऔं | देवराज पौडेल | २०६९ |

## ४.३ साहित्यिक यात्रा

वि.स. २०२४ सालदेखि गीत लेख्दै आएका पौडेल वि.स. २०३० सालको **किसान** पत्रिकामा प्रकाशित *रिउ खोलापारीको त्यो ठूलो वन* नामक तीजको गीतबाट औपचारिक लेखन यात्रा प्रारम्भ गरी निरन्तर यस क्षेत्रमा लागिरहेका छन् । आफ्नो चार दशक लामो साहित्य लेखन यात्रामा उनले दुई दर्जन भन्दा बढी पुस्तकहरू प्रकाशन गरे भने आधा दर्जन सि.डी. पनि प्रकाशित गरेका छन् र थुप्रै गीत कविता, खोजमूलक लेख आदिमा निरन्तर कला चलाई नेपाली साहित्यको उत्थान र विकासमा योगदान पुऱ्याएका छन् ।

विशेष गरी लोकगीत, नाटक र खोजमूलक लेखका क्षेत्रमा कलम चलाएका पौडेलका प्रकाशित पुस्तकमध्ये १० वटा लोकगीत, ७ वटा तीजको गीत, ६ वटा नाटक, ३ वटा खोजमूलक रहेको छ भने ७ वटा श्रब्य-दृश्य अर्न्तगतका सि.डी. रहेको छ । देवराज पौडेलको चार दशक लामो साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

क) पहिलो चरण (वि.सं. २०४० - २०५१ सम्म)

ख) दोस्रो चरण (वि.सं. २०५२ - २०६१ सम्म)

ग) तेस्रो चरण (वि.सं. २०६२ - २०७३ सम्म)

### क) पहिलो चरण (वि.सं. २०४० - वि.सं. २०५१ सम्म)

वि.सं. २०३० सालको **किसान** पत्रिकामा प्रकाशित *रिउ खोला पारीको त्यो ठूलो वन* नामको गीत प्रकाशन भएपछि नेपाली साहित्यमा देखा परेका देवराज पौडेल वि.सं. २०३९ सम्मको समयलाई आभ्यासिक काल मान्न सकिन्छ । वि.सं. २०४० सालमा प्रकाशित **सुकुम्वासीको व्यथा** नै उनको पहिलो प्रकाशित कृति हो ।

यस चरणमा उनका चारवटा कृतिहरू प्रकाशित भएका छन् । प्रथम चरणको पूर्वाधको समयमा **सुकुम्वासीको व्यथा** (२०४०) र **क्रान्तिकारी आवाज** (२०४०) प्रकाशित भएको पाइन्छ । सुकुम्वासीको व्यथामा निम्नवर्गीय शोषित, पीडित र काम गरी खाने वर्गप्रति सहानुभूतिको भाव झल्केको पाइन्छ । वि.स. २०४० मा प्रकाशित अर्को कृति क्रान्तिकारी आवाजमा नारी वेदना पीडा र व्यथाका भावहरू विद्रोहका रूपमा प्रस्तुत भएका छन् ।

यस चरणको उत्तरार्धमा दुईवटा कृतिहरू प्रकाशित भएका छन् भने वि.स. २०४१ देखि वि.स. २०५० सम्मको करिब एक दशक लामो समय प्रकाशनको दृष्टिले शून्य रहेको छ किनभने यस अवधिमा उनका कुनै पनि कृति प्रकाशित भएका छैनन् । वि.स. २०५१ सालमा **निर्मम हत्या र चर्चित घटना** र **जनताको आवाज** नामको दुई कृति प्रकाशन गरेर आफ्नो साहित्य यात्रालाई निरन्तरता दिएका छन् । पौडेलको **निर्मम हत्या र चर्चित घटना** कृतिमा उच्च वर्गले निम्नवर्ग माथि गरेको अन्याय र अत्याचार, समाजमा देखिएको विकृति र विसङ्गतिप्रति विरोध देखिन्छ भने **जनताको आवाज**मा समाजिक चेतना, स्वतन्त्रता प्राप्तिको चाहनालाई प्रस्तुत गरेका छन् ।

समग्रमा प्रथम चरणलाई हेर्दा निम्नवर्गीय शोषित पीडित र अन्यायमा परेका जनताको यर्थाथता चित्रण गर्नु, जनताका विद्रोहका स्वरहरू यर्थाथ रूपमा प्रस्तुत गर्नु मानवको अमानवीय प्रवृतिको चित्रण गर्नु यस चरणको मुख्य प्रवृति हो। पौडेलको प्रथम चरणका गीतहरूमा कला पक्षभन्दा पनि भाव पक्ष प्रवल भएको देखिन्छ ।

## ख) दोस्रो चरण (वि.स. २०५२–वि.स. २०६१)

यस अवधि देवराज पौडेलको लेखन र प्रकाशनका दृष्टिले उर्वर काल हो । यस चरणमा उनका विभिन्न विधामा एघार कृतिहरू प्रकाशन भएका छन् । **शुभकामना** (२०५३), **कार्ल मार्क्सको जीवनी** (२०५४), **मन्त्री थुनिए सांसद बिक्री भए** (२०५४), **छोराछोरीमा फरक किन ?** (२०५४), **छैन विश्वास भाइमाराको** (२०५४), **टी.एन. प्रधानको उदय र अन्त्य** (२०५६), **दरवार ध्वस्त : घरवार अस्तव्यस्त** (२०५९), **बाढी आको छ सङ्कटकाल लाको छ** (२०५९), **गम्भीर लापरबाहीका केही उदाहरण** (२०५८), **दिवाकर भूषालप्रति श्रद्धाञ्जली** (२०६०) र **किताब बदलियो प्रवृत्ति बदलिएन** (२०६१) यस चरणमा प्रकाशित कृतिहरू हुन् । उनका यस चरणका कृतिहरूमा २०४६ सालपछि आएको प्रजातन्त्रको पुर्नस्थापना पछि मुलुकमा आशातीत प्रगति हुन नसकेको कारण माओवादी द्वन्द्व सिर्जिएको, महङ्गी अभाव र भ्रष्टाचार बढेको, ठूलाबडा भनाउँदाहरूले भ्रष्टाचार गरेको र मानव जीवन झन् कष्टकर बन्दै गएको, राजनैतिक विकृति र विसङ्गति बढ्दै

गएको, लैङ्गिक असमानता देखिएको, नेपाली जनतामा प्राकृतिक प्रकोप र राजनैतिक अस्थिरता एकै साथ भोग्नुपरेको र शिक्षा क्षेत्रमा देखिएको लापरवाहीलाई गम्भीर रूपमा चित्रण गरिएका छन् ।

समग्रमा हेर्दा राजनैतिक विकृति र विसङ्गतिको चित्रण, लैङ्गिक असमानताको विरोध, नेपाली जनताले प्राकृतिक र कृतिम प्रकोप एकै साथ भोग्नुपरेको अवस्था, शैक्षिक क्षेत्रमा देखिएको लापरवाहीको चित्रण गर्नु नै यस चरणका प्रमुख प्रवृति हुन् ।

### ग) तेस्रो चरण (वि.स.२०६२ – वि.स.२०७३)

यस चरण देवराज पौडेलको लेखन र प्रकाशनका दृष्टिले हेर्दा उर्वर काल नै रहेको पाइन्छ । उनका १२ वटा कृति यस चरणमा प्रकाशित भएका छन् । **वनजङ्गल जोगाउँ** (२०६२), **गणतन्त्र जिन्दावाद** (२०६३), **आजैबाट हामी काम थालौं** (२०६३), **सूर्यमै भोट हालौं** (२०६४), **गैडा जोगाऔं** (२०६५), **अभिलेख** ( २०६५), **खुल्ला दिसामुक्त क्षेत्र बनाऊँ** (२०६६), **पाटेबाघको संरक्षण गरौं** (२०६७), **सेभ द राइनो (Save the Rhino)** (2067), लेट्स कन्जर्भ द टाइगर **(Lets Conserve the Tiger)** (2067), **पुनर्मिलन** (२०६९), **सामाजिक अध्ययनभित्रको अध्ययन** (२०७१) आदि यस चरणमा प्रकाशित कृतिहरू हुन् । वनजङ्गल र वातावरणको संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गर्नु, स्वावलम्वी बन्न प्रेरित गर्ने, गणतन्त्र प्राप्तिपछिको जनतामा छाएको खुसियालीको चित्रण गर्नु, लागुपदार्थ दुर्व्यसनले देखिएको विकृति र विसङ्गतिलाई मार्मिक ढङ्गले प्रस्तुत गर्नु र शैक्षिक गुणस्तर सुधार्न प्रयास गर्नु नै यस चरणका प्रमुख प्रवृत्ति रहेको छ ।

समग्रमा हेर्दा पौडेलका प्रथम चरणका कृतिहरूमा नारीमाथि गरिएका अन्याय अत्याचार, दमन र शोषणहरू, निम्नवर्गीय शोषित, पीडित र अन्यायमा परेका जनताको यथार्थ प्रस्तुत गरेका छन् । दोस्रो चरणमा राजनैतिक विकृति र विसङ्गतिका भाव लैङ्गिक असमानताको विरोध र शैक्षिक गुणस्तर सुधार्न तर्फ उन्मुख देखिन्छ भने तेस्रो चरणका कृतिहरूमा वातावरण र वनजङ्गलको संरक्षण विश्व दुर्लभ जीव जन्तुको संरक्षणमा केन्द्रित रहेको पाइन्छ । अघिल्ला चरणका तुलनामा भाषा शैलीमा परिष्कृत र परिमार्जित हुँदै आएको पाइन्छ ।

## ४.४ निष्कर्ष

वि.सं. २०३१ देखि साहित्य लेखनमा लागेका कवि देवराज पौडेलको करिव चार दशक लामो साहित्यिक यात्रा दिन प्रतिदिन प्रौढ र परिपक्व बन्दै अघि बढिरहेको छ । उनले साहित्य यात्राको चार दशक अवधिमा दुई दर्जन भन्दा बढी पुस्तकहरू र आधादर्जन जति श्रव्यदृश्य सि.डी. हरू प्रकाशित गरी आफ्नो साहित्य लेखनलाई विकसित र परिमार्जन गर्दै लगेका छन् । उनका रचनागत प्रवृत्तिको अध्ययन गर्दा उनका अघिल्ला रचनाहरूमा राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक आदि विविध विकृति र विसङ्गति एवम् नेताहरूमा देखिएको सत्ता र सुविधाभोगी प्रवृत्तिको विरोध र गरिब निमुखा जातिप्रतिको सहानुभूति एवं तत्कालीन सामाजिक परिवेशको यथार्थताको चित्रण पाइन्छ । यस कालका रचनामा भाषा र कला पक्षमा परिस्कृत र परिमार्जित हुँदै अघि बढेको पाइन्छ । यसका साथै उनका पछिल्ला चरणका प्रकाशित रचनाहरू वन्यजन्तु, वातावरण र वनजङ्गलको संरक्षण तर्फ केन्द्रित रहेको देखिन्छ भने शैक्षिक गुणस्तर सुधार्न पनि निकै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । समग्रमा वि.सं. २०३१ देखि साहित्यिक क्षेत्रमा साधनारत पौडेलको साहित्यिक योगदान निकै उच्च रहेको पाइन्छ ।

# परिच्छेद : पाँच

# देवराज पौडेलका कृतिको अध्ययन

## परिच्छेद : पाँच

# देवराज पौडेलका कृतिको अध्ययन

### ५.१ लोकसाहित्यको सिद्धान्त

### ५.१.१ लोकसाहित्यको परिचय र परिभाषा

लोकको साहित्यलाई लोकसाहित्य भनिन्छ । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य ज नसमुदाय वा लोकबाट गरिन्छ । जनसाधारणका बीचमा प्रचलित एवं लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायको जीवनका सुखदुखात्मक प्रत्येक पाटालाई छोएको हुन्छ । लोकसाहित्यका विभिन्न विधाहरूको सिर्जना प्राचीन कालदेखि हुँदै आए तापनि यसको अध्ययन-विश्लेषण धेरै पछिदेखि मात्र हुन थालेको हो ।

लोक र साहित्य शब्दको योगबाट लोकसाहित्य शब्द बनेको हो । अङ्ग्रेजीमा यसलाई Folk literature भनिन्छ । अङ्ग्रेजी Folk को समानार्थी लोक शब्दले सामान्य जनसमुदायको भन्ने अर्थ बुझाउँछ । Literature को समानार्थी साहित्य शब्दको व्युत्पत्ति सहित+यत् (य) बाट भएको हो । यसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव भन्ने हुन्छ । व्युत्पत्तिका आधारमा हि तगर्ने (सहित) अभिव्यक्ति पनि साहित्य हो र सौन्दर्यसहित (समेत) को अभिव्यक्ति पनि साहित्य हो । साहित्य शब्द लोकसँग जोडिँदा लोकको साहित्य भन्ने अर्थ दिन्छ ।

लोकसाहित्यका सम्वन्धमा विभिन्न विद्वान्हरूले गरेको परिभाषा यसप्रकार रहेको छ :

> द न्यू इन्साइक्लोपेडिया ब्रिटानिकाका अनुसार लोकसाहित्य भनेको मुख्यतः अपठित समुदायको मौखिक रुपमा व्यक्त लोकज्ञान हो । यस अन्तर्गत लोकसाहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू ( लोकगीत, लोकगाथा, लोकनाटक, पौराणिक एवं नीतिकथा, लोककथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन र सङ्कलन दुवै पर्छन् ।

जे.ए. कडनका अनुसार लोक साहित्य भनेको आदिम तथा अपठित समूदायको सिर्जना हो, त्यसैले यो अधिकांशः मौखिक परम्परासँग सम्बद्ध रहन्छ । लोकसाहित्य अन्तर्गत सामान्यतः लोकगीत, गाथा, परीकथा, नाटक, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र र दन्त्यकथा समाविष्ट हुन्छन् । खास अर्थमा यिनलाई सङ्कलित गरेर लिपिबद्ध गरेपछि मात्र लोक साहित्य हुन्छ ।

मार्टिन ग्रेका अनुसार लेख्य रुपबाट अप्रभावित रही मौखिक रुपमा हस्तान्तरण हुने परम्परित भनाईहरूलाई लोकसाहित्य भनिन्छ ।

के मोर्नर र आर् रसका अनुसार विद्वानहरूले सङ्कलन गरी लिपिबद्ध नगरुन्जेल एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रुपमै सर्दै जाने परम्परित गीत, दन्त्यकथा आदिलाई लोकसाहित्य भनिन्छ । (शर्मा र लुइटेल, २०६३ : १४-१५)

"लोकज्ञान वा लोक भावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत, कविता, लोककथा लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रूपमा अभिब्यक्त हुने मौखिक भाषिक संरचनालाई लोक सहित्य भनिन्छ" । सजिलो सरल र सभ्य भाषामा रचिएको मानव मुटुको स्पन्दनबाट प्रस्फुटित मिठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (आचार्य, २०६३ : ३०९) ।

## ५.१.२ लोकसाहित्यको स्वरूप

लोकसाहित्यको स्वरूप फरक फरक हुन्छ । यो लोक भावनामा आधारित हुने हुँदा लोकले अनुभव गरेका भोगेका, देखेका, सुनेका, जानेका, सिकेका र प्रत्यक्ष अनुभव गरेका यथार्थ अनुभूति र अनुभव आदि लोकज्ञान पाइन्छ । यो श्रुतिपरम्परामा जीवित रहँदै प्रत्येक पुस्ता-पुस्तामा हस्तान्तरण भई मौखिक परम्परामा रहन्छ । यसको लेखक अज्ञात हुन्छ । लोकसाहित्य कुनै व्यक्तिले सृजना गरेर एकबाट अर्को हस्तान्तरण हुँदै परम्परा अनुसार परिवर्तित हुन्छ जसले गर्दा लेखक अज्ञात नै रही मौखिक परम्परामा नै चल्दै आएको हुन्छ । यो लोकमानसबाट सृजित हुने भएकाले पठित र अपठितहरू दुवैबाट सृजना भएको हुन्छ (शर्मा र लुइटेल, २०६३ : १५-१७) ।

### ५.१.३ लोकसाहित्यको विशेषता

लोकसाहित्यमा आफ्नै विशेषता रहेको पाइन्छ । अलिखित भएर पनि यो शिक्षित र अशिक्षित सम्पूर्णको लोक जीवनमा चुर्लुम्म डुवेको पाइन्छ । लिखित साहित्यमा भन्दा व्यापक क्षेत्र ओगटेर मौखिक परम्परागत नै जीवित रहनु यसको आफ्नो मौलिक विशेषता हो । लोकसाहित्यमा लोकले गरेका अनुभव र अनुभूति रहने हुँदा लोकज्ञान प्रशस्त पाइन्छ । लोकज्ञान पाइनु यसको अर्को निजी विशेषता हो । विभिन्न किसिमका सुख-दुःख, थकाइ, दिग्दारी मेटाउन गाइने गीत र चाडपर्व जस्ता सामाजिक यथार्थलाई विषयवस्तु बनाई समुदायभित्रै सामूहिक मनोरञ्जनात्मक रूपमा गाइने हुँदा सामाजिक यथार्थता, सामूहिकता र मनोरञ्जनात्मकता पाइनु लोकसाहित्यका विशेषता हुन् (शर्मा र लुइटेल, २०६३ : १७-१९) ।

### ५.१.४ लोकसाहित्यको प्रयोजन

कुनै पनि वस्तु, विषय र कृतिको निश्चित उद्देश्य राखेर निर्माण तथा रचना गरिन्छ । यस्तै उद्देश्य वा प्रयोजन लिएर लोकसाहित्य पनि लोकमानसले मनोरञ्जनका लागि सृजना गरिएको हो । यो सर्वसाधारण मानिसलाई विशुद्ध मनोरञ्जन दिनको साथ साथै शिक्षा वा उपदेश पनि दिने खालको हुन्छ । यसको माध्यमबाट समाजमा शिक्षा र उपदेश फैलाई लोकलाई व्यवहारिक, नैतिक, धार्मिक तथा जीवनपयोगी कुराहरू सिकाउने उद्देश्य राखेको पाइन्छ । लोकसाहित्यले लोकमा रहेका सबैको हित वा भलो हुने तथ्य कुरालाई अँगालेको हुन्छ । यसले समाजमा सत्यको सधैँ विजय भएको देखाउँछ । यसले समाजको यथार्थ दर्पण वा छायाँलाई उतारेको हुन्छ । समाजको वास्तविक यथार्थलाई उतारेर र लोकवासीलाई सजग र सचेत गराउनु यसको मूल उद्देश्य रहेको पाइन्छ (शर्मा र लुइटेल, २०६३ : २०) ।

### ५.१.५ लोकसाहित्यको महत्त्व

लोकसाहित्यको आफ्नै महत्त्व रहेको छ । लोकसाहित्यले समाजमा भएका लोकवासीका रीतिस्थिति चालचलन व्यवहार सांस्कृतिक यथार्थको सफल चित्रण गरी एक पुस्ताबाट अर्को पुस्तासम्म पुऱ्याउन महत्त्वपूर्ण धार्मिक स्थान, प्रमुख सहरबजार लगायत छिमेकी मुलुकको भौगोलिक स्थानहरूको समेत जानकरी गराउन लोकसाहित्यले महत्त्वपूर्ण

भूमिका खेलेको हुन्छ । यसको अध्ययनबाट प्राचीन कालदेखि वर्तमान सम्मको समाजको धार्मिक मूल्य, मान्यता र नीति नियमका कुराहरू थाहा पाइने हुँदा लोक साहित्यको धार्मिक र नैतिक महत्त्व समेत रहेको पाइन्छ । लिखित साहित्यको प्रमुख आधार भनेको लोकसाहित्य नै हो । लोकमानसमा मौखिक, अलिखित र लिखित रूपमा प्रचलित साहित्यबाट नै लिखित साहित्यको जन्म भएको हो (शर्मा र लुइटेल, २०६३ : २२-२३) ।

## ५.१.६ लोकसाहित्यको वर्गीकरण

लोकसाहित्य शास्त्रीय ज्ञान नभएका लोक रचनाकारहरूद्वारा रचना गरिएको साहित्य हो । यसलाई लोक जीवनले आफ्नै प्रकारले विभाजन गरेको हुन्छ । लोकसाहित्यका अध्येताहरूले लोक सामाग्रीका तत्त्वहरूलाई केलाएर वैज्ञानिक ढङ्गले विधागत विभाजन गरेका हुन्छन् । यी दुवै साहित्यकारहरूले मानी आएका लिखित साहित्यकै बिधा वर्गीकरणका आधारमा मध्यम, प्रस्तुति, श्रेणी, आकार र प्रकार गरी वर्गीकरण निम्न अनुसार गरिएको पाइन्छ (शर्मा र लुइटेल, २०६३ : ४७-५२) ।

**अ) माध्यमका आधारमा**

(क) गद्य – लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का

(ख) पद्य – लोकगीत, लोक कविता, लोक गाथा (लोक नाटक) मन्त्र

**आ) प्रस्तुतिका आधारमा**

श्रव्य विधा – लोकगीत, लोक कविता, लोकगाथा, लोककथा गाउँखाने कथा,उखान, टुक्का, मन्त्र

दृश्य विधा – लोक नाटक (लोक गाथा)

**इ) श्रेणीका आधारमा**

(क) स्थूल – लोकगीत, लोक कविता, लोकगाथा, लोककथा, लोकनाटक

(ख) सूक्ष्म – गाउँखाने कथा, उखान, टुक्का, मन्त्र

**ई) आकारका आधारमा**

(क) बृहत् आकार – लोक नाटक र लोक गाथा

(ख) लघु आकार – लोकगीत, लोक कविता, लोकगाथा (छोटा) र लोक कथा ।

(ग) लघुतम आकार - गाउँखाने कथा, उखान, टुक्का र मन्त्र

**उ) प्रकारगत आधारमा**

(क) लोकपद्य – लोकगीत, लोककविता, लोकगाथा, मन्त्र

(ख) लोक गद्य – लोक कथा, गाउँखाने कथा, उखान, टुक्का

(ग) लोकनाट्य – लोक नाटक

## ५.२ कृतित्वको अध्ययनको पृष्ठभूमि

नेपाली साहित्यको गद्य र पद्य दुवै विधामा कलम चलाउन सफल साहित्यकार देवराज पौडेलले विशेष गरी लोकगीतमा बढी कलम चलाएको पाइन्छ । यस बाहेक नाटक, कविता, खोज जस्ता विषयमा पनि कलम चलाएको पाइन्छ । उनले आजसम्म दुई दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित गरिसकेका छन् तापनि कतिपय पुस्तक अप्राप्य छन् । शोधकार्य गर्दा प्राप्त भएका केही पुस्तकहरूको प्रकाशन वर्षको आधारमा अध्ययन गरिएको छ, जुन यसप्रकार छन् ।

## ५.२.१ छोरा र छोरीमा फरक किन ? (२०५४) कृतिको अध्ययन

**छोरा र छोरीमा फरक किन ?** देवराज पौडेलको एउटा गीति संङ्गालो हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

### ५.२.१.१ शीर्षक

साहित्यकार देवराज पौडेलको प्रस्तुत गीतिसँगालोको नामाकरण यसै सँगालोभित्रको चौथो गीत *छोरा र छोरीमा फरक किन ?* शीर्षकबाट गरिएको छ । यहाँ समाजमा छोरा र छोरी बीचमा गरिएको लैङ्गिक असमानता, नारीमाथि गरिएको अन्याय, अत्याचार, दमन शोषणलाई यथार्थ रूपमा देखाउन खोजिएको छ । एकै आमाको सन्तानका रूपमा रहेका छोरा र छोरीको बीचमा भएको विभेदको अन्त्य गर्नु, सामाजिक विसङ्गति, नारी हिंसा दमन, शोषण, मानवीय अस्तित्वको खोजी, वर्तमान प्रजातन्त्रप्रतिको वितृष्णा आदि यथार्थ रूपमा प्रस्तुत गरिएकोले यसको शीर्षक सार्थक र युक्तिसङ्गत नै देखिन्छ ।

## ५.२.१.२ संरचना

प्रस्तुत गीतिसँगालो वि.स. २०५५ मंसिर २९ गते प्रकाशित साहित्यिक कृति हो । यसको प्रकाशक एकलाल भण्डारी हुन् । यस कृतिको अग्रभागमा कृतिको नाम, लेखकको नाम, प्रकाशकको नाम, प्रकाशित मिति र कृतिको मूल्य लेखिएको छ भने पश्च भागमा लेखकको सामान्य परिचय, त्यसभन्दा तल वि.स. २०५४ सम्ममा प्रकाशित कृतिको सूची र त्यसको तल ने.क.पा. को स्वर्ण जयन्तीको उपलक्ष्यमा शुभकामना-पत्र लेखिएको छ । यस कृतिको अग्रभागको भित्रपट्टि जनकविता गीतहरू, जनताका उद्गारहरू, विचारको प्रतिनिधित्व व्यवहारले गर्नुपर्छ र प्रकाशकीय शीर्षकका लेखहरू सहित १६ वटा गीतहरू सङ्कलित छन् । यो कृति जम्मा ४४ पृष्ठमा संरचित छ ।

## ५.२.१.३ विषयवस्तु

देवराज पौडेलद्वारा लिखित **छोरा र छोरीमा फरक किन ?** एक गीति सँगालो हो । यस कृतिमा पौडेलले सामाजिक विकृति र लैङ्गिक विभेदलाई देखाउन खोजेका छन् ।

*लाहुर्नी* शीर्षक गीतमा लेखकले आर्थिक प्रलोभन, नारी वेदना, आत्मपीडा, राष्ट्रियता, आदिलाई लाहुर्नी र लाहुरेका माध्यमबाट प्रस्ट रूपमा देखाउन खोजेका छन् ।

*चौकीदार* शीर्षक गीतमा पौडेलले आर्थिक विपन्नताका कारण विदेशिन बाध्य भएका नेपालीहरूको अवस्थालाई प्रस्तुत गरेका छन् । यहाँ विपन्नताको कारण चौकीदार विदेशमा अर्काको रेखदेख र रक्षा गर्न जान्छ तर आफ्नो घरमा आमा, बाबु र छोराछोरीको भने बिचल्ली हेरदिने कोही छैन् भन्ने कुरा देखाउन खोजेका छन् ।

*जुवाडे* शीर्षक गीतमा सामाजिक विकृतिलाई यथार्थ रूपमा देखाएका छन् । यसमा आफ्नो जुवाडे दाजुलाई जुवातास नखेल्न र जाँडरक्सी नखान बहिनीले गरेको आग्रहलाई प्रस्तुत गरेका छन् ।

*छोरा र छोरीमा फरक किन ?* शीर्षक गीतमा पौडेलले छोरा र छोरी बीच भएको लैङ्गिक असमानता, अन्याय, दमन, र शोषक जस्ता छोरीमाथि गरिने हाम्रो सामाजिक प्रवृत्तिलाई प्रस्ट देखाएका छन् भने जन्मजात नै छोरालाई माया र छोरीलाई हेला गरिन्छ भनेर यस गीतमा देखाइएको पाइन्छ ।

*शकुन्तलाको हत्या* शीर्षकमा दाईजोको कारण एउटा चेलीको कसरी वीभत्स हत्या भएको छ भनेर नारीमाथीको अन्याय र अत्याचारलाई प्रस्ट रूपमा देखाइएको पाइन्छ भनेर वर्तमान प्रजातन्त्रप्रतिको वितृष्णा भाव झल्किएको छ । यस गीतमा प्रजातन्त्र प्राप्तिपछि पनि नेपाली नारीहरूले भोग्नु परेका पीडा र व्यथालाई देखाइएको छ ।

*आमा* शीर्षकमा पौडेलले जनचेतनाको अभावका कारण पनि नारीले नारीमाथि नै अन्याय र अत्याचार गरिरहेका छन् भनेर देखाइएको छ ।

*छोरी नदिनुहोस्* शीर्षकमा आफ्ना छोरीहरूलाई विवाह गरेर दिँदा धन सम्पत्ति मात्र हेरेर दिने तर चरित्रको ख्याल नगर्ने जसका कारण पछि छोरीले दुःख पाउँछन् भनेर मानिसमा भएको आर्थिक प्रलोभनको पक्षलाई देखाइएको छ । त्यसैले छोरी विवाह गरेर दिँदा आर्थिक पक्ष मात्र नहेरी चारित्रिक पक्षलाई हेर्नुपर्छ भनिएको छ ।

*बेचिएकी चेली* शीर्षकको गीतमा मानिस पशुसरह बेचिनु परेको अवस्था, आर्थिक अभाव, सामाजिक चेतना र मानव अस्तित्वको खोजी गरिएको छ । चेलीहरू विदेशको भूमिमा वेचिनु परेको र त्यहाँ पीडा, व्यथा र वेदना लिएर बाँच्नु परेको अवस्थालाई प्रस्तुत गरिएको छ ।

*दुलहीको पुकार* शीर्षकमा छोरी भएको कारण आफ्नो जन्मघर आमा बुबा सबै छोडी पराइको घरमा जानु परेको गुनासो प्रस्तुत गरिएको छ ।

*क्रान्तिकारी आमा देउकला* शीर्षकमा एक क्रान्तिकारी आमा देउकलाका सम्पूर्ण छोरा नातिलाई प्रहरीले थुनामा राखे पनि सामन्तीको विरोधमा सधैँ लडिरहेको । तिनै निडर राष्ट्रवादी, क्रान्तिकारी आमा आज हाम्रो समाजमा हामी सामु छैनन् भनेर एक क्रान्तिकारी आमालाई गुमाउनु परेको पीडा लेखिएको छ ।

*साली-भिना* शीर्षक गीतमा साली र भिनाका माध्यमबाट राजनीतिमा जनताको सेवाभन्दा पद र प्रतिष्ठाको मोह बढी हुने गरेको यथार्थ कुरालाई प्रस्तुत गरिएको छ ।

*बोक्सीको आरोपमा हत्या* शीर्षक गीतमा हाम्रो समाजमा जरो गाडेर बसेको अन्धविश्वासलाई देखाइएको छ । जसको कारण हाम्रो समाजमा उन्नति र प्रगति हुन नसकेको अवस्थालाई प्रस्तुत गरिएको छ ।

*रोल्पाली चेलीको बिलौना* शीर्षकको गीतमा राजनीतिक अस्थिरताका कारण जनतामा भएको त्रास, पीडा र व्यथा बोकेर बाँच्नु परेको अवस्थालाई प्रस्तुत गरिएको छ ।

यहाँ राजनीतिक कारणले जनता घरवासविहीन भएर भौतारिदै हिँड्नु परेको अवस्थालाई पनि देखाइएको छ ।

*छोरीलाई अंश देउ* शीर्षकको गीतमा एकै कोखका सन्तान छोराछोरीमा गरिएको भेदभावलाई देखाइएको छ । छोरा र छोरीमा समानता गर्नुपर्छ र नारीले पनि आफ्नो हक र अधिकारलाई लडेर पनि लिनुपर्छ भन्ने कुरा देखाइएको छ ।

*हिम्मत नहार* शीर्षक गीतमा नारीमाथि राजनीतिक, सामाजिक विविध क्षेत्रमा अन्याय-अत्याचार भएको छ तर पनि नारीले हिम्मत हार्नु हुँदैन । त्यसैले नारीले आफ्नो हक र अधिकारको लागि लड्न आग्रह गरेका छन् ।

यसरी पौडेलले नारीहरूमाथि अन्याय, अत्यचार गरिनु हुँदैन । उनीहरूलाई पनि पुरुषसरह हक र अधिकार दिनुपर्छ भनेर समाजमा हुने गरेको नारी र पुरुषको वीचको भेदभावलाई सधैँको लागि अन्त्य गर्नु पर्ने कुरालाई यस सँगालोमा प्रस्तुत गरेका छन् ।

## ५.२.१.४ भाषाशैली

पौडेलद्वारा लिखित **छोरा र छोरीमा के फरक छ ?** नामक कृति एक गीतिसँगालो हो । लोकलयमा लेखिएको यस कृतिको भाषा सरल, सहज र सुबोध रहेको छ भने अन्त्यानुप्रासको प्रयोगले कृति ज्यादै रोचक बन्न पुगेको छ । यस कृतिमा तत्सम शब्द र तद्भव शब्दको प्रयोग पनि देखिन्छ, जुन यसप्रकार छन् :

**(क) अन्त्यानुप्रासको प्रयोग**

पौडेलको यस कृतिमा अन्त्यानुप्रासको प्रयोग अधिक मात्रामा भएको देखिन्छः

रामो लाउँ मिठो खाउँ जवानीको बेला
लाहुरे मर्दा सिन्दुर पुछ्दा कस्तो लाग्थ्यो होला
विचरीलाई नेपालमा कस्ले पु¥याई देला
पोईलाई टोकी यो संसारै भनी गर्छन् हेला

.......................................................

विदेशको निम्ति लईयो विदेशमै म¥यो
ती विचरी लाहुर्नीलाई कति आपत् प¥यो
दाम्पत्य जीवन पनि दैवले नै ह¥यो
सुन झल्काउने मुहुडामा आसु ढिका झ¥यो (पृ. १२)

जागीरले पुगेन खान
घरमा पनि भोकै छन् जाहन
...................................
बा आमा छन् डाडाको जुन सरी
तिम्रो मन उठेको के गरी
............................................
बाबु आमा भइसके पित्र झै
छोरा छोरी सुकेर सिद्रा झै (पृ. १४)
छोरा चाही खाना खाई जान्छ स्कुल तीर
छोरीलाई जैले पनि घाँस दाउराकै पीर
छोरा भयो पढालेखा छोरी हुन्छे भान्छे
मीठो चोखो छोरा खान्छ छोरी त्यसै भान्छे
पुगे खान्छ नपुगे हात चाट्छे, पोट्का मात्र कसेर रात काट्छे

खाना थोरै भए पनि गर्छन् उसलाई गाली
धेरै भयो भने भन्छन उसिनेर फाली
जिन्दगीमा जस पाउनु छैन कुनै दिन
यो समाजमा नारीहरू बढी होला किन ?
पुगे खान्छे नपुगे हात चाट्छे, पोट्का मात्र कसेर रात काट्छे (पृ १९)

बम्बाईको पिर वेथा कस्ले सुनिदिन्छ
बाहिर हिड्न कहाँ पाउनु भित्रै थुनिदिन्छ
चोखो आत्मा पवित्र करकापमा परी
बेश्यावृत्ति गर्न पर्ने करकापमा परी

बा आमाको आँखा छली कतै न भागौं है
अपरिचित मानिसको पछि नलागौ है
बेकारमा आफ्नो जीवन बर्बाद नपारौ है
गिरोहको जालमा परी आत्म नमारौं है (पृ. ३०)

**(ख) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूप र अर्थमा परिर्वतन नभई जस्ता को तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । पौडेलका कृतिका तत्सम शब्दको प्रयोग यसरी भएको देखिन्छ :

सुनै सुनका गहनाले शरीर सजाए
भन्दा बोकौ आफ्नै भारी
भर्ती हुन पर्ने कारण बुझ्न पर्छ नारी (पृ.१२)
एकवचन सोध्नु भएन के छ विचार छोरीको
देश विदेश घुमाउला लाहुरेमा लागेर (पृ. १०)
बाबु आमा भइसके पित्र झैँ
छोराछोरी सुकेर सिद्रा झैँ
..................................
पालो दिन आउदैन साथी
लाठी टेकी उभिनु दिन राती
मन रुवाउदै, नजाउ दाई विदेश आँसु चुहाउदै (पृ.१४)
बैनी - प्रगतिशील हुँ भन्थ्यो पैलेत
जुवाडे पो भयौ दाई ऐले (पृ.१६)

बैनी - दाजु तिम्रो ठूलो हो लक्ष्य चाही
कम्जोरी छ व्यवरिक पक्ष चाही
...........................
दाजु- क्रान्तिकारी मिल्काउदेउ खोल
ओड्न भन्दा नओड् नै बेश होला (पृ.१७)
विदेशमा बस्न भएन
मलाई भने मर्का पऱ्यो जुनिभरिको (पृ.२८)

**(ग) तद्भव शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूपमा परिर्वन भएर तर अर्थमा परिर्वतन नभई नेपाली भाषामा आएको शब्द लाई तद्भव शब्द भनिन्छ । यस कृतिमा तद्भव शब्दको प्रयोग भएको पाइन्छ जुन यसप्रकार छ :

पहिला उसलाई दाजु भाइको धन्दा गर्दै ठिक्क
अनि सासु ससुराको बचनले दिक्क
कसैलाई टाउको दुखे उसकै गल्ती ठान्छन्
घरलाई पिरी यो त औस्याई रै छ केटी भन्छन्
हेपिएका समाजमा छोरी, जीवन भरी रुनु छ धरधरी

छोरा मानिस दिनदिनै पर्छ दोकान जान
सबलाई नख्वाई बुहारीले के पाउथे र खान
आखिरमा बुहारीले भन्छ कुर्न पर्छ
खाना खाँदा आधा दिन र आधारात टर्छ (पृ.१९)
हात खुट्ट  समाते छन चल्मलाउन हुँदैन
घाँटी अँठयाई सके बाबा आवाज आउदैन
आँ आँ गर्दा ससुराले कुन्नि के के सोचेछन्
मेरा मुखमा रुमालको बुझो कोचेछन्
टुलुटुलु हेर्छु आमा कठै भन्ने भएन
धरै बेर छटपटाए पराण गएन (पृ. २१)
यो छारीको खान मन लाग्दैन
बाबाजुको राम्रोसँग निन्द्रा लाछैन
..................................
धन सम्पत्ति बुबाज्यूले चाहे जस्तो रहेछ
त्यौ केटामा बाबाज्यूको ध्यान गएछ
कमिजको टाक खोली फुकौ गाठो पारेको
एउटा बाउलो बटारेर माथि सारेको
राता आखा लुकाउन कालो चस्मा लाएको
त्यस्ता माथि बाबाज्यूको मन गएको (पृ.२७)

त्यस्तै जुरुक्क, टुलुटुलु,खुरुखुरु जस्ता  अनुकराणत्मक शब्दको प्रयोग पनि पौडेलको यस कृतिमा पाइन्छ ।

### ५.२.१.५ उद्देश्य

कुनै पनि कृति लेखनको केही न केही उद्देश्य हुन्छ । उद्देश्य बिना कुनै पनि काम गर्न सम्भव हुदैन । त्यसैले गीतकारले गीत रचना गर्दा एउटा न एउटा उद्देश्य राखेकै हुन्छ । 'छोरा र छोरीमा फरक किन ?' शीर्षकको कृतिमा पनि पौडेलले समाजमा देखिएको छोरा र छोरी बीचको विभेद अन्त्य गर्नु, नारी हिंसा, अन्याय र अत्याचारको अन्त्य गर्न, मानव अस्तित्वको खोजी गर्नु, वर्तमान प्रजातन्त्रप्रतिको वितृष्णा हटाउनु, अन्धविश्वासलाई अन्त्य गर्नु, सामाजिक चेतना जगाउनु जस्ता उद्देश्य राखेको छन् ।

### ५.२.१.६ निष्कर्ष

प्रस्तुत 'छोरा र छोरीमा फरक किन ?' गीति संग्रह गीतकार देवराज पौडेलले वि.स. २०५५ सालमा प्रकाशित कृति हो । यसमा पौडेलले ज्यादै सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । तत्सम, तद्भव शब्दको प्रयोग हुनुका साथै अन्त्यानुप्रासको पनि राम्रो समन्वय भएकोले कृति ज्यादै रोचक भएको पाइन्छ । सामाजिक चेतना मानव अस्तित्वको खोजी नारी हक र अधिकारको खोजी अन्धविश्वासको विरोध आदि यस कृतिको प्रमुख विशेषता हुन् । समग्रमा भन्नुपर्दा यो कृति ज्यादै रोचक र उत्कृष्ट बन्न पुगेको पाइन्छ ।

### ५.२.२ 'विश्वास छैन भाइमाराको' (२०५४) कृतिको अध्ययन

**विश्वास छैन भाइमाराको** देवराज पौडेलको गीतिसङ्गालोको पुस्तक हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

### ५.२.२.१ शीर्षक

साहित्यकार देवराज पौडेको प्रस्तुत गीतिसँगालोको नामकरण यसै पुस्तकको छैठौं गीतबाट गरिएको हो । *विश्वास छैन भाइमाराको* नामबाट आशा भरोसा नहुनु र

भाइमाराबाट आफ्नै भाइलाई धोका दिनेको आशा भरोसा छैन भन्ने प्रतीकात्मक अर्थ लाग्छ । यस कृतिमा राजनीतिक क्षेत्रमा देखिने विकृति, विसङ्गति र विश्वास घातलाई प्रस्ट रूपमा देखाउन खोजिएकोले शीर्षक र विषयवस्तु बीच तालमेल मिलेकोले शीर्षक सार्थक छ ।

## ५.२.२.२ संरचना

प्रस्तुत गीतिसँगालो वि.स. २०५५ साल चैत्र १२ गते गंजसिंह गुरूङद्वारा प्रकाशित साहित्यिक कृति हो । यस कृतिको अग्रभागमा कृतिको नाम, लेखकको नाम, प्रकाशकको नाम, प्रकाशित मिति र कृतिको मूल्य लेखिएको छ । पश्च भागमा लेखकको सामान्य परिचय, लेखकका वि.स. २०५५ सम्म प्रकाशित कृतिको नाम र राष्ट्रिय जन सांस्कृतिक मञ्च चितवनले स्वर्ण जयन्तीका उपलक्ष्यमा दिइएको शुभकामना-पत्र लेखिएको छ । यसको अग्रभागको भित्रपट्टि शुभकामना लेख, प्रकाशकीयका तर्फबाट लेख र लेखक स्वयम्को दुई शब्द शीर्षक लेख रहेको छ र यी बाहेक १३ वटा विभिन्न शीर्षकका गीतहरू रहेका छन् । प्रस्तुत कृति जम्मा २४ पृष्ठमा संरचित छ ।

## ५.२.२.३ विषयवस्तु

देवराज पौडेलद्वारा लिखित *छैन विश्वास भाइमाराको* कृति एक गीतिसँगालो हो । यस कृतिमा लेखकले नेपाली राजनीतिभित्र भएको विकृति विसङ्गति र राष्ट्रवादी भनिएका राजनीतिक दलहरूको स्वार्थी प्रकृतिलाई प्रस्ट रूपमा देखाउन खोजिएको छ । प्रस्तुत पुस्तकमा सङ्कलित गीतहरूमा व्यक्त विषय यसप्रकार छन् :

*अघि बढौं जोशिलो भएर .......* शीर्षक गीतमा कविले एकातिर नेताहरूको वास्तविक चरित्रलाई देखाउन खोजेका छन् भने अर्कातिर हाम्रो असल राष्ट्र निमार्ण गर्नको लागी एकजुट भई अगाडि बढौ भनेका छन् ।

*कस्तो गीत गाइदिउँ मैले* शीर्षक गीतमा एमालेका शीर्षस्थ नेताहरू क. मदन भण्डारी र जीवराज आश्रित मारिएको अवस्थामा पीडा र दुःखले भरिएको मन लिएर कस्तो गीत गाइदिउँ भनेका छन् ।

*कमरेडहरू जानुभो* शीर्षक गीतमा लेखकले आफू एमाले भएर चुनावमा जित्ने र पछि पार्टी नै फेरेर अलग्गिने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

*जातै टुटाइयो* शीर्षक गीतमा राष्ट्रियता र स्वाभिमानप्रति चासो नदेखाउने र व्यक्तिगत स्वार्थमा लाग्ने स्वार्थी शासकहरूप्रतिको असन्तुष्टिजन्य भाव प्रस्तुत गरिएको छ ।

*के सङ्केत जनायो* शीर्षकमा एमालेका नेताको दासढुङ्गामा दुर्घटना गराउने अमर लामालाई काँग्रेसका युवाले स्वागत गरेर जेलबाट छुटाउने र एमालेलाई फुटाउने कार्यलाई राजनीतिमा हुने आन्तरिक चलखेललाई प्रस्तुत गरेका छन् ।

*छैन विश्वास भाइमाराको* शीर्षक गीतमा राजनीतिभित्र कसैले कसैको विश्वास गर्न नसकिने, पद र प्रतिष्ठाको लोभमा नेताहरूले जस्तोसुकै कार्य गर्न पनि पछि हट्दैनन् भनेर वर्तमान राजनीतिमा देखाएको द्वैध चरित्रलाई चित्रण गरिएको छ ।

*नौ वाम र काँग्रेस सम्झौता* शीर्षक गीतमा नौ वाम पार्टीलाई फकाई फुलाई काँग्रेसले आफ्नो पक्षमा सम्झौता गरेको देखाइएको छ ।

*नहान जनतालाई गोली* शीर्षक गीतमा राष्ट्र र राष्ट्रियता संरक्षणको नाउँमा सोझा जनताको हत्या नर्गन आग्रह गरिएको छ ।

*अब मैले कोसँग गएर रुनी ?* शीर्षक गीतमा राष्ट्रवादी भनिएका राजनीतिक दलहरू आर्थिक प्रलोभनमा फस्दा अलपत्र हुनुपरेको अवस्थालाई देखाइएको छ ।

*भाले गिद्ध लखेटे* शीर्षक गीतमा प्राकृतिक र राजनीतिक कारणले जनताले ज्यान गुमाउनु परेको अवस्थालाई चित्रण गर्दै यसबाट मुक्तिको चाहना प्रस्तुत गरिएको छ ।

*सैनिक फिर्ता गर* शीर्षकमा विश्व चर्चित ह्वाइट हाउस र वकिङ्गममा वेश्यावृति बढिरहने र खाडीमा सैनिक पठाइ विश्वको ध्यान युद्धतिर लैजाने जस्ता राजनीतिकको आन्तरिक र बाह्य रूपलाई प्रस्ट देखाउन खोजिएको छ ।

*स्वर्ण जयन्ती मनौंछौं* शीर्षकको गीतमा वि.स. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको ५० औ वर्ष पुगेकोमा स्वर्ण जयन्ती मनाउँछौं भनिएको छ ।

*एमालेलाई जिताऔं* शीर्षकको गीतमा राष्ट्र र राष्ट्रियता जोगाउनको लागि निस्वार्थ भावना लिएर आएको एमालेलाई जिताऔं भनिएको छ ।

*क. श्यामलाई श्रद्धाञ्जली* शीर्षक गीतमा क. श्याम जसले घर गृहस्थी त्यागेर राष्ट्रनिमार्णका लागि हिँड्दा हिँड्दै क्यान्सर जस्तो प्राणघातक रोगका कारण मृत्युवरण गर्न पुगेकाले उनलाई श्रद्धाञ्जली अर्पण गरिएको छ ।

समग्रमा भन्दा हरेक व्यक्ति आ-आफ्नो स्वार्थपूर्तिका लागि हिँड्ने हुँदा वर्तमान समयमा कसैको पनि विश्वास गर्न सकिने अवस्था छैन भनेर यथार्थ स्थितिको चित्रण यस कृतिमा गरेका छन् ।

## ५.२.२.४ भाषाशैली

यो कृति लोकलयमा संरचित गीति सँगालो हो । यसको भाषा शैली ज्यादै सरल र सहज रहेको छ । यसमा हललल्, जुरुजुरु जस्ता अनुकरणात्मक शब्द, आगन्तुक शब्द, तत्सम् र तद्भव शब्दको उचित प्रयोगका कारण कृति ज्यादै राम्रो बन्न पुगेको देखिन्छ ।

**(क) आगन्तुक शब्दको प्रयोग**

नेपाली भाषादेखि बाहेक अन्य भाषाबाट आएका शब्दहरू आगन्तुक शब्दहरू हुन् । (लामिछाने, २०६३ : २६६) अङ्ग्रेजी शब्दबाट आएका शब्दहरू : ह्वाइट हाउस, क्लिण्टन, वकिङ्गम बेलायत अफिस, इराक, अमेरीका, लवेन्स्की हिटलर , मार्कीस, सुहर्ति, डस्टर ।

**(ख) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूप र अर्थमा परिर्वन नभई जस्ताको तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । पौडेलको यस कृतिमा तत्स्म शब्दको प्रयोग यसरी भएको पाइन्छ ।

बहुमतको निर्णयलाई लेनिन मान्नुहुन्थ्यो
कमिटिको निर्णयलाई सधै पर्खिनुन्थ्यो

..............................................

पार्टी महाधिवेशनमा आफ्नो मत हार्दा
त्यतिबेला माओत्सेतुङ अल्पमतमा पर्दा
बहुमतको निर्णयको विरोध गरिएन
असन्तुष्ट जनाएर पार्टी फेरीएन (पृ. १)

दसौं हजार जनताको पसिना वगाको
सयौ सहिद आफ्नो जीवन बली चढाएको

..............................................

रत्नकुमार मदन आश्रित आजाद सूर्यनाथ
यी नेताको हत्या भयो सामन्ती सरकारबाट (पृ. ५)
तरुण दल जेलैमा गएछ
हत्याराले खुव स्वागत पाएछ

अमर लामा निकिलियो जेलबाट
फूलमाला अविरको स्वागत

खुसियाली कांग्रेसले मनायो
यो कार्यले के सङ्केत जनायो ? (पृ. ८)
सशस्त क्रान्तिद्वारा यो सरकार ढलौनी
नौलो जनवादी सत्ता स्थापित गरौनी

सम्झौताले जनवादी क्रान्ति पूरा भयो त ?
जनवादी राज्य सत्ता स्थापित भयो के अन्तर ?

.................................................

गोविन्दराज जोशीलाई हातमा हात मिलायौ
सहिदका परिवारलाई राहत दिलायौ ?
शैक्षिक भ्रमण गर्ने दुर्घटना भयो
राजधानीमै विद्यार्थीको ज्यान गयो (पृ. १६)
पहिलो दशक किसानको क्रान्ति अघि गयो
दोस्रो दशक नेकपामा टुटफुट भयो
तेस्रो दशक अल्लगी उग्र क्रान्तिहरू भए

...............................................

प्रतिक्रियावादी बने जन्तालाई लात मारी
केशरमणी रूपलाल भीमबहादुर पनि (पृ.२१)

### (ग) तद्भव शब्दको प्रयोग

संस्कृत स्रोतबाट रूपमा परिवर्तन भएर तर अर्थमा परिर्वतन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भव शब्द भनिन्छ । यस कृतिमा तद्भव शब्दको प्रयोग यसरी भएको देखिन्छ ।

माले नेता सरकारमा जान मख्ख परेका
क्रान्तिकारीहरू किन लठ्ठ परेका ?
नौलो जनवादी सत्ता कांग्रेसले ल्याइदिने
क्रान्ति गर्छौ भन्नेहरू मख्खै भैदिने
सबै काम कांग्रेस गर्छ किन चाहियो रडाका
नौ वामका नेताहरू कत्ति मजाका ?
............................................
मारिएका मानिसहरू जुरुजुरु उठ्ने छन्
सहिदका परिवारको आँशु पुछ्ने छन्
सन्धि गर्दै वाम नेता नाक  फूलाई फर्किए
सहिदका बा आमाका छाती चर्किय ।  (पृ. ११ )

भारी बोक्नी भरियाले भारी बोक्दै जाँदा
भारी बिसाइँ ढिंडो पकाएर खादा
माओवादी भन्दै तिन्लाई गोली हानी हाले
भारी बोक्ने भरिया ती खाँदा खाँदा ढले
......................................................
जार हिटलर मुसोलियन बोकासार मार्कोस
इदिअमिन लोननोल र चोह सुहार्ते होस्
आफ्नो सत्ता टिकाउन धेरै जन्ता मारे
आखिरमा जनताले कुर्चीबाट झारे (पृ. १३)
सर्कारमा जानलागि कांग्रेसको भर परे
सर्कारमा जानलागि आफ्नै घर पोले
सर्कारमा जानलागि नौवास जुटाया
सर्कारमा जानैलागि भऱ्याङ वनाया

संसदमा विधेक आउँदा कुलेराम ठोके
एमालेका नेता माथि तातो रिस पोखे
बुटवलमा दुई नेताका टाउकाहरू फोरे
कांग्रेसले जे जे भन्छ, त्यो त्यही काम गरे
....................................................
रामचन्द्रलाई बचाउन मुख्य ढाल बने
लीलालाई हटाउन तानावाना बुने
.........................................
अल्पमतको सर्कारमा सामेल हुन जाँदा
वास्तवमा भइदोरैछ अरकाको बाधा
एउटा जाहज घाँटीमा अड्क्यो अब नपच्नेभो
सरकारबाट हारेपछि पार्टी नबँच्ने भो (पृ. १५)

## ५.२.२.५ उद्देश्य

कुनै पनि लेख वा रचना प्रकाशन गर्नुको पछाडि कुनै न कुनै उद्देश्य राखिएको हुन्छ । उद्देश्य विनाको कामले सार्थकता पाउँदैन । देवराज पौडेलले यस कृति प्रकाशन गर्दा पनि नेपाली राजनीतिमा देखिने गरेको विकृति र विसङ्गतिको समाधान गर्ने, राष्ट्रियताको संरक्षणका लागि जनचेतना जगाउने बन्धुत्वको भावना सृर्जना गरेर असल राष्ट्र निमार्णमा गर्ने उद्देश्य राखेको छन् ।

## ५.२.२.६ निष्कर्ष

प्रस्तुत 'छैन विश्वास भाइमारा' गीति सँगालो देवराज पौडेलको वि.स. २०५५ सालमा प्रकाशित कृति हो । यस कृतिमा पौडेलले ज्यादै सरल, सहज र सुवोध भाषा शैलीको प्रयोग गर्नुका साथै आगन्तुक शब्द, तत्सम शब्द र तद्भव शब्दको उचित प्रयोगका कारण कृति ज्यादै रोचक बनेको छ । बन्धुत्वको भावना, राजनीतिक विकृति र विसङ्गति, राष्ट्रियता र स्वाभीमानको खोजी, मानवीयताको खोजी आदि प्रमुख विशेषता रहेको छन् । समग्रमा भन्नुपर्दा यस कृति राष्ट्रिय चेतनामूलक रहेको देखिन्छ ।

### ५.२.३ टी.एन प्रधानको उदय र अन्त्य (२०५६) कृतिको अध्ययन

*टी.एन प्रधानको उदय र अन्त्य* देवराज पौडेलको एउटा तीजको गीतको सँगालो हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

#### ५.२.३.१ शीर्षक

साहित्यकार देवराज पौडेलको प्रस्तुत तीजको गीतको सँगालोको नामाकरण यसै गीत भित्रको विषयवस्तुका प्रमुख पात्र टी.एन लाई आधार बनाएर गरिएको छ । यहाँ टी. एन भन्ने एक राजनीतिक व्यक्ति हुन् । यस कृतिको शीर्षकले एउटा राजनीतिक व्यक्ति हुन टी.एनको उदय किन गरियो र अन्त्य कसरी भयो भन्ने अर्थ लगाउछ । तीजको गीतको शीर्षक र विषयवस्तु बीच सङ्गति देखा पर्ने प्रस्तुत् शीर्षकमा राजनीतिक विकृति र विसङ्गतिलाई यथार्थ रूपमा मर्मस्पर्शी ढङ्बाट प्रस्तुत गरिएकाले शीर्षक  सार्थक र युक्ति सङ्गत नै देखिन्छ ।

#### ५.२.३.२ संरचना

प्रस्तुत् गीति सँगालो वि.स. २०५६ सालमा ओमबहादुर थापाद्वारा भारती प्रेस नारायणगढ, चितवनबाट प्रकाशित भएको एक साहित्यिक कृति हो । यस कृतिको अग्र भागमा कृतिको नाम, यसभित्रका विषयवस्तु, लेखकको नाम, प्रकाशकको नाम, प्रकाशन मिति र पुस्तकको मूल्य रहेको छ भने पश्च भागमा लेखकको परिचय, वि स २०५६ साल सम्म प्रकाशित कृतिको नामवली र मुद्रकको ठेगाना रहेको छ । अग्रभागको भित्री आवरणमा लेखकको दुईशब्द लेख, प्रकाशकको तर्फबाट प्रकाशकीय लेख सहीत १३ वटा शीर्षकमा तीजको गीत रहेको छ । अन्य पृष्ठमा केही शुभकामना पत्रहरू पनि रहेको प्रस्तुत कृति जम्मा २४ पृष्ठमा संरचित छ ।

#### ५.२.३.३ विषयवस्तु

देवराज पौडेलद्वारा रचित *टी.एन प्रधानको उदय र अन्त्य* राजनीतिमा आधारित तीजको गीतको सँगालो हो । यस गीति सँगालोमा पौडेलले नेपाली राजनीतिभित्रको विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने प्रयास गरेका छन् भने मानिसमा हराउँदै गरेको मानवीय

अस्तिवको खोजी, मान्छेको बाहिरी रूप र भित्री रूपमा भिन्नता रहेको कुरा प्रस्ट पार्न खोजेका छन् ।

'गर्भवती श्रीमतीलाई मार्न थालियो' शीर्षक गीतमा लेखकको धोका, अन्याय, अत्याचार, मानवमा हराउँदै गरेको मानवीय अस्तित्व मानवीयता जस्ता कुरा देखाउन खोजेका छन् । जसमा एउटा राजनीतिक व्यक्ति टी.एनले आफ्नो श्रीमतीलाई धोका दिई वीभत्स हत्या गर्ने प्रयास गरेका छन् भने प्रहरीले आफ्नो मानवता सम्फेर उनलाई बँचाएका छन् ।

*टि.एन सम्बन्धित केही प्रश्नहरू* शीर्षक गीतमा टी. एन प्रधान को हुन् ? र किन उनको जन्म भयो ? उनको हतियार को को माथि प्रहार भयो ? यसका सञ्चालक को को हुन् ? भनेर टी. एन प्रधानको व्यक्तिगत परिचयको खोजी गरीएको छ ।

*टी.एन प्रधानको जन्म र खान्दान* शीर्षक गीतमा टी.एन प्रधान अवैध रूपमा गर्भधारण गरेर जन्मेको बच्चा हो र यसले जनतालाई दुःख दिने आफ्नो घरमा आगो लाग्दा नाच्ने र रुवावासी चल्दा हाँस्ने उदण्ड स्वभावको मान्छे हो र यसको काम भनेको एमालेको ध्वस्त पार्ने हो भनेर मानवमा भएको अमानवीय प्रवृतिलाई देखाइएको छ ।

*एमालेको लहर र टी.एन प्रधान* शीर्षक गीतमा एमालेलाई ध्वस्त पार्न जन्माइएको टी.एन. प्रधानहरूले एमालेको वि.स. २०५१ सालमा भएको जीतलाई देखेर असह्य भई एमालेका नेता कुट्नेदेखि लिएर मार्नसमेत पछि नहटेका कुरालाई देखाई मानिसको मानवीय अस्तीत्वको खोजी यहाँ गरिएको छ ।

*बाँकी जि.वि.स. को निर्वाचन र टी.एन प्रधान* शीर्षक गीतमा जि.वि.स.को निर्वाचनमा एमालेलाई हराउन प्रमुख नेताहरूको चरित्र हत्या हुने गरी खराब प्रचार टी.एन प्रधानहरूले गरे तापनि एमालेले नै जितेपछि फेरि टी.एन. प्रधानहरू अस्ताएको देखाइएको छ ।

*संसदीय निर्वाचन र टी.एन प्रधान* शीर्षक गीतमा फेरि वि.स. २०५६ सालको संसदीय निर्वाचन मा टी.एन प्रधानहरू एमालेलाई हराउन भ्रामक प्रचार गर्न उदाए र काँग्रेसलाई जिताई सरकारमा पुऱ्याएपछि टि.एन.हरू अस्ताएका छन् भनेर एमालेका रूपमा टी.एन. प्रधानलाई देखाइएको छ ।

*टी.एन.को अन्त्य भो* शीर्षक गीतमा टी.एन. प्रधानले आफ्नो सक्कली रूप छोपी नक्कली फोटो टाँसेर प्रचार गरे तापनि उसले एमालेलाई ध्वस्त पार्न सकेन आखिर एमालेले

नै जित्यो र टी.एन. प्रधानको नाटक पनि अन्त्य भयो भनेर यहाँ सत्यको विजय र असत्यको पराजय भएको देखाइएको छ ।

*नक्कली क्रान्तिकारी* शीर्षकमा मालेभित्र भएको नक्कली क्रान्तिकारितालाई छर्लङ्ग देखाइएको छ । जसले गर्दा एमालेलाई हराई कांग्रेसलाई जिताउन सफल भएको छ ।

*नक्कली राष्ट्रवाद* शीर्षक गीतमा नेताहरूभित्र भएको नक्कली राष्ट्रवादलाई देखाइएको छ । जसले गर्दा राष्ट्रको संरक्षणको लागि अगाडि नबढी खुट्टा कमाउँदै भाग्ने प्रवृत्तिलाई देखाइएको छ ।

*घरै फर्क* शीर्षक गीतमा आफ्नो घरमा झगडा गरेर अर्कासँग मिल्दा कहिल्यै आफ्नो भलो हुँदैन त्यसैले एमालेबाट पार्टी फुटेर गएको मालेलाई पुनः आफ्नै घर वा पार्टीमा फर्क भनिएको छ ।

*मायादेवी घर फर्किनु भो* शीर्षक गीतमा मायादेवीहरू एमालेबाट फुटेर माले भएका तर आफ्नो गल्ती स्वीकारेर फेरि एमालेमा नै फर्किएका छन् भनेर नेताले आफ्नो गल्तीलाई स्वीकारेको देखाइएको छ ।

*हाम्रो नेपालमा* शीर्षक गीतमा नेपालका राजनीतिक दलहरूको स्वार्थी र पद लोलुपताका पछि लाग्ने प्रवृत्ति, नेपाली भइकन पनि स्वदेशी पहिरन नलगाई विदेशी पहिरनमा सजिने प्रवृत्ति, अविवाहित तर साथमा पियारी लिएर हिँड्ने चरित्रहीन प्रवृत्ति आदिको व्याङ्ग्य गरेको पाइन्छ ।

## ५.२.३.४ भाषाशैली

*टी.एन प्रधानको उदय र अन्त्य* देवराज पौडेलको तीजको गीतिलयमा संरचित कृति हो । यसको भाषा शैली सरल र सुवोध रहेको छ । तत्सम र तद्भव शब्दको प्रयोग हुनुको साथै गड्याङ्-गुडुङ् घुटुघुटु र टुलुटुलु जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कृति ज्यादै रोचक बन्न पुगेको छ । यसमा अन्त्यानुप्रासको राम्रो संयोजन भएको पाइन्छ ।

**(क) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूपमा परिर्वन भएर तर अर्थमा परिर्वतन नभई नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । यस कृतिमा तत्सम शब्दको प्रयोग यसरी भएको छ :

उनी आफू जन्मिन हुर्किन ठूलो यज्ञपुरीमा
तर उनी हिँड्न थालिन् आफ्नै सुरमा ।
प्रलाय राणा भन्नेसँग उनको प्रेम भएछ

ती दुवैको विवाह गर्ने मन गएछ । पृ. ४)

नेपालका लेक बेशी गाउँ तथा शहर
जताततै एमालेको आयो लहर ।
.......................................
मदन आश्रित चढेको कार त्रिशुलीमा झार्दा नि ।
तर लहर रोकिएन नेता मर्दा नि ॥ (पृ. ११)
माधव ओली फसाउन दासढुगााको केशमा
धारावाही लेख छाप्छ जनादेशमा
...............................
प्रगतिशील सुधारको कार्यक्रम त्यही थियो
बौदलीय जनवाद नीति उही थियो (पृ. १३)

छौटौँ महाधिवेशन ठूलो चहल पहल
नेपालगंज शहर नै भयो झलझल
.................................
त्यै सोचमा युवा पुगे महाधिवेशन स्थलमा
ह्लभित्र प्रवेश गर्न मुढे बलमा (पृ. १४)
यस्तै यस्तै लेखहरू पत्रिकामा दिदैछ
अराजक टोलीलाई खुराक हुँदैछ ।
कैले छाप्छ जनादेशले कैले प्रकाश आस्थाले
टीएनलाई गुरू मान्छ एउटा जत्थाले ॥ (पृ. १६)

### (ख) तद्भव शब्दको प्रयोग

संस्कृत स्रोतबाट रूपमा परिवर्तन भएर तर अर्थमा परिर्वतन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भब शब्द भनिन्छ । यस कृतिमा तद्भव शब्दको प्रयोग यसरी भएको पाइन्छ :

पोखरामा तालहरू राम्रोसँग देखाउन
लान्छु तिम्लाई भनेर थाल्यो फकाउन ।

उनी पनि सुनका बाला सिक्री समेत लगाएर
ठूलै रकम पोको पारी भईन तयार ॥
मोटर साइकल चढेर हिँडे दुवै दम्पति
सिमलतालमा पुगेपछि भयो दुर्मति
गाईघाट भन्दा अल्ली वर अनकन्टार ठाँउमा
प्रलाद राणा श्रीमतीलाई मार्ने दाउमा (पृ. ५)
स्यानो- स्यानो पानीको भेल बग्दै त्यतै आएछ
बीचरी जीवन- जल जस्तै भएछ ।
त्यै धमिलो पानी पनि घुटुघुटु खाइछन्
घिस्री - घिस्री राजमार्गसम्म आइछन् ॥

आन्द्रा - भुँडी सबैलाई पेटभित्र कोचेर
बाँध्न थाले ईश्वरीको साडी च्यातेर
त्यौ ट्रकमा राखेर अस्पतालमा पुऱ्याए
न्याय प्रेमी जनताले अति सराई (पृ. ७)

आफ्नो घर दनदन हुँदा आगनमा नाच्दछ
घरमा रुवाबासी हुदाँ उ चाही हाँस्दछ ।
अघि पछि टीएन प्रधान मस्तसँग सुत्दछ
पार्टी फोर्दा चुनाव आउँदा फुत्त उठ्दछ

दासढुङ्गाको घटना भन्दा अरू कुरा जान्दैन
एमाले नै भन्दा अरू दुष्मन ठान्दैन ।
भित्र -भित्र को को थिए बाहिर टीएन नाम थियो
एमालेलाई ध्वस्त पार्ने उस्को काम थियो ।

एकाउन्नको निर्वाचनमा नब्बे सिट ल्याएको
जनता दुस्मनको सातो गएको
स्थानीय निर्वाचनमा एमालेकै पकड
जनताका दुश्मनहरूले खाए झापड

पार्टी फोर्न खुमबहादुरको ठूलै भयो लगानी
केही नेता खुमबहादुरको तालामा बगनी
छैटौँ महाधिवेशन नजिक-नजिक आउँदैछ
पार्टी फोर्नी टोलीले निउँ पाउँदैछ ॥ (पृ. १२)

### ५.२.३.५ उद्देश्य

जीवनमा विभिन्न उद्देश्य भएझैँ गीत लेखनको पनि केही न केही उद्देश्य हुन्छ । उद्देश्य विना कुनै काम गर्न सम्भव हुँदैन । त्यसैले गीतकारले गीत रचना गर्दा एउटा न एउटा उद्देश्य राखेकै हुन्छ । बिना उद्देश्य लेखिएको कृतिले कहिल्यै पूर्णता प्राप्त गर्न सक्दैन । पौडेलले यस कृतिमा राजनीतिक विकृति र विसङ्गतिलाई प्रस्ट देखाउने मानवमा हराउदै गएको मानवताको खोजी गर्ने टी.एन सम्बन्धी सम्पूर्ण समाचार कपोलकल्पित र भ्रामक हुन् भने प्रस्ट पार्ने, टी.एन. प्रधानको नक्कली मुकुण्डो उघार्ने र यथार्थ कुरा जनताको बीचमा गीत मार्फत पुऱ्याउने उद्देश्य रहेको पाइन्छ ।

### ५.२.३.६ निष्कर्ष

प्रस्तुत **टी एन प्रधानको उदय र अन्त्य** तीजको गीति सँगालो देवराज पौडेलद्वारा वि.स. २०५६ सालमा प्रकाशित कृति हो । यस कृतिमा पौडेलले सरल र सहज भाषशैलीको प्रयोग गर्नुका साथै तत्सम र तद्भव शब्दको पनि उचित प्रयोग भएको छ । उनको यस कृतिमा राजनीतिक विकृति विसङ्गति, मानवीय अस्तित्वको खोजी, मानिसको स्वार्थी प्रकृतिको चित्रण, मानवतावादी भावना रहेका छन् ।

## ५.२.४ 'किताब बदलियो प्रवृति बदलिएन' (२०६१) कृतिको अध्ययन

'किताब बदलियो प्रवृति बदलिएन' देवराज पौडेलद्धारा लिखित एक खोजमूलक कृति हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

### ५.२.४.१ शीर्षक

साहित्यकार देवराज पौडेलको प्रस्तुत खोजमूलक कृतिको नामकरण यसै पुस्तकको चौथो शीर्षकबाट लिइएको हो । यस कृतिको शीर्षक किताब बदलिनुको अर्थ पुस्तक फेरिनु

र प्रवृति बदलिएनको अर्थ परम्परा नफेरिनु हो । यसरी हेर्दा यस शीर्षकको अर्थ पुस्तक फेरिने तर परम्परा नफेरिने हुन्छ । किताब बदलिने तर यसमा देखिएका त्रुटिहरू भने नसच्याइने, हाम्रो शैक्षिक प्रणालीमा देखिने गरेको लापरबाहीलाई यर्थाथ प्रस्तुत गरी विषयबस्तु र शीर्षक बीच तालमेल मिलेकोले शीर्षक सार्थक र औचित्यपूर्ण रहेको देखिन्छ ।

## ५.२.४.२ संरचना

प्रस्तुत खोजमूलक पुस्तक वि.स. २०६१ वैशाख १ गते प्रकाशित साहित्यिक कृति हो । यस कृतिको बाहिरी आवरणको अग्रभागमा कृतिको नाम, लेखकको नाम, प्रकाशित मिति र पुस्तकको मूल्य लेखिएको छ भने पश्च भागमा लेखकको सामान्य परिचय र २०६१ साल सम्ममा लेखकका प्रकाशित कृतिहरूको सूचि रहेको छ । कृतिको अग्रभागको भित्री भागमा दुई शब्द लेखमा कृतिका बारेमा लोकनाथ पौडेलले समीक्षा लेखेका छन् । दुःखलाग्दो रहेछ लेखमा लेखकले आफ्ना गुनासा लेखेका छन् भने प्रकाशकका तर्फबाट अनिता पौडेलले पुस्तक प्रतिको आफ्नो धारणा लेखेकी छन् । *किताब बदलियो प्रवृत्ति बदलिएन र हाम्रो सामाजिक अध्ययन* गरी दुई खोजमूलक लेख, १४ अञ्चलको गीत र *एउटा बालगीत* शीर्षकको गीतसहित ३९ पृष्ठमा यो कृति संरचित छ । यसरी यसको आन्तरिक संरचनाभित्रका लेखमा हाम्रा पाठ्यपुस्तक प्रकाशनमा सलंग्न शिक्षाविद्‌हरूको गैर-जिम्मेवारीलाई औल्याउन सफल भएको छ ।

## ५.२.४.३ विषयवस्तु

देवराज पौडेलद्वारा लिखित **किताब बदलियो प्रवृत्ति बदलिएन** एक खोजमूलक कृति हो । यस कृतिको मुख्य विषयबस्तु भनेको हाम्रो विद्यालय स्तरको पाठ्यपुस्तकहरू छाप्ने क्रममा देखिएका त्रुटिहरूलाई प्रस्टरूपमा औल्याउनु हो । कक्षा ६ र ७ को समाजिक अध्ययनका पुस्तकहरूमा देखिने गरेका गल्तिहरूलाई सच्याउने कार्य गर्न अनुरोध गर्दा पुस्तकहरू चाहिँ फेरिने तर त्यस भित्रका गल्तीहरू चाहीँ नफेरिने प्रवृतिलाई प्रस्टरूपमा यस कृतिमा देखाउन खोजिएको छ ।

प्रस्तुत कृतिको विषयवस्तु भौगोलिक रूपमा भिन्न देशहरू नक्सामा राखेर देखाउने क्रममा विश्वको नक्सा र पाठ्यपुस्तकमा देखाइएको नक्साहरूमा भएका त्रुटि जस्तै

नदीनालाको भू-भाग र जमिनको भू-भागलाई छुट्याउन राख्नुपर्ने सङ्केत (वा रंग) राख्ने क्रममा भएका त्रुटि, एसिया र युरोपका भू-भागहरू नक्सामा देखाउँदा भएका त्रुटि, विषयबस्तुका व्याख्याका क्रममा भएका त्रुटिलाई प्रस्ट रूपमा देखाइएको छ ।

*१४ अञ्चल* शीर्षकको गीतमा हाम्रो देशमा रहेका १४ अञ्चलको प्रत्येक अञ्चलभित्र पर्ने जिल्लाहरूलाई पनि तिनका विशेषतालाई आधार बनाई गीत लेखेका छन् जसले गर्दा पाठकलाई सम्भन सजिलो होस् भन्ने उनको उद्देश्य रहेको छ ।

*बाल गीत* शीर्षकको गीतमा बालबालिकालाई विद्यालय गएर अध्ययन गर्न प्रेरित हुने खालको भावनाहरू अभिव्यक्त गरेको देखिन्छ ।

## ५.२.४.४ भाषाशैली

पौडेलको यस कृतिको भाषा आगन्तुक शब्दको प्रयोगका कारण उच्चारण गर्न केही गाह्रो भए तापनि बुभ्नको लागि भने सहज नै रहेको छ । पौडेलले यस कृतिमा आगन्तुक शब्दका अतिरिक्त तत्सम र तद्भव शब्दको उचित प्रयोगले रोचक बनेको पाइन्छ ।

**(क) आगन्तुक शब्दको प्रयोग**

नेपाली भाषामा नेपाली बाहेक अन्य भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । पौडेलको यस कृतिमा निम्न प्रकारका आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ :

नाइजेरिया (३.२०), वेल्जियम (पृ.२०), थाइलैण्ड (पृ. २२), युगोस्लाभिया ( पृ.२२), स्लोमेनिया (पृ २२), मेसिडोनिया (पृ २२) क्रोयेसिया (पृ २२), वोस्नियाहर्जगोविना (पृ २२), कोरिया ( पृ २२)

लिचेस्टाइन, अण्डोरा, मोनाको, भ्याटिकनसिटी, सनमारियो, मोल्दाभिया, लेसोथो, रुआण्डा, स्वाजिलैण्ड (पृ २३)

इण्डोनेशिया, अफगानिस्तान, इराक, इरान, टर्की, थाइल्याण्ड, कम्बोडिया, लावस, भियतनाम, वंगलादेश पृ २७)

U.S.A., सिरिया, पाकिस्तान, कुबेत, मंगोलिया, ग्लोब, अफ्रिका, क्यानडा, गृनलैण्ड, एटलस, साइबेरिया, रुस, जोंडन (पृ२८)

टुन्ड्रा, बोनियो न्युगिनी, अरब, जर्जिया, आर्मोनिया, अजरवैजान (पृ २९)

युक्रेन, मोल्डाभिया, वेलारुस, फिनलैण्ड (पृ ३०)।

**(ख) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूप र अर्थमा परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । पौडेलको यस कृतिमा तत्सम शब्दको प्रयोग यसरी भएको पाइन्छः

यो किताब यसै शैक्षिक सत्रबाट पढाउन थालिएको हो अथवा नयाँ ( फेरिएको) किताब हो। पुरानो सामाजिक शिक्षा कक्षा ७ मा २५ गल्तीहरू थिए । जसको यर्थाथ विवरणहरू यस प्रकाशनको पहिले प्रधानमन्त्रिज्यु यो लापरवाही पनि शिक्षकहरूको हो ?( एउटा लामो पत्र बोधार्थ धेरै ठाँउमा थियो) दोश्रो चितवनबाट प्रकाशित शिक्षक बुलेटिन २०५७ र तेश्रो गम्भीर लापरवाहीका केही उदाहरण (पुस्तिका २०५७) बाट सार्वजनिक गरेका थियौ। (पृ १०)

यो आवरण चित्र भूगोलको सिद्धान्त विपरित भयो ।..................

..........३ वटा साना राष्ट्रलाई मात्र किन इंगित गरियो दक्षिण अमेरिकाका अरू राष्ट्र भन्दा यी राष्ट्रको छुट्टै विशेषता के छ र? (पृ १२)

सङ्केत टुण्ड्रा भनिएको छ के पूर्वाञ्चल र मध्यमाञ्चल विकाश क्षेत्रमा टुण्ड्रा हावापानी पाइने मेची अञ्चलको उत्तरी भाग कुम्भकर्ण हिमाल मात्रै हो र ? ........ ७८ पेजको नक्शामा शिवपुरीलाई सिकार आरक्षण क्षेत्र भनिएको छ । त्यस्तो हैन। त्यो शिवपुरी जलाधार क्षेत्र थियो गत सालबाट त्यसलाई राष्ट्रिय निकुञ्ज घोषित गरिएको छ। (पृ १९)

भूपरिवेष्ठितको पाठ (११२) मा दिइएको नक्शा प्रयोजन रहित छ । त्यो नक्सामा विश्वका सबै भूपरिवेष्ठित देशहरू देखाउनै पर्दथ्यो बल्ल नक्शा राखेको औचित्य हुन्थ्यो । (पृ २१)

**(ग) तद्भव शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूपमा परिवर्तन भएर तर अर्थमा परिवर्तन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भव शब्द भनिन्छ । पौडेलको यस कृतिमा तद्भव शब्दको प्रयोग यसरी भएको पाइन्छ :

२) गाएनको पठारमा पर्ने तीनवटा साना राष्ट्रहरू गाएना, सूर्यनाम र फ्रेन्च गाएनालाई छुट्टै (कालो) रंग लगाउन पर्नाको कारण के हो ? .........यसको भौगोलिक अर्थ के होला जानकारी भएन ।....(पृ १२)

७) "जनजीवन ज्यादै व्यस्त भएकाले हाम्रो समाजमा जस्तै धेरै चाडबाडहरू मनाइरहने फुर्सद उनिहरूमा छैन ।".......

८) यहाँ भन्न खोजिएको युरोपमा बाक्लो बस्ती हुनु र बिकाश हुनुमा "यहाँ बग्ने नदीहरूमा भित्र भित्रसम्म पनि व्यापारिक डुंगा चल्न सक्नाले" हो ।......... (पृ १४)

.........युरोप संसारका महादेशमा दोश्रो सानो महादेश हो भने सामुन्द्रिक किनारा सबभन्दा बढी युरोप मै पर्छ । ...........

उत्तरी महासागरमा खस्ने नदीहरू प्रयोजन रहित छन् । सारा युरोपमा बस्ति बाक्लो हुनु र बिकाश हुनु ५/७ वटा नदीहरूले मात्रै हो र ? ( पृ १५)

१२) "उपयुक्त रंग र सङ्केतको प्रयोग गर्ने" (पेज नं. ७२) यो पाठमा कुन सङ्केतमा कुन रंग लगाउने भन्ने छोटो जानकारी नै दिइएको छैन बिद्यार्थीले कसरी रंगको प्रयोग गर्छन् ? (पृ १६)

४) .........यदि नक्सा दिनैपर्ने भए प्रस्ट देखिने बुझ्न सकिने विभाजनको भागहरू छुट्याउन सकिने हुनुपर्छ।

५) ..........यसै किताबको ७२ पेजको एसियाको (एसियाका जनजातिहरूको नक्सा) नक्सा पल्टाउदा एसियामा कुन कुन जनजाति कहाँ कहाँ बस्दछन् भन्ने देखिन्छ । (पृ २६)

## ५.२.४.५ उद्देश्य

देवराज पौडेलले **किताब बदलियो प्रवृति बदलिएन** कृतिको रचना पश्चात हाम्रो शिक्षामा विभिन्न शिक्षाविद्हरूबाट पटक पटक हुने गरेका त्रुटिहरूलाई राम्रोसँग नियालियोस् र जसबाट हाम्रा कलिला बालबालिकाहरूले सत्यतथ्यलाई अध्ययन गर्ने अवसर पाउन्, नेपालमा भएका १४ अञ्चल र ७५ जिल्लालाई गीत मार्फत पढ्दा छिटो र सहज रूपमा

अध्ययन गर्न सकुन् र बालबालिकाहरूलाई अध्ययनको लागी विद्यालय जाने प्रेरणा मिलोस् भन्ने उद्देश्य राखेका पाइन्छ ।

### ५.२.४.६ निष्कर्ष

प्रस्तुत 'किताब बदलियो प्रवृति बदलिएन' देवराज पौडेलको खोजमूलक कृति हो। वि.स.२०६१ सालमा प्रकाशित यस कृतिमा लेखकले केही अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोगले उच्चारण गर्न जटिल भएतापनि सरल र सरस भाषा शैलीको प्रयोगले बुझ्नलाई ज्यादै सजिलो रहेको छ । यसमा तत्सम र तद्‌भव शब्दको पनि उचित प्रयोग भएको पाइन्छ । यस कृतिमा लेखकले तत्कालीन समयमा विद्यालय स्तरका पुस्तकहरूमा हुने गरेका त्रुटिहरूलाई सच्चाएर सत्य तथ्यमात्र बालबालिका सामु सम्प्रेषण गर्नुर्पछ तब मात्र हामीले चाहेको दक्ष जनशक्ति निर्माण गर्न सकिन्छ भनेर देखाउन खोजेका छन् ।

## ५.२.५ गैडा जोगाऔं (२०६५) कृतिको अध्ययन

**गैडा जोगाऔं** देवराज पौडेलद्वारा लिखित एक नाटक हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

### ५.२.५.१ शीर्षक

प्रस्तुत **गैंडा जोगाऔं** कृति देवराज पौडेलद्वारा रचित एक चेतनामूलक नाटक हो । यस नाटकको शीर्षक विश्वसम्पदा सूचीमा रहेको एक सिङ्गे गैडाको संरक्षणसँग सम्बन्धित विषयवस्तुलाई आधार बनाएर नामाकरण गरिएको छ । नाटकमा वातावरण संरक्षण, लोप हुन लागेको वन्यजन्तुको संरक्षण, मानव जातिको कर्तव्य र जिम्मेवार, वर्तमान अवस्थामा जङ्गली जनवरहरू जनचेतनाको अभावका कारण दिनानुदिन लोप हुने अवस्थामा पुगेको यथार्थ चित्रण गरिएकोले शीर्षक विषयका आधारमा सार्थक र औचित्यपूर्ण नै देखिन्छ ।

### ५.२.५.२ संरचना

प्रस्तुत नाटक वि.स. २०६५ जेष्ठ १० गते सांस्कृतिक विभाग गङ्गानगर मा.वि.द्वारा प्रकाशित साहित्यिक कृति हो । यसको बाहिरी आवरणमा फिका हरियो रंगमाथि जङ्गलभित्र हिँडेको गैंडाको आर्कषक चित्र, कृतिको नाम, लेखकको सचित्र सामान्य परिचय र त्यसको तल्लो भागमा २०६५ सालसम्मको लेखकका प्रकाशित कृतिको सूची रहेको छ भने

अग्रभागको भित्री आवरणमा स्व. मनवोद महतोमा समर्पित भनेर मनवोदको सचित्र, जिल्ला शिक्षा कार्यलय भरतपुरले दुई शब्द लेखिपठाएको *शुभकामना पत्र, शुभकामना* र *दुई शब्द* लेख रहेका छन् । यसबाहेक एउटा नाटक, मनोवादकै नाउँमा शीर्षक गीत, लेखकका अप्रकाशित किताबहरूको नामावली, वि.स. २०६५ वैशाख २६ गते गठित जु.रे.स (मा.वि. गङ्गानगर ) को नामवलीसहित ३४ पृष्ठमा संरचित छ ।

## ५.२.५.३ विषयवस्तु

देवराज पौडेलद्वारा रचित **गैडा जोगाऔं** एक वन्यजन्तु संरक्षणसँग आधारित नाटक हो । नाटकमा लेखकले विश्वमा दुर्लभ रहेको वन्यजन्तु गैंडाको संरक्षण गनुपर्छ भनेर जनचेतना जगाउन खोजेका छन् यो नाटक एघार दृश्यमा संरचित छ ।

प्रथम दृश्यमा सरल शर्माले विद्यार्थीलाई एकसिँङ्गे गैंडाको महत्त्वका बारेमा पढाएका छन् । यसको चोरी शिकारीले वातावरणमा कस्तो प्रभाव पर्छ भनेर पढाएका छन् भने यसको संरक्षणको लागि हामीहरूले आफ्नो गाउँ घरमा आउन नयाँ र नौला मान्छेको निगरानी राख्नु पर्छ भनेर मानवीय कर्तव्यको बोध गराएका छन् ।

दोस्रो दृश्यमा विद्यार्थी हरि र शिक्षक बीचमा कृष्णको घरमा नयाँ मान्छे आउने गरेका छन् । यसको बारेमा नियमीत विद्यालय आउन छोडेको कृष्णलाई नियमित विद्यालय आउने वातावरण सृजना गर्न उसको अभिभावकसँग सल्लाह गर्ने जसबाट नयाँ मान्छेका बारेमा थाहा पाइन्छ भन्ने योजना बनाइएको छ ।

तेस्रो दृश्यमा शिक्षकको पहलमा कृष्णलाई नियमित विद्यालय पढाउन उसको अभिभावकसँग सल्लाह गरिएको छ ।

चौथो दृश्यमा शिक्षकबाट कृष्णको घरमा आउने मान्छे को हो ? र किन आएका हुन् ? भनेर सोधिन्छ । ती मान्छे अंकलका साथी भएका र बाघ गैंडाको बारेमा गफ गर्ने गरेका, राती राती मृग पनि मारेर मासु खाने र सुकुटी बनाएर पनि राखेका कुराको जानकारी कृष्णले दिइएका छन् ।

पाँचौं दृश्यमा कृष्णबाट शिक्षकले सुकुटी वा तस्करीको प्रमाण लिदै तस्करीलाई हरिको घरको कोठामा रक्सी खुवाएर लडाउने र कब्जामा लिने योजना बनाइएको छ ।

छौठौं दृश्यमा योजना अनुसार तस्करीलाई हरिको घरमा राखी हरि रक्सी किनेर ल्याउछु भनि तस्करीलाई कोठामा थुनेर शिक्षक कहाँ कसरी तस्करी समात्ने भनि योजना बनाएर घर जान्छ ।

सातौँ दृश्यमा तस्करीलाई उनीहरूले भनेभन्दा बढी रक्सी ल्याई खुसी बनाएर शिक्षकलाई तस्करीसँग परिचय गराई भैलिखेल्ने निहुँ बनाई पुन : कोठामा चापी लगाई थुन्छन् ।

आठौँ दृश्यमा तस्करीलाई रक्सी खुवाएर लट्ठाई कोठामा थुनेर सुरक्षाकर्मीलाई कसरामा खबर गरी सुरक्षकर्मी हरिको गाउँमा आइपुग्छन् ।

नवौ दृश्यमा योजना अनुरूप तस्करीलाई २ थान पिस्तोल गोली, बन्चरो, खाग, खुर समेत समात्न सफल भए । तस्करी समात्न ठूलो सहयोग गरेको भन्दै शिक्षक र विद्यार्थीलाई धन्यवाद दिई सुरक्षा कर्मीले हामीले खबर गरेको बेला विद्यार्थी भाइबहिनी सहित उपस्थित् हुनुहोला भनेर शिक्षक विद्यार्थीको नाम थर र ठेगाना लिएका छन् ।

दशौं दृश्यमा शिक्षक र विद्यार्थीको सहयोगमा ५ जना सिकारी हात हतियार, खाग, खुर सहित गिरफतार परेका छन् भन्ने खबर रेडियोबाट समाचार सुनेपछि जनप्रिय मा.वि का प्र.अ ले शिक्षक र विधार्थीलाई धन्यवाद दिएका छन् । कसरा क्याम्पबाट सम्मानपत्र ग्रहण गर्नको लागि विद्यार्थी र शिक्षकलाई पत्र आएको छ ।

एघारौँ दृश्यमा कसरा क्याम्पको एक कार्यक्रममा जनप्रिय मा.वि. का विद्यार्थीका तर्फबाट गैंडा जोगाउने हाम्रो कर्तव्य हो भनेर चुड्का भजन प्रस्तुत गरिएको छ भने कार्यक्रमका सभापतिबाट सुरक्षाकर्मीले गर्न नसकेको काम एउटा ग्रामीण विद्यालयका शिक्षक र विद्यार्थीले गरेकोमा धन्यवाद प्रकट गरिएको पाइन्छ ।

### ५.२.५.४ भाषाशैली

**गैडा जोगाऔँ** नाटकको भाषा पाठकले बुझ्न सक्ने ज्यादै सरल र सरस रहेको छ, जसले गर्दा पाठकले सजिलै बुझ्न सक्छन् । शीर्षक अनुसारको उचित भाषाको प्रयोग भएका कारणले कृति ज्यादै रोचक बन्न पुगेको छ । यसमा जुरुक्क, सरासर र सुटुक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । तत्सम र तद्भव शब्दको प्रयोग हुनुका साथै गिरफ्तार, डिस्टप, रिपोर्ट र पिस्तोल जस्ता अङ्गेजी आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ ।

**(क) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूप र अर्थमा परिर्वतन नभई जस्ताको तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम् शब्द भनिन्छ । यस कृतिमा तत्सम शब्दको प्रयोग यसरी भएको पाइन्छ :

शिक्षक: "यो विश्वको राजनैतिक नक्सा हो । विश्वमा साना ठूला गरेर करिब २०० भन्दा बढी देशहरूछन् । एकसिँङ्गे गैंडा पाइने नेपाल र भारतमात्र हुन । नेपालको मुख्य क्षेत्रमा चितवन राष्ट्रिय निकुञ्ज हो र भारतका आसाम प्रदेश हो ।' (पृ. १)

शिकारीः हामी जर्नेली पोष्टका सुरक्षाकर्मी हौँ । तिहार पर्व यतै मनाउ भनेर आएका हौं ।............

शिक्षक: 'खेल्न हुन्थ्यो श्रीमती टिका लगाउन माइत गएकी छन् । घरमा भैली आउँछन् म गाइहाल्छु तपाईहरू मनोरञ्जन गर्नुहोस् । (पृ. ११)

कसरा : 'माफ गर्नुहोस् सर । यति पाको योजना बनाएर तस्करीलाई नियन्त्रण गर्नु भएको रहेछ । हुनत गुरूहरू गुरू नै हुन ।' (पृ. १२)

शिक्षक : 'उनीहरू आफुलाई जर्नेली पोस्टका सुरक्षाकर्मी हौँ भन्छन् जङ्गलमा फायरिङ्ग हुन्छ । सुरक्षाकर्मी भनिएका गाउँमा रक्सी खाएर भल्लिन्छन् ।.....

शिक्षक : ती चारजना शंकास्पद मान्छेले आफूलाई जर्नेली पोष्टका सुरक्षाकर्मी हौं भनेका छन् । जर्नेलीको पोष्टमा बुझौ की भनेर ।' (पृ. १३)

शिक्षक :- 'काम पूर्ण सफल भयो । कसराबाट ठीक समयमा सुरक्षाकर्मी र प्रशासन आइपुग्यो, छापामार गरियो, ५ जना गैंडा सिकारी समातिए, २ थान पिस्तोल गोली, बञ्चरो, खाग खुर समेत वरामत गरियो । ..... (पृ.२०)

हामीले के शिक्षा पायौं भने रात दिन हतियार बोकेर गस्तीमा खटेका सुरक्षाकर्मी ले पनि नसकेको काम एउटा विद्यालयका शिक्षक विद्यार्थीबाट सफल भयो । यो एउटा ठूलो शिक्षा हो । सरल सर त्यो विद्यालयको मात्र गरु नभएर हाम्रो पनि गुरू हुनु भयो । अब सम्पूर्ण तह तप्काका जनसुदाय, शिक्षक विद्यार्थी किसान सबैले आ-आफ्नो ठाउँबाट जङ्गली जनावर संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलिदिनु हुन्छ ... । (पृ. २७)

**(ख) तद्भव शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूपमा परिवर्तन भएर तर अर्थमा परिवर्तन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भवशब्द भनिन्छ । यस कृतिमा तद्भव शब्दको प्रयोग यसरी गरीएको पाइन्छ :

शिक्षकः- **"**बाटो बिराएर हैन, आज यै घर सोभ्याएर आएको हुँ ।"

ठूल्दाई :- "खै सर त्यो घरमा बस्दैन खेल्नै जान्छ । स्कुल पनि जाँदैन गयो भने पनि आज सरहरू छैनन् भनेर आउँछ ।"

शिक्षक :- हेर्नुहोस् ठूल्दाई तपाई अनपढ हुनुहुन्छ सारै सोभ्रो हुनुहुन्छ । तपाइको छोरालाई पढाउनै पर्छ त्यो स्कुल आउँदैन । (पृ. ५)

कृष्ण :- छन् सर सुतिरहेका छन् । रातभरी के के गरे दिन भरी सुत्ने होलान् ।.................

कृष्ण :- "कसरी सकिन्छ र सर ?"

शिक्षक :- ............त्यसैले खाना खाएर घरमा सुत्ने बन्दो बस्त मिलाएको छु भनेर हरिको घरमा ल्याउने त्यहाँ टन्न रक्सी खाएर लडाउने र .......... लिने हरिलाई म भन्छु ।

शिक्षकः- हरि भएको ठाउँमा गएर भैली खेल्नी आउँछन् बबाल हुन्छ म ढोका लगाइदिन्छु भित्रै खानोस् खेल्नोस् कोही पनि आउँदैन भन्नु ।

हरि :- "अंकलहरू रक्सी देखेपछि खान विभिन्न किसिमका मानिस आउँछ बबाल हुन्छ, मलाई
पढ्न डिस्टप हुन्छ । त्यसैले मैले बाहिरबाट चापी लागाइदिन्छु कसैलाई थाहा हुँदैन, हुँदैन र अंकल ?"

## ५.२.५.५ उद्देश्य

कुनै पनि कृतिको लेखनको केही न केही उद्देश्य हुन्छ । उद्देश्यविना कुनै काम गर्न सम्भव हुँदैन । त्यसैले नाटककारले नाटक रचना गर्दा पनि एउटा न एउटा उद्देश्य राखेको हुन्छ । **गैडा जोगाऔं** नाटकमा नाटककारले विश्वमा दुर्लभ रहेको गैडाको चोरी सिकारीका कारण दिनानु दिन लोप हुन सक्ने खतरामा रहेकाले यसको संरक्षण गर्नको लागि जनचेतना जगाउने मानवको मानवीय कर्तव्य बोध गराउने उद्देश्यले यो कृति रचना गरेको पाइन्छ ।

## ५.२.५.६ निष्कर्ष

प्रस्तुत **गैंडा जोगाऔं** नाटक देवराज पौडेलको वि.स. २०६५ सालमा प्रकाशित कृति हो । यस कृतिमा पौडेलले ज्यादै सरल र सुबोध भाषाशैलीको प्रयोग गर्नुको साथै तत्सम, तद्भव र आगन्तुक शब्दको उचित प्रयोग गरेका कारणले कृति ज्यादै रोचक बनेको छ । यस कृतिमा नाटककारले विश्वमा दुर्लभ रहेको वन्यजन्तुको संरक्षणका लागि जनचेतना जगाउने, मानवको मानवीय कर्तव्यको बोध गराउनु नै यसको प्रमुख विशेषता रहेको छ । समग्रमा भन्नुपर्दा यसकृति वन्यजन्तु संरक्षणका लागि जनचेतनामूलक रहेको पाइन्छ ।

## ५.२.६ 'खुला दिसामुक्त क्षेत्र बनाऔं' (२०६६) कृतिको अध्ययन

**खुला दिसा मुक्त क्षेत्र बनाऔं** देवराज पौडेलद्वारा लिखित गीति नाटक हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

## ५.२.६.१ शीर्षक

साहित्यकार देवराज पौडेलको प्रस्तुत गीति नाटकको नामाकरण यसै सँगालोभित्रको प्रथम गीत *खुला दिसा मुक्त क्षेत्र बनाऔं* शीर्षकबाट गरिएको हो । यस गीति सँगालोमा जनचेतनाको अभावका कारण जथाभावी रूपमा गरिने फोहरले विभिन्न किसिमका रोगबाट पीडित हुनुपरेको तत्कालीन समयको नेपालीहरूको जीवनको यथार्थ भोगाइलाई प्रस्तुत गरिएकोले कृतिको शीर्षक र विषयबस्तु बीच तालमेल मिलेको छ । त्यसैले कृतिको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको देखिन्छ ।

## ५.२.६.२ संरचना

प्रस्तुत गीतिनाटक वि.सं. २०६६ असोजमा प्रकाशित साहित्यिक कृति हो । यस कृतिको बाहिरी आवरणको अग्र भागमा कृतिको नाम, लेखकको र प्रकाशकको नाम, कृतिको प्रकाशन मिति र कृतिको मूल्य रहेको छ भने पश्च भागमा लेखकको सामान्य परिचय र वि.स. २०६६ सम्ममा लेखकका प्रकाशित कृतिको नाम रहेको छ। यसको प्रकाशक जनजागरण अभियान पटिहानी रहेको छ । कृतिको अग्रभागको भित्री भागमा *सबैले सहयोग पुऱ्याउ, शुभकामना, बहुआयामिक बुद्धिजीवी, योगदानको कदर गरौ* र *हार्दिक धन्यवाद*

शीर्षकका लेख रहेका छन् । यसबाहेक विभिन्न शीर्षकमा चारवटा गीत र एउटा नाटक रहेको छ। यस कृति जम्मा २४ पृष्ठमा संरचित छ।

### ५.२.६.३ विषयवस्तु

**खुला दिसामुक्त क्षेत्र बनाऔं** नामक कृति एक गीति नाटक हो । यस कृतिमा नाटककारले खुल्ला दिसामुक्त क्षेत्र बनाई हाम्रो समाजलाई स्वच्छ र स्वास्थ्य समाज निर्माण गर्न खोजेका छन् ।

**खुला दिसामुक्त क्षेत्र बनाऔं** शीर्षकको लोकगीतमा इस्वी संवत् २००९ को चितवनलाई खुला दिसा मुक्तक्षेत्र बनाउ, कार्यक्रमलाई सफल बनाउ र स्वच्छ, स्वास्थ्य र सभ्य समाज निर्माण गर्न प्रेरित गरेको पाइन्छ ।

*कसरी खान्छौँ हामीले आफ्नो दिसा आफैँले* शीर्षक चुड्का भजनमा खुला दिसाको कारण विभिन्न झिँगाहरूको माध्यमबाट हामीले आफ्नो दिसा आफैँ खाई रोग निम्त्याइ रहेका हुन्छौ । त्यसैले यसबाट हामी सचेत रहौ भनेर जनचेतना जगाउन खोजेको पाइन्छ ।

*चर्पी बनाऔं* शीर्षकको दोहोरी चुड्का भजनमा चर्पीभन्दा बाहिर खुला दिसापिसाब गर्दा हाम्रो स्वास्थ्यमा नकरात्मक असर पर्न गई हामी विरामी पर्ने हुदाँ चर्पीमा मात्र दिसापिसाब गर्नुपर्छ भनेर जनचेतना जगाउन खोजेको पाइन्छ ।

*गुरूचेला* शीर्षकको दोहोरी चुड्का भजनमा गुरूले चेलालाई प्रजातन्त्रका नाममा लामो कपाल पाल्ने, भट्टीभित्र पस्ने, गाजाँ चुरोट खाने, जुवातास खेल्ने, सद्दे पाइन्ट काटेर लगाउने, काम नगर्ने, रुढीवादी संस्कारलाई त्यागेर नयाँ जनसस्कृतिको जग बसाल्नु पर्ने, सामन्ती शोषण, जालझेल, अन्याय, अत्याचार, हत्या, हिंसा, घुसखोरी र भ्रष्टचारको विरुद्धमा लड्नु, सभ्य र असल जीवन बिताउन सल्लाह दिएका छन् ।

यसै कृतिमा एउटा नाटक पनि लेखिएको छ । यसमा शिवले चर्पी निर्माण नगरी घरवरिपरि छोराछोरीलाई दिसा पिसाब गर्न लगाएकाले छोरा गुमाउनु परेकोले उसलाई चर्पी बनाई दिसा पिसाब गर्न चेतना दिनु रहेको छ । उसले गाउँलेलाई पनि सचेत गराएको पाइन्छ ।

### ५.२.६.४ भाषाशैली

प्रस्तुत कृतिको भाषा शैली ज्यादै सरल र सुबोध रहेको छ । यस मा सरासर, टुलुटुलु र डुङ्डुङ जस्ता अनुकरणात्मक शब्द को प्रयोग हुनुकन साथै तत्सम र तद्भव शब्दको पनि उचित प्रयोग भएको पाइन्छ । पौडेलको यस कृतिमा तत्सम र तद्भव शब्दको प्रयोग यसरी भएको पाइन्छ :

**क) तत्सम शब्दको प्रयोग**

संस्कृत स्रोतबाट रूप र अर्थमा परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । पौडेलको यस कृतिमा तत्सम शब्दको प्रयोग यसरी भएको पाइन्छ :

खुला दिसामुक्त क्षेत्र कार्यक्रम आयो
यै कारणले हाम्लाई चुड्का गाउन मन लाग्यो

....................................................

आदरणीय दर्शकहरू तपाई हाम्रो गाउँ
खुला दिसामुक्त क्षेत्र बनाउ सबै ठाउँ (पृ ३)
विद्यार्थीः ममा त्यस्तो विकृतिले कतै छोया छ र ?
यै कारणले तपाइको दिल दुख्या हो र ?
विद्यार्थीः प्रजातन्त्र भन्दै कपाल पाल्छौ की?
भट्टभित्र पसेर ठर्रा दन्कौन थाल्छौ की? (पृ २०)
विद्यार्थीः तपाईको निर्देशन जस्तो मलाई औंछ
वास्तवमा मेरा निम्ति मार्गदर्शक बन्छ
जे भन्नु छ त्यै बन्छु
निर्देशन मान्छु
शिक्षकः श्रमजिवि जनतालाई मित्र शक्ति ठान्नु
यो त मेरो सुझाव हो तिम्ले अर्ति मान्नु
शिक्षकः रुढिवादी परम्परा च्यातचुत पार
प्रगतिशील विचार माथी सधै विश्वास गर (पृ २२)
शिक्षकः सामन्ती शोषण जालझेल अन्याय अत्याचार

हत्या, हिंसा, घुसखोरी तथा भ्रष्टाचार अत्याचारको विरुद्ध.....

विद्यार्थीः सबै खाले शोषणको विरुद्ध लड्ने छु.....(पृ २३)

## (ख) तद्भव शब्दको प्रयोग

संस्कृत स्रोतबाट रूपमा परिवर्तन भएर तर अर्थमा परिवर्तन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भव शब्द भनिन्छ । पौडेलको यस कृतिमा तद्भव शब्दको प्रयोग यसरी भएको पाइन्छः

सस्तो चर्पी बनाउँदा लाग्दैन ऋण पनि
घरमा आउनी पाउनाले मान्दैनन् घिन पनि
हाम्लाई रोग सर्दैन
पीर मान्नु पर्दैन

आफ्नो मात्र चर्पी भर निरोगी हुने रैन्छ
आफ्नै टोलका सब घरमा चर्पी हुनै पर्छ
आफ्नो दिसा थन्क्यौछौ
अरूको दिसा खान्छौ
तपाई हामी सबैले नै यो कुरा जानी राखौ
चर्पीमा नै दिसा बसौ निरोगी बनी राखौ
रोगले छुँदैछुँदैन
घर फोहोर हुँदैन

गाउँदा गाउँदै समयले नेटो काटिसक्यो
अब हामी बिदा माग्ने समय आईसक्यो
अब बिदा मागौँ है
दर्शक अब जाउँ है (पृ ६)

शिवः "चर्पी नहुनाले फोहोर भयो। माखा भिँगा खाइयो यही कारणले जेठो गयो, कान्छो बिरामी भयो। सबैले मेरो घरमा खाना खान मान्दैनन् । अब चर्पी नबनाई भएन ।"

शिवः (आक्तिदै) बर्बाद भयो, 'घर वरपरी दिसैदिसा छ टेक्ने ठाँउ नै छैन'

सांस्कृतिक टोली आइपुग्यो

अब बेइज्जत हुने भयो । बरु लुक्न जान्छु । (पृ १०)

बाटाको दिसा माखाले लान्छ भान्छा भित्र

खानाखान गारो मान्छन् आफ्ना इष्टमित्र

बाटाको दिसा भान्छामा

आउँछ जाना जान

सबै कुरा बिग्रेको हो चर्पी नहुनाले

घरको मालिक भएरनी म बेठिक हुनाले

एउटा चर्पी बनाउछु

अब सभ्य हुन्छु (पृ १२)

विद्यार्थीः गाँजा चुरोट सुर्ती खैनी खानी चलन छैन

साँझपख एस्सो भट्टी जानी चलन छैन

मुन्द्रा लाउनी जाडँ खानी

छैन मेरो बानी (पृ २०)

## ५.२.६.५ उद्देश्य

कुनै पनि कृति लेखनको केही न केही उद्देश्य रहेको हुन्छ । उद्देश्यबिना कुनै पनि काम गर्न सम्भव हँदैन । त्यसैले यस गीतिनाटक रचना गर्दा नाटककारले एउटा सफा र स्वच्छ समाज निर्माण गर्ने, चितवनलाई खुलादिसा मुक्त क्षेत्र बनाउने काममा सबै तह र तप्काका जनसमुदायलाई चेतनशील बनाउने र हाम्रो जस्तो गरिब मुलुकलाई शिक्षा र स्वास्थ्यका क्षेत्रमा राम्रो सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।

## ५.२.६.६ निष्कर्ष

प्रस्तुत 'खुलादिसा मुक्त क्षेत्र बनाऔं' देवराज पौडेलको गीतिनाटक हो । वि.स. २०६६ असोजमा प्रकाशित यस कृतिमा नाटककारले तत्सम र तद्भव शब्द र अनुकरणत्मक

शब्दको उचित प्रयोग गरेकोले कृति ज्यादै रोचक र औचित्यपूर्ण बन्न पुगेको छ । यस कृतिमा पौडेलले हाम्रो समाजलाई खुलादिसा मुक्त क्षेत्र बनाई एउटा स्वच्छ र सफा समाज निर्माण गर्ने, प्रत्येक जनतामा जनचेतना जगाउने र एउटा सभ्य समाजको निर्माण गर्न खोजेको देखिन्छ ।

### ५.२.७ 'पाटेबाघको संरक्षण गरौँ' (२०६७) नाटकको अध्ययन

**पाटेबाघको संरक्षण गरौँ** देवराज पौडेलको दुर्लभ जनावरको संरक्षण गर्ने सन्देश दिएको कृति हो । यस कृतिको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ ।

#### ५.२.७.१ शीर्षक

कुनै लेख-रचना ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ (अधिकारी र भट्टराई, २०६३ : ९४२) । साहित्यकार देवराज पौडेलको प्रस्तुत नाटकको नामाकरण यसै नाटकको प्रमुख विषयवस्तु **पाटेबाघको संरक्षण गरौ** बाट गरिएको छ । यहाँ विश्वमा दुर्लभ जनवार पाटेबाघको चोरी शिकारी बढ्दै गएर लोप हुने अवस्थामा पुगेकाले यसको संरक्षणको लागि जनस्तरबाट नै प्रयास गर्नुपर्ने विषयवस्तु राखिएकाले विषयवस्तु र शीर्षक बीच सामान्यजस्य मिलेकाले शीर्षक सार्थक देखिन्छ ।

#### ५.२.७.२ संरचना

विभिन्न अवयव घटनाहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ (गैरे र आचार्य, २०५९ : ३३४) । संरचना दुई प्रकारका हुन्छन्, जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । **पाटेबाघको संरक्षण गरौ** नाटक संरचनागत रूपले हेर्दा दुईवटा गीत र एउटा नाटक सहित सङ्कलित भएको आवरणसहित ३९ पृण्ठको सानो आकारको कृति हो । प्रस्तुत कृति वि.सं. २०६७ मा जनजागरण अभियान पटिहानी चितवनको प्रकाशत्वमा भारती प्रेस नारायणगढबाट प्रकाशित भएको हो । यसको अग्रभागको भित्र चितवन राष्ट्रिय निकुञ्ज कसराका प्रमुख संरक्षण अधिकृत डा. नरेन्द्रमान बाबु प्रधानले विश्वमा दुर्लभ मानिएको पाटेबाघको संरक्षणका लागि थप ऊर्जा मिलोस् भन्ने शुभकामना दिएका छन् र सहयोगका

लागी धन्यवाद लेखमा यस पुस्तकको प्रकाशन गर्न सहयोग गरेकोमा धन्यवाद भन्दै लेखकले आफ्ना विचार दिएका छन् । यसको वाह्य आवरणको अग्र भागमा एउटा जङ्गलमा रहेको पाटेबाघको चित्र, कृतिको नाम, र लेखकको नाम छ । पश्चभागमा लेखकको परिचय र वि.सं. २०६७ सम्म प्रकाशित लेखकका कृतिको नामवलीको सूची दिइएको छ । यसबाहेक कृतिभित्र *अनुरोध* र *हाम्रो बाँच्ने अधिकार खै आज* शीर्षकका दुईवटा गीत र एउटा नाटक रहेको छ ।

### ५.२.७.३ विषयवस्तु

देवराज पौडेलद्वारा लिखित **पाटेबाघको संरक्षण गरौ** एक गीतिनाटक हो यस नाटकमा लेखकले विश्व सम्पदासूचीमा रहेको पाटेबाघको संरक्षणमा लागौँ भनेर सन्देश दिन खोजेका छन् ।

यस नाटकभित्र *अनुरोध* शीर्षकको गीतमा इस्वी सम्वत् २०१० लाई विश्व बाघ वर्षका रूपमा मनाऔं र यसको संरक्षणका लागि लेखिएको नाटक प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्न अनुरोध गरेको पाइन्छ ।

*हाम्रो बाँच्ने अधिकार खै आज* शीर्षकको गीतमा वनजङ्गलको संरक्षण र मानवीयताको पक्षलाई देखाउन खोजेका छन् । यहाँ हामी बाघहरू जङ्गली जनवार हौँ हाम्रो वासस्थान जङ्गल हो । यसको संरक्षणको लागि मानिस जस्तो चेतनशील प्राणी सचेत हुनु पर्‍यो भनेर बाघले स्वतन्त्र रूपमा वाँच्न पाउने हाम्रो अधिकार खै आज भनेर अधिकारको खोजी गरेका छन् ।

प्रस्तुत नाटक आठ दृश्यमा संरचित छ । यस नाटकको प्रथम दृश्यमा शिक्षक र विद्यार्थी बीच घनिष्ट सम्बन्ध रहेको पाइन्छ भने शिक्षक र विद्यार्थी दुवै मिली इको क्लब गठन गरी त्यसमा पाटेबाघको किन महत्त्व छ ? यसको संरक्षण गर्न के गनुपर्छ ? भनी छलफल गरेको पाइन्छ । बाघको संरक्षणमा इको क्लवका सदस्यहरूले गाउँमा आउने अपरिचित व्यक्तिको निगरानी गर्ने र क्लवलाई जानकारी दिने योजना बन्छ ।

दोस्रो दृश्यमा वन्यजन्तु संरक्षण अधिकृतले शिक्षकलाई जङ्गलमा पाटेबाघको चोरी सिकारी बढेकोले इको क्लब परिचालन गरेर चोरी नियन्त्रण गर्नु पर्‍यो भन्दछन् । शिक्षकले क्लवको बैठकमा बाघको संरक्षणका लागि योजना भएको कुरा सुनाउँछन् ।

तेस्रो दृश्यमा क्लवको अध्यक्षको घरको भैँसी बाघले खान्छ । बाघलाई मार्न पऱ्यो यसले हाम्रो भैसी खायो भनेर अध्यक्षको बुबाले भन्दा यो विश्वको दुर्लभ वन्यजन्तु हो यसको संरक्षण गर्नुपर्छ भनेर सल्लाह गर्छन् ।

चौथो दृश्यमा भैसी बाघले खाएपछि बाघ मार्ने तस्कर अध्यक्ष नविनको घरमा राती आउने भनेको कुरामा छलफल हुन्छ । तस्करीलाई हाम्रो योजना अनुरूप समात्नु पर्छ भनेर सल्लाह गर्छन् ।

पाँचौ दृश्यमा योजना अनुसार बाघ मार्ने तस्कर राती आउँछन् । तस्करले नविनलाई यो कुरा कसैलाई नभन् भनेर पाँचहजार रूपैया दिन्छन् । तस्करी जङ्गल पस्छन् । नविनले शिक्षकलाई खबर गर्छन् ।

छैठौँ दृश्यमा सुरक्षाकर्मीका साथमा संरक्षण अधिकृत आउँछन् । शिक्षक र नविनको सहयोगमा बाघको शिकारीहरू समातिन्छन् । सुरक्षाकर्मीहरू पनि सजिलै तस्करीलाई रंगीहात समाउन सफल भएकोमा खुसी हुन्छन् ।

सातौँ दृश्यमा सबैतिर समाचारमा इको क्लवको सहयोगमा रंगेहात तस्करी समाउन सफल भएको खबर फैलिन्छ । प्र.अ. ले ज्यादै खुसी हुँदै आफ्नो विद्यालयको नाम उच्च शिखरमा पुऱ्याएको भन्दै इको क्लबका सबै सदस्यहरूलाई धेरै धेरै धन्यवाद दिन्छन् । अध्यक्षलाई पुरस्कृत यो अभियान सफल बनाएको घोषणा गर्छन् ।

आठौं दृश्यमा शिवले तस्कर घरमा आएर बसेको र ती राष्ट्रका शत्रु हुन् भन्ने थाहा पछि मात्र भएकोमा माफी माग्दछन् भने शिक्षकले थाहा नभए पनि शिव र उनको छोराको सहयोगमा तस्कर समात्न पाएकोमा खुसी व्यक्त गरेका छन् ।

यसरी यस नाटकमा विश्वसम्पदाको सूचीमा रहेको पाटेबाघको संरक्षण गर्नुपर्छ भन्ने सन्देश दिएको पाइन्छ ।

## ५.२.७.४ भाषाशैली

यस नाटकको भाषा ज्यादौ सरल र सहज छ । जसले गर्दा पाठकले सजिलो बुझ्न सक्दछन् । तत्सम् तद्‌भव शब्दको उचित प्रयोगले नाटक ज्यादै रोचक बनेको छ भने परर, सरासर र टुलुटुलु जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### (क) तत्सम शब्दको प्रयोग

संस्कृत स्रोतबाट रूप र अर्थमा परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिन्छ । पौडेलको यस कृतिमा तत्सम शब्दको प्रयोग यसरी भएका छन् :

नविनः तिनीहरू तस्कर हुन् । हाम्रो देशका शत्रु हुन् । हाम्रो राष्ट्रका सम्पति खतम पार्दै छन् । ..... (पृ . २६ )

नविनः "लाग्दैन अपराधीलाई पक्राउँदा धर्म लाग्छ । तिनीहरू हाम्रा ईष्टमित्र हैनन् ।........

हाम्रो मायाले ५००० दिएका पनि हैनन् । राष्ट्रको शत्रुलाई माया मान्नु जरुरी पर्दैन । पिर नलिनोस् ।"................

शिवः त्यसो भए सँगै जाउ तनी म आमालाई छोरालाई औषधि गर्न लाग्नुभयो भन्न लगाउँछु । ........ (पृ. २७)

नविन : यो त संसारको महत्त्वपूर्ण प्राणी मध्यको एक हो । यो जम्मा १३ वटा देशमा मात्र पाइन्छ रे । यो विश्व दूर्लभ वन्यजन्तु हो रे । राष्ट्रको अमूल्य सम्पति पनि हो रे । (पृ. २१)

स.अ : "ल शिव दाई भाउजु बाबु नविन बस्नु है हामी जान्छौ । यो घरले अति महत्त्वपूर्ण काम गऱ्यो । आफ्नो भैंसी मार्ने बाघ मार्ने शिकारीलाई पक्राउन मद्दत पुऱ्यायो । ......................... (पृ. ३३)

चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीद्वारा जनजागरण मा.वि. मा वातावरण तथा वन वन्यजन्तुको संरक्षणका लागि स्थापित भएको ईको क्लबको सहयोगमा ..................

आज संरक्षण अधिकृतद्वारा मा.वि. का ईको क्लबका छात्राछात्रहरू लगायत शिक्षक नायकलाई धन्यवाद ज्ञापन गरिएको छ । (पृ. ३५)

### (ख) तद्भव शब्दको प्रयोग

संस्कृत स्रोतबाट रूपमा परिर्वतन भएर तर अर्थमा परिर्वतन नभई नेपाली भाषामा आएको शब्दलाई तद्भव शब्द भनिन्छ । यस्ता तद्भव शब्दको प्रयोग पौडेलका कृतिमा प्रशस्त पाइन्छ जुन यस प्रकार छन् :

नविन : "बाबाको भनाई अल्ली गम्भीर छ । ३ जना नयाँ मान्छे आएका छन् । उनीहरू बाघ मार्ने टोली जस्ता छन् । बाबालाई उक्साई रहेका छन् । उनीहरू खाना खाएर भैँसी मारेको ठाँउमा सुटुक्क जान भनेका छन् ।"........

नविन : "हुन्छ सर जान्छु , बेलुका त घरमा हुनुहुन्छ होला ।"

नविन : "दिउँसो एकपटक बिमारीलाई भेट्न आएको भनेर आउनुहोस् है सर ।" (पृ. २३)

शिव : "बाबुले मानेको छैन के गर्ने के गर्ने "

हर्के : "बाबुलाई पत्तै नदिइ जाने हो ।"

शिव : "ए त्यसो भए म उसलाई सझ्काउला नमाने केही रकम दिउँला । ..........

नविनः "सारै पेट दुखेको छ । बिदा मागेर आएको ।"

हर्के : "बाबु अन्त कतै नभन्नु म तिमीलाई ३००० दिन्छु बेलुका हामी त्यता जान्छौं है ?"

नविनः "नाई अंकल म त लिन्न त्यो राष्ट्रिय सम्पति नोक्सान गर्न म सहमति दिन्न ।"

हर्के : "यो बाबु त मानेन बबार्द हुन्छ की क्या हो बरु अरू २००० थपिदिन्छु । (पृ. २५)

सं.अ. : "धन्यवाद बाबु । अब यी बाबु छोरा यही बस्ने अथवा नदेखिने हामी नजिकै लुकेर बस्छौ सर गएर नविनकी आमालाई उठाउने उनीहरू भए नभएको पत्ता लाग्छ । त्यै गर्ने "

नविन : "हामी देखिदैनौ तर नजिकै लुकेर बस्छौ । अकंल हुन्न र ?"

शिक्षकः "ए नविन बाबु बाबु । "

आमा : "सर उ बिरामी भएर बुबाले उपचार गर्न लाग्नुभयो छ ।" (पृ. ३०)

सै.क : "सर काम सफल भयो । तपाइहरू यतै आउनुहोस् "

सं.अ.: "समस्या त परेन ।"

स.अ.: "सबै सरासर फर्किएर नविनको घर नजिक पुग्छन् ।" (पृ. ३२)

### ५.२.७.५ उद्देश्य

लेखकले केही न केही उद्देश्य लिएर लेखेको हुन्छ । उद्देश्य विना लेख रचनाहरू प्रकाशन भएका हुदैनन् । त्यस्तै यस कृति रचना गर्ने मूल उद्देश्य वनजङ्गल र वन्यजन्तुको संरक्षण गर्नु रहेको छ भने मानवीयताको खोजी, राष्ट्रिताको संरक्षण, मानवमा भएको अमानवीय प्रवृति उदाङ्गो पार्नु, सामाजिक चेतना आदि रहेको छ ।

### ५.२.७.६ निष्कर्ष

**पाटेबाघको संरक्षण गरौँ** नाटक नाटककार देवराज पौडेलको वि.स. २०६५ मा प्रकाशित कृति हो । यसमा लेखकले ज्यादै सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । विशेषतः तत्सम, तद्भव र अनुकरणात्मक शब्दहरूको उपयुक्त समन्वयले भाषालाई निकै रोचक बनाएको पाइन्छ । सामाजिक चेतना, राष्ट्रिय चेतना, मानव अस्तित्वको खोजी, सामाजिक विसङ्गति आदि विशेषताहरू यस कृतिमा प्रस्तुत भएको छ । समग्रमा भन्नुपर्दा यो कृति नाटकीय दृष्टिकोणले ज्यादै उत्कृष्ट बन्न पुगेको छ ।

## ५.३ देवराज पौडेलका अप्रकाशित रचनाहरूको सूची

देवराज पौडेलका प्रकाशित पुस्तकका साथै उनका अप्रकाशित रचनाहरू पनि थुप्रै छन् । विभिन्न आर्थिक एंव प्राविधिक कारणबाट ती रचनाहरू प्रकाशित हुन नसकेका कुरा स्वयम् लेखक बताउँछन् । ती अप्रकाशित रचनाहरूलाई कालक्रमिक आधारमा तलको तालिकामा राखिएको छ :

**पौडेलका अप्रकाशित रचनाहरू**

| क.स | रचनाहरू | लिखित मिति | विधा |
|---|---|---|---|
| १. | जनसङ्घर्षहरू | २०२६/३८ | तीजको गीत |
| २. | स्तालिनको जीवनी | २०३३ | लोकगीत |
| ३ | जुगेडी सङ्घर्ष | २०३४/३७ | लोकगीत |
| ४ | हामी मनाउछौ | २०३९ | लोकगीत |
| ५ | कारबाही | २०४० | नाटक |

| | | | |
|---|---|---|---|
| ६ | घरनै पाठशाला हो | २०४१ | - |
| ७ | राजीनामा देउ | २०४२ | लोकगीत |
| ८ | स्वस्थानी | २०४३ | चुड्का भजन |
| ९ | हाम्रा पुर्खा को थिए? | २०४५ | चुड्का भजन |
| १० | नेपाल भारत सम्बन्ध | २०४६ | चुड्का भजन |
| ११ | बौलाहाको डायरी | २०५१ | कविता |
| १२ | छोडे एकता केन्द्र | २०५२ | चुड्का भजन |
| १३ | सुगौली सन्धि | २०५३ | चुड्का भजन |
| १४ | बाँदरले भालु नचायो | २०५४ | करुवा गीत |
| १५ | कस्को विजय | २०५४ | तीजको गीत |
| १६ | गाइजात्रा भो | २०५५ | तीजको गीत |
| १७ | जल्दै छ पेन्टागन | २०५७ | लोकगीत |
| १८ | ओझेलमा परेको इतिहास | २०५७ | – |
| १९ | प्रजातन्त्र घाडो | २०५७ | लोकगीत |
| २० | एउटा शिक्षक | २०६० | तीजको गीत |
| २१ | हापुरे वार्ता | २०६० | लोकगीत |
| २२ | यो देशलाई खरानी नपार | २०६० | चुड्का भजन |
| २३ | प्रतिगमन मुर्दावाद | २०६१ | चुड्का भजन |
| २४ | १९०३ देखि हालसम्म | २०६१ | लोकगीत |
| २५ | खगेरी सिञ्चाई | २०६१ | तीजको गीत |
| २६ | सेरिएर गयो जिन्दगी | २०६१ | – |
| २७ | दोहोरी गीतको गीत | २०६१ | लोकगीत |
| २८ | हरियो वन | २०६१ | – |
| २९ | इन्जिनियरको विवाह | २०६१ | – |
| ३० | देवता लाचारी वराजु अत्याचारी | २०६१ | तीजको गीत |
| ३१ | कस्तो क्रान्ति गर्ने हो ? | २०६१ | – |
| ३२ | कमरेडको सोह्र सराद | २०६२ | – |
| ३३ | जानेबेहोरेको कुरा | २०६२ | – |
| ३४ | हाम्रा युवा र राष्ट्र | २०६२ | तीजको गीत |
| ३५ | एउटा विश्वविद्यालय खोलौकी? | २०६२ | – |
| ३६ | यही हो राष्ट्रवादी शिक्षाको अवधारणा? | २०६२ | – |

| | | | |
|---|---|---|---|
| ३७ | हामी त आयौ | २०६२ | लोकगीत |
| ३८ | यसै सालैमा | २०६२ | – |
| ३९ | तपाई को हुनुहुन्छ? | २०६२ | लोकगीत |
| ४० | मात्र दमाई टोली | २०६२ | – |
| ४१ | जनआन्दोलन | २०६२ | – |
| ४२ | लोकतन्त्र जिन्दावाद | २०६३ | लोकगीत |
| ४३ | सडकमै आउछौ वरिलै | २०६३ | चुट्का भजन |
| ४४ | हाम्रो सोचाइमा कति ठिक | २०६३ | तीजको गीत |
| ४५ | घरेलु हिसां | २०६३ | राजनैतिक लेख |
| ४६ | हिँड्नुपऱ्यो कुम्लो बोकेर | २०६४ | लोक गीत |
| ४७ | कस्तो गीत गाउने मैले? | २०६४ | लोक गीत |
| ४८ | राम कहानी | २०६४ | चुट्का भजन |
| ४९ | राजतन्त्रलाई किनारा लाउने दिन | २०६४ | लोकगीत |
| ५० | गणतन्त्र बाजीलाई जिताउन | २०६४ | लोकगीत |
| ५१ | नयाँ नेपाल पुरानै संस्कार | २०६५ | पाठ्यपुस्तक भित्रका त्रुटी |

*स्रोतः (देवराज पौडेल, गैडा जोगाऔं, २०६५) (पृ ३३/३४)*

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ
# उपसंहार

## ६.१ परिचय

यस परिच्छेदमा देवराज पौडेलको जीवनी व्यक्तित्व र कृतित्व अध्ययनको सर्न्दभमा अघिल्ला परिच्छेदहरूमा गरिएका परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ६.२ परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा 'देवराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षक शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । यस रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समिक्षा, समीक्षा शोधको औचित्य, शोधको क्षेत्र र सीमा, सामाग्री सङ्कलन पद्धति र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ, साथै यसमा समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

## ६.३ परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार पृष्ठभूमि, देवराज पौडेलको जीवनी परिचय अन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र जन्मस्थान, बसाइँसराई, बाल्यकाल, शिक्षा-दीक्षा, वैवाहिक जीवन र पारिवारिक अवस्था, आर्थिक अवस्था, शिक्षण पेसाबाट अवकाश, पुरस्कार तथा सम्मान, कार्य क्षेत्रमा प्रवेश र कार्य, भ्रमण र अविस्मरणीय क्षण र निष्कर्ष आदि उल्लेख गरिएको छ । देवराज पौडेलको जीवनी अनुकरणीय रहेको पाइन्छ । कास्की जिल्लामा जन्मे पनि १३ वर्षको उमेरदेखि चितवन जिल्लामा आएका देवराज पौडेलले जीवनमा अनेक सङ्घर्ष गर्दै अध्ययन गर्नु र राष्ट्र र राष्ट्रियताका लागि काम गर्न लाग्दा जस्तो सुकै सङ्घर्ष आइपरे तापनि उनी आफ्नो लक्ष्यबाट बिचलित नभइ देश र जनताको पक्षमा लाग्नेव्यक्तिका रूपमा चिनिएका छन् । जीवनको जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि उनले आफ्नो साहित्यिक लेखन र शिक्षण पेशालाई निरन्तरता दिइरहेका छन् । उनले गरेका कार्यहरूलाइ मूल्यांकन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको पाइन्छ ।

## ६.४ परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार देवराज पौडेलको बाह्य व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वका रूपमा साहित्यिक र साहित्यत्तर गरी दुई किसिमबाट चर्चा गरिएको छ । साहित्यिक व्यक्तित्वमा कवि, गीतकार, नाटककार र लोकगीतको सङ्कलनकर्ता व्यक्तित्वको चर्चा गरिएको छ । उनको विशेष योगदान भने गीतमा रहेको भनी उल्लेख गरिएको छ । साहित्येतर व्यक्तित्वमध्ये प्रमुख रूपमा सामाजिक व्यक्तित्व रहेको छ । यसरी उनी एक व्यक्तिमा अनेक व्यक्तित्व भएकाले उनलाई बहुमुखी व्यक्तित्वका रूपमा लिइएको छ ।

## ६.५ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा देवराज पौडेलको नेपाली साहित्यमा प्रवेश र साहित्य यात्रा शीर्षक रहेको छ । वि.स.२०३१ देखि साहित्य क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका पौडेलका साहित्यिक यात्राका क्रममा प्रकाशन सुरु गरेदेखि २०७३ सम्मको समयलाई तीन चरणमा विभाजन गरी अध्ययन गरीएको छ। यस अर्न्तगत वि.स.२०४० देखि २०५१ सम्म प्रथम चरण रहेको छ । यस समयमा पौडेलका विभिन्न चारवटा कृति प्रकाशित भएका छन् । दोस्रो चरण वि.स. २०५२ देखि २०६१ सम्म रहेको छ । यस समयमा पौडेलका ११ वटा कृति प्रकाशित भएका छन् । यसै गरी तेस्रो चरण वि.स. २०६३ देखि २०७३ सम्म रहेको छ । यस अवधिमा पौडेलका १२ वटा कृति प्रकाशित भएका छन् । यिनका यी तीन चरण अन्तर्गतका कृतिहरूमध्ये पहिलो र दोस्रो चरणका कृतिहरूमा राजनैतिक, सामाजिक, आर्थिक र शैक्षिक आदि समस्या र दुखित पीडितका आवाजलाई समावेश गरेका छन् भने तेस्रो चरणका कृति वनजङ्गल र वन्यजन्तुको संरक्षण गर्ने र वातावरण सरसफाई गर्नुपर्ने सन्देश दिने उद्देश्यले रचना गरेका छन् । उनका पहिलो चरणका कृतिहरूमा भाषाशैली त्यति सशक्त छैन भने पछिल्ला दुई चरणमा लेखिएका कृतिहरू केही परिस्कृत र परिमार्जन हुँदै गएको देखिन्छ । यस चौथो परिच्छेदमा यिनै चरणगत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

## ६.६ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा देवराज पौडेलको कृतित्वको अध्ययन शीर्षक रहेको छ । यसै शीर्षक अन्तर्गत साहित्यकार देवराज पौडेलको कृतिपरक अध्ययन विश्लेषण गरिएको छ । यहाँ

उनका प्रकाशित कृतिमध्ये **छोरा र छोरीमा फरक किन ?** (२०५४), **छैन विश्वास भाइमाराको** (२०५४), **टी.एन. प्रधानको उदय र अन्त्य** (२०५६), **किताब बदलियो प्रवृति बदलिएन** (२०६१), **गैंडा जोगाऔँ** (२०६५), **खुल्ला दिसामुक्त क्षेत्र मनाऔँ** (२०६६) र **पाटेबाघको संरक्षण गरौ** (२०६७) को विधागत आधारमा विश्लेषण गरिएको छ । यिनका यि कृतिहरू वन्यजन्तु संरक्षण, वातावरण संरक्षण, राजनैतिक विकृति र विसङ्गति, सामाजिक परिवर्तन र शैक्षिक सुधारसँग सम्बन्धित रहेका छन् । यिनै कृतिहरूको विश्लेषण पाचौं परिच्छेदमा गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष

देवराज पौडेलको जन्म वि.स. २०११ असार १५ गते कास्की जिल्लाको हंसपुर गा.वि.स. हंसपुरमा भएको हो । यिनका पिताको नाम भूमिनन्द पौडेल र माताको नाम सन्तु पौडेल हो। परिवारका १२ सन्तान मध्ये छैठौं सन्तानका रूपमा देवराज पौडेलको जन्म मध्यम वर्गीय पण्डित परिवारमा भएको हो । उनको वाल्यकाल मातापिताका साथमा अगाध स्नेहका साथ बितेको देखिन्छ । गुरूको घरमा अनौपचारिक शिक्षाबाट साउँ अक्षर लेख्न पढ्न सिकेका पौडेलको प्रारम्भिक शिक्षा हंसपुरको गैरापोखरी प्राथमिक विधालयबाट सुरु भयो। त्यस पछि रामकोटको अरूणोदय हाइस्कुल, चितवनको ब्रह्मपुरी हुदैं अमर हाइस्कुलबाट प्रवेशिका परिक्षा उत्तिर्ण गरे । यसपछि उनले औपचारिक अध्ययनलाई विविध कारणले निरन्तरता दिन सकेनन् । वि.स. २०३० सालमा रा.प्रा.वि.हरिनगर कल्याणपुरबाट शिक्षण सेवा सुरु गरेका पौडेलले विभिन्न विद्यालयमा अध्यापन गर्दै वि.स. २०६९ सालबाट शैक्षिक अवकास लिएका छन् । यसबाहेक समय समयमा सांस्कृतिक कार्यक्रममा संयोजक भएर आर्थिक रकम जम्मा गरी विद्यालय भवनहरू निर्माण गरी समाजसेवा पनि गरेका छन् ।

वि.स.२०२९ सालमा शान्ता सापकोटासँग विवाह बन्धनमा बाधिएका पौडेलका दुई छोरा एक छोरी छन् र पुर्ख्यौली सम्पति प्रशस्त भए पनि उनको आर्थिक स्थिति भने मध्यम खालको देखिन्छ । राजनीतिक रूपमा वामपन्थी राजनीतिमा लागेका यिनको राजनीतिक जीवन पनि निकै कष्टकर देखिन्छ । प्रजातन्त्र प्राप्तिपछि पनि सत्ताका नाइकेहरूको व्यवहार यथावत रहेको जुन पार्टीको कार्यकर्ता भएर उनी लागेका थिए त्यो पार्टीको नेताहरूले पनि

जनताको भावना नबुझी व्यक्तिगत स्वार्थमा सिमित भएको देखेपछि राजनीतिमा खिन्नता देखिने पौडेल राजनीति र साहित्य साधनामा भने निरन्तर क्रियाशील रहेको पाइन्छ ।

व्यक्तित्व विकासका सन्दर्भमा हेर्दा देवराज पौडेल बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, गीतकार, नाटककार, लोकगीत सङ्कलक, शिक्षक, राजनीतिक र सामाजिक आदि रहेका छन् । यी सबै व्यक्तित्वमध्ये गीतकार, लोकगीत सङ्कलक र सामाजिक व्यक्तित्वका रूपमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको देखिन्छ । विशेष गरी निम्न वर्गका पक्षमा आवाज उठाउने, अन्याय, विसङ्गति, विकृति, कुसंस्कार र राष्ट्रिय स्वाभिमान गुम्दै गएको अवस्थालाई पटक्कै देख्न र सहन नसक्ने स्वाभिमानी प्रवृत्तिका पौडेलले जीवन भोगाईका क्रममा देखेका भोगेका र सुनेका कुरालाई आफ्ना सिर्जनाका माध्यमबाट अभिव्यक्त गर्ने गर्छन् ।

वि.स २०३१ मा **किसान** पत्रिकामा प्रकाशित 'रिउ खोला पारीको त्यो ठूलो वन' शीर्षकको गीत प्रकाशन गरेर औपचारीक रूपमा साहित्ययात्रा सुरु गरेका पौडेलका कविता, गीत र नाटक विधामा कलम चलाएका छन ्। यसमा पनि उनको विशेष योगदान गीत विधामा नै रहेको देखिन्छ । हालसम्म उनका १७ वटा गीत, ६ वटा नाटक, ३ वटा खोज, १ अन्य र ७ वटा श्रव्यदृश्य सि.डी. गरेर दुई दर्जन भन्दा वढी पुस्तकहरू र ७ वटा सि.डी. प्रकाशित भएका छन् भने अन्य थुप्रै रचनाहरू विविध कारणले अप्रकाशित नै रहेका छन् । गीत विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरेका देवराज पौडेलको गीतकार व्यक्तित्व अर्थात् गीतको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । पौडेलका रचनामा समाजमा व्याप्त विकृति,विसङ्गति, उच्च वर्गले निम्न वर्ग माथि गर्ने शोषण, दमन, अन्याय, अत्याचार, रातदिन मेहनत र मजदुरी गर्दा पनि एक पेट खान नपाउने अवस्था, धोखा, षड्यन्त्र, वीर पुर्खाहरू प्रतिको बेवास्ता, नारीहरूको पीडा, प्रत्येक क्षेत्रमा व्याप्त राजनीतिक विकृति, शोषित पीडित वर्गप्रतिको सहानुभूति, मानवीयमूल्य र अस्तित्वको खोजी गरेको पाइन्छ । यसरी उनका कृतिहरूमा सरल भाषाको प्रयोग गरी सामाजिक चेतनामूलक गीतको प्रस्तुति पाइन्छ ।

शिक्षक देवराज पौडेल ४० वर्षसम्मको लामो अवधिसम्म अध्यापन गराएर हाल शिक्षण पेसाबाट अवकाश लिएर बसेका छन् तापनि निरन्तर साहित्यिक क्षेत्रमा संलग्नता देखाएका पौडेल अवकाशपश्चात्का समयमा पनि खाली नबसी सामाजिक एवं संरक्षण

कार्यमा सक्रिय देखिन्छन् । नेपाल राष्ट्रिय शिक्षक सङ्गठन चितवनको जिल्ला कमिटीमा आबद्ध छन् ।

**विशाल नेपाल सुगौली सन्धी** नामक चुड्का भजन रेकर्ड गरेका छन् । नाकाबन्दी सम्बन्धी चुड्का भजन पनि रेकर्ड गरेका छन् । नेपाल टेलिभिजनले धारावाहिक दिने नाटक **लक्ष्य जीवनको** छायाङ्कन गरेका छन्, जुन छिट्टै प्रसारण हुने तयारीमा छ । यसरी अवकाश पश्चात्को समय पनि उनले आफूलाई साहित्य क्षेत्रमा नै समर्पित गरिरहेका छन् ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि बिचलित नभइकन निरन्तर साहित्य साधानामा तल्लीन रहेर नेपाली साहित्यको श्रीवृद्धिमा एउटा ईट्टा थप्न सफल साहित्यकार देवराज पौडेलको योगदान वास्तवमै उल्लेखनीय रहेको देखिन्छ ।

# सन्दर्भ सामग्रीसूची

# सन्दर्भ सामाग्रीसूची

## क) प्रमुख सन्दर्भ ग्रन्थसूची


पौडेल, देवराज (२०५४), **छोरा र छोरीमा फरक किन ?** (लोकगीत), चितवन : एकल भण्डारी ।

———— (२०५४), **छैन विश्वास भाइमाराको** (लोकगीत), चितवन : गञ्जसिंह गुरूङ ।

———— (२०५६), **टी.एन. प्रधानको उदय र अन्त्य** (तीजको गीत), चितवन : ओमबहादुर थापा ।

———— (२०६०), **दिवाकर भूषालप्रति हार्दिक श्रद्धाञ्जली** (लोकगीत), चितवन : लेखक स्वयम् ।

———— (२०६१), **किताब बदलियो प्रवृत्ति बदलिएन**, चितवन : अनिता पौडेल ।

———— (२०६२), **वनजङ्गल जोगाऔ** (लोकगीत), चितवन : सांस्कृतिक विभाग, नि.मा.वि. गङ्गानगर ।

———— (२०६३), **गणतन्त्र जिन्दावाद** (चुट्काभजन), चितवन : राष्ट्रिय जनसांस्कृतिक मञ्च ।

———— (२०६५), **गैडा जोगाऔँ** (नाटक), चितवन : सांस्कृतिक विभाग, मा.वि. गङ्गानगर ।

———— (२०६७), **पाटेबाघ संरक्षण गरौं** (नाटक), चितवन : जनजागरण अभियान, पटिहानी ।

———— (२०६९), **पुनर्मिलन** (नाटक), चितवन : लेखक स्वयम् ।

———— (२०७१), **सामाजिक अध्ययनभित्रको अध्ययन कुन ठिक हो ?** (खोज), चितवन : लेखक स्वयम् ।

**ख) सहायक सन्दर्भ ग्रन्थसूची**


अधिकारी, हेमाङ्गराज र बद्रिविशाल भट्टराई (२०६३); **प्रयोगात्मक नेपाली शब्दकोष**, (दो.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, कृष्णप्रसाद (२०६३), **पूर्वआधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध,** कीर्तिपुर : क्षितिज प्रकाशन ।

गाउँले, साइला (२०३५), *रिउ खोला पारिको त्यो ठूलो वन,* **किसान पत्रिका** ।

गैरे, इश्वरीप्रसाद र आचार्य कृष्णप्रसाद (२०५९), **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यू हिराबुक्स इन्टरप्राइजेज् ।

दवाडी, मेघनाथ (२०५९), **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि,.वी.ब.क्या., नेपाली विभाग, भरतपुर, चितवन ।

दुवाल, विश्वभक्त 'आहुती' (२०५०), .... **मूल्याङ्कन पत्रिका**

**पौडेल, वंशावली** (२०६०)**,** चितवन : आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति, भरतपुर-१, देवघाट ।

पौडेल, विनोद (२०६५), **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि,.वी.ब.क्या., नेपाली विभाग, भरतपुर, चितवन ।

भट्टराई रामजी (२०६२), **साहित्यकार रामवावु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि,.वी.ब.क्या., नेपाली विभाग, भरतपुर, चितवन ।

मिश्र, डिल्लिराम (२०५०) **नेपाली प्रतिभा र पुरस्कार**, काठमाडौं : शर्मिला मिश्र ।

लामिछाने, यादव प्रकाश (२०६३), **सामान्य र प्रयोगिक भाषा विज्ञान तथा नेपाली भाषा**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।


सापकोटा, होमनाथ (२०६४), *देवराज पौडेलको गीतिसङ्ग्रह 'गणतन्त्र जिन्दावाद' : अन्तर्वस्तु विश्लेषण,* **नौलो राँको**, वर्ष ३९, अङ्क १, पूर्णाङ्क ८, पृ.: २९ ।

शर्मा नेपाल, वसन्तकुमार (२०५८), **नेपाली शब्द सागर** (दो.सं.)**,** काठमाडौं : भाभा पुस्तक भण्डार ।


शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट : एक

## शोधनायक देवराज पौडेल र परिवारको छायाँचित्र




शोधनायक श्री देवराज पौडेल



दुई छोरा, एक बुहारी, एक नातिनीका साथ पौडेल दम्पति

# परिशिष्ट : दुई

## शोधनायक देवराज पौडेलले प्राप्त गरेका सम्मानका प्रतिलिपिहरू




जिल्ला शिक्षा समिति

चितवन

प्रशंसा-पत्र

१८ औं शिक्षा दिवस २०४९ को शुभ उपलक्ष्यमा श्री ............ विद्यालय/कार्यालय ............ का श्री ............ लाई आफ्नो पदमा कर्त्तव्यनिष्ठ रही शैक्षिक विकासको निम्ति उत्साह पूर्वक सेवा गर्दै आउनु भएकोले नगद पुरस्कार सहित यो 'प्रशंसा-पत्र प्रदान गरिएको छ ।



श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

जिल्ला शिक्षा कार्यालय

गीतानगर स्रोतकेन्द्र चितवन

सम्मान - पत्र

चितवन जिल्लाका विभिन्न विद्यालयमा अध्यापन कार्य गरी हाल श्री निम्न माध्यमिक विद्यालय पटिहानी–८, गंगानगर चितवनमा कार्यरत रहनु भएका तपाई शिक्षक/शिक्षिका श्री/श्रीमती देवराज पौडेल ज्यू पटिहानी–६, पटलहरा लाई स्रोतकेन्द्र दिवसको सुखद अवसरमा यहाँले शिक्षा क्षेत्रमा दिनु भएको दीर्घ शिक्षण सेवाको उच्च मूल्याङ्कन गर्दै सहर्ष यो सम्मान-पत्र प्रदान गरिएको छ । साथै यहाँको उज्ज्वल भविष्यको कामना गर्दछौं ।

प्रमुख अतिथि | सभापति | जिल्ला शिक्षा अधिकारी | विद्यालय निरिक्षक

मिति २०६१/०९/११

# नेपाल रेडक्रस सोसाइटी

**चितवन शाखा**

## सम्मान-पत्र

मानवीय सेवाको उदात्त भावनाबाट अभिप्रेरित भै यस शाखा अन्तर्गत रेडक्रसको संगठनात्मक विकास, विस्तार, जुनियर/युवा गतिविधि तथा विविध मानवीय सेवा कार्यमा उलेख्य सेवा पुऱ्याउनु भएकोमा पूर्व शिक्षक नायक **श्री देवराज पौडेलज्यू** लाई स-सम्मान पुरस्कार सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

(हरिप्रसाद न्यौपाने)
**सभापति**
**ने.रे.सो., चितवन**

मितिः २०६३/१२/२४

(रमेशकुमार शर्मा)
**केन्द्रीय अध्यक्ष**
**एवं**
**प्रमुख अतिथि**

# श्री माध्यमिक विद्यालय गङ्गानगर

पटिहानी-८, चितवन

**स्थापित-२०२४**

[illegible]

## सम्मान-पत्र

श्रीमान/श्रीमती/सुश्री देवराज पौडेल ज्यू
पटिहानी-८, पटनहरा

तपाईले यस विद्यालयमा मा.वि. सञ्चालन सहयोगार्थ आयोजित **श्रीमदभागवत् महापुराण तथा धनधान्यांचल ज्ञान महायज्ञ २०६३** मा संयोजक (साँस्कृतिक उपसमिति) पदमा रहि सेवा )प्रदान गर्नुभएकोमा शैक्षिक विकासमा यहाँको योगदानको उच्च मूल्याङ्कन गर्दै यो **सम्मान-पत्र** प्रदान गरिन्छ ।

(रघुनाथ ढुङ्गाना)
अध्यक्ष
महायज्ञ सं. मूल समिति
श्री मा.वि. गङ्गानगर

(.........................)
प्रमुख अतिथि

मिति २०६४।१।१०

(एकलाल भण्डारी)
स.सचिव
महायज्ञ सं. मूल समिति
श्री मा.वि. गङ्गानगर

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

## जिल्ला शिक्षा कार्यालय

भरतपुर, चितवन

### कदर-पत्र

शिक्षण पेशामा ३० वर्षभन्दा बढी निरन्तर सेवा गरेका शिक्षकहरुलाई उच्च मूल्याङ्कन गर्दै श्री माध्यमिक विद्यालय गंगानगर विद्यालयका प्रा.शि./ नि.मा.शि./ मा.शि. तपाईं श्री देवराज पौडेल ले दीर्घ सेवा प्रदान गर्नु भएको हुँदा जिल्ला शिक्षा समिति चितवनको निर्णयानुसार स-धन्यवाद यो कदर-पत्र प्रदान गरिएको छ।

गोपालकृष्ण पौडेल
जिल्ला शिक्षा अधिकारी
जिल्ला शिक्षा कार्यालय, चितवन

मिति: २२ भाद्र, २०६४

भुपालबहादुर गिरीला
स्थानीय विकास अधिकारी
एवम्
अध्यक्ष, जिल्ला शिक्षा समिति, चितवन

---

द.नं. : २८

चितवन राष्ट्रिय निकुञ्ज

## श्री बेलशहर मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह

पटिहानी-८, चितवन


### प्रशंसा-पत्र

यस उपभोक्ता समूहको विकास र प्रगतिका लागि उल्लेखनीय सहयोग प्रदान गर्नुहुने, संरक्षण सम्बन्धी चेतनामूलक कार्यक्रममा सहयोग गर्दै, निवासी श्रीमान् / श्रीमती / सुश्री देवराज पौडेल ज्यूलाई आगामी दिनमा पनि सहयोगको अपेक्षा राख्दै स-धन्यवाद यो **प्रशंसा**-पत्र प्रदान गरिएको छ।

यम बहादुर परियार
प्रमुख अतिथि
चि.रा.नि./ म.क्षे.व्य. समिति
अध्यक्ष

मिति २०६६/०६/१४

शोभाकर अधिकारी
अध्यक्ष



पटिहानी पर्यटन महोत्सव-२०६८

२०६८ फाल्गुण ५-१० गते (Feb 17 to 22, 2012)


कदर-पत्र

श्री देवराज पौडेल ज्यू
पटिहानी-६, चितवन

२०६८ फाल्गुण ५-१० गते सम्म आयोजना गरिएको पटिहानी पर्यटन महोत्सव-२०६८ को **सांस्कृतिक उप-समिति संयोजक** पदमा रहि पुऱ्याउनुभएको योगदानको कदर गर्दै यहाँको समुज्ज्वल भविष्यको कामनासहित यो **कदर-पत्र** प्रदान गरिएको ।

दिलिप महर्जन
राज्य मन्त्री

खेम भट्ट
संयोजक
मूल आयोजक समिति



"समुन्नत समाज, परिष्कृत संस्कार साक्षरता र शिक्षा : विकासको आधार"

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

भरतपुर, चितवन

## प्रमाण-पत्र

चितवन जिल्ला अन्तर्गतका विद्यालयहरूबाट २०६८ सालको विद्यालय स्तरीय परीक्षामा सामुदायिक/~~संस्थागत~~ विद्यालयतर्फ उत्कृष्ट नतिजा प्राप्त गराई जिल्लाको शैक्षिक विकासमा विशिष्ट योगदान पुऱ्याउनु हुने श्री माध्यमिक विद्यालय.....गंगानगर....का शिक्षक/~~प्र.अ.~~ तपाई श्री देवराज पौडेल लाई राष्ट्रिय शिक्षा दिवस २०६९ तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा जिल्ला शिक्षा समिति चितवनको निर्णयानुसार स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

कार्यक्रम संयोजक

(हिमनाथ दवाडी)
प्रमुख अतिथि
प्रमुख जिल्ला अधिकारी
चितवन

(रमाकान्त शर्मा)
जिल्ला शिक्षा अधिकारी
चितवन

राष्ट्रिय शिक्षा दिवस २०६९ तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस-सेप्टेम्बर ८, २०१२ (२३ भाद्र २०६९)

# माध्यमिक विद्यालय,गंगानगर

पटिहानी-८, चितवन

Secondary School,Ganganagar

Patihani-8, Chitwan

स्थापित : २०२४

## कदर-पत्र

श्रीमान् देवराज पौडेल ज्यू

पटिहानी-६, चितवन

तपाई २०३१ श्रावण २ गते शिक्षण सेवामा प्रवेश गरी यस विद्यालयमा २०३९ वैशाख १६ गते देखि २०६९ फागुन १२ गते सम्म निरन्तर शैक्षिक तथा विद्यालयको समग्र विकाशका निमित्त यहाले पुयाउनु भएको योगदानको उच्च कदर गर्दै यहालाई यो कदर-पत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| (सुकदेव अधिकारी) | (सन्तराम महतो) |
| अध्यक्ष | प्रधानाध्यापक |
| विद्यालय व्यवस्थापन समिति | मा.वि. गंगानगर |
| मा.वि. गंगानगर | |

## सम्मान-पत्र

श्री देवराज पौडेल

अध्यक्ष, जनजागरण अभियान, पटिहानी, चितवन

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको जैविक विविधता संरक्षण तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रण कार्यमा गीत संगीत र नाटकको माध्यमबाट संरक्षण शिक्षा प्रदान गरी तपाईले निर्वाह गर्नु भएको उल्लेखनीय र प्रभावकारी कार्यको उच्च मुल्याङ्कन एवं कदर गर्दै सुख,शान्ति,सम्बृद्धि तथा सुस्वास्थ्य र भविश्यमा उत्तरोत्तर प्रगतिको कामना सहित विश्व वातावरण दिवस २०१३ को अवसरमा तपाईलाई स-धन्यवाद यो सम्मान पत्र प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (बासुदेव चापागाई) | (यम बहादुर परियार) | (कमलजङ्ग कुँवर) | (डा. उदय राज शर्मा) |
| संयोजक | अध्यक्ष | प्रमुख संरक्षण अधिकृत | प्रमुख अतिथि/पूर्व सचिव |
| वातावरण दिवस कार्यक्रम | मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति | चितवन राष्ट्रिय निकुञ्ज कार्यालय | नेपाल सरकार |

मितिः२०७०/४/१४

"शैक्षिक र पेशागत विकासको लागि सबल साझा युनियन"

# नेपाल शिक्षक युनियन

चितवन

तेस्रो जिल्ला अधिवेशन - २०७०

## अभिनन्दन-पत्र

श्री देवराज पौडेल ज्यू,

शिक्षण सेवामा दीर्घकालसम्म समर्पित रही चितवन जिल्लाको मा. वि. गंगानगर, पार्वती-८ बाट सेवा निवृत्त हुनुभएकोमा शैक्षिक विकासका लागि यहाँले गर्नुभएको अतुलनीय योगदानको उच्च कदर एवम् सम्मान गर्दै यहाँको शैक्षणिक अनुभवलाई समाज र राष्ट्रले सदुपयोग गर्न सकोस् र भावी जीवन सुस्वास्थ्य र आनन्दमय बनोस् भन्ने कामनाका साथ तेस्रो जिल्ला अधिवेशनको सुखद् उपलक्ष्यमा यहाँलाई यो **अभिनन्दन-पत्र** प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| (रामेश्वर अधिकारी) | (केशवप्रसाद भट्टराई) | (कृष्णप्रसाद सापकोटा) |
| सचिव | प्रमुख अतिथि | अध्यक्ष |
| ने. शि. यु. चितवन | संस्थापक अध्यक्ष ने.शि.यु. | ने. शि. यु. चितवन |

मिति:- २०७० जेष्ठ २५

"मर्यादा अभिवृद्धि, पेशागत दक्षता : ट्रेड युनियन अधिकारको संवैधानिक सुनिश्चितता"

# नेपाल राष्ट्रिय शिक्षक सङ्गठन

**जिल्ला समिति, चितवन**

**स्था. २०३६**

## ३५ औं शिक्षक दिवस-२०७०

## कदर-पत्र

श्री देवराज पौडेल ज्यू

**नेपाल राष्ट्रिय शिक्षक सङगठनको प्रतिबद्ध सदस्य रहनु भई साङ्गठनिक सुदृढीकरण तथा शैक्षिक उन्नयनका लागि लामो समयसम्म उत्साहपूर्वक कार्यरत रहेर श्री** मा. वि. गंगानगर **को प्रधानाध्यापक/शिक्षक पदबाट सेवा निवृत्त हुनु भएकोमा यहाँको कर्तब्य निष्ठता एवम् दीर्घ अध्यापन सेवाको उच्च मूल्याङ्कन गर्दै ३५ औं शिक्षक दिवसको अवसरमा तपाईलाई यो कदर-पत्र प्रदान गरिएको छ।**

**आगामी दिनमा पनि यहाको निरन्तर क्रियाशीलता र सहयोगको अपेक्षा गर्दछौं ।**

| | | |
|---|---|---|
| (तेजेन्द्रप्रसाद भुषाल) | (कृष्णप्रसाद घिमिरे) | (पूर्ण बहादुर पुरी) |
| सचिव | प्रमुख अतिथि | अध्यक्ष |
| नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, चितवन | केन्द्रीय उपाध्यक्ष नेपाल राष्ट्रिय शिक्षक सङ्गठन | नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, चितवन |

२९ चैत्र, २०७०

# श्री सरस्वती उच्च माध्यमिक विद्यालय

**दुनै-१, डोल्पा, नेपाल**

**स्थापना: २०३४/०५१**

## सम्मान-पत्र

प्रस्तुत विषयमा श्री गङ्गानगर मा. वि. गङ्गानगर पटिहानी चितवनका सामाजिक शिक्षक श्री देवराज पौडेल ज्यूले नि. मा. वि. देखि मा. वि. तह सम्मका सामाजिक अध्यायन विषयमा देखिएका गल्ती कमी कमजोरीहरुलाई औल्याउदै तयार पार्नु भएका विविध शिक्षण सामाग्री यस श्री सरस्वती उच्च माध्यमिक विद्यालय दुनै डोल्पालाई नि शुल्क रुपमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको लागि प्रदान गर्नु भएकोमा विद्यालय परिवारको तर्फ वाट हार्दिक बधाई ज्ञापन गर्दै उहाको उत्तरोत्तर प्रगतिको कामना गर्दै यो प्रशंशा-पत्र प्रदान गरिन्छ ।

(रत्न बहादुर राउत)
प्राचार्य

२०६२ जेष्ठ ११ गते

# परिशिष्ट : तीन

## शोधनायक साहित्यकार देवराज पौडेलसँग शोधार्थी लक्ष्मी दवाडीले लिएको अन्तर्वार्ता

**१) तपाईंको जन्म कहाँ र कहिले भएको हो ?**

⇒ मेरो जन्म २०११ साल असार १५ गते हंसपुर गा.वि.स., हंसपुर कास्कीमा भएको हो । नागरिकताको प्रमाण-पत्र लिँदा २०११ लेख्न पर्ने ठाउँमा २०१० लेखिएछ त्यसैले प्रमाण-पत्रमा २०१०।३।१५ हो ।

**२) तपाईंले औपचारिक शिक्षा कहाँबाट कसरी प्राप्त गर्नुभयो ?**

⇒ कास्की जिल्लाको हंसपुरमा रहेको अरूणोदय नि.मा.वि., गैरापोखरी, हंसपुरमा २०१९ सालमा कक्षा १ मा भर्ना भएँ । केही वर्ष रामकोट हाइस्कुलमा पनि पढेँ । कक्षा ९ र १० अमर हाइस्कुल धनौजी पटिहानीमा पढेँ । त्यहाँबाट एस.एल.सी. ( ने.रा.वि.) पास गरेँ ।

**३) तपाईं कहिलेदेखि शिक्षण सेवामा प्रवेश गर्नुभयो ? कति वर्ष सेवा गर्नुभयो ?**

⇒ त्यतिबेला पुँजीवादी शिक्षा बहिष्कारको नारा आयो । त्यसले केही युवालाई प्रभाव पाऱ्यो । म अब नपढ्ने शिक्षक भएर दूर गाउँमा जाने र पार्टी सङ्गठन निर्माण गर्ने उद्देश्यले २०३० फाल्गुण १२ गते शिक्षकको नियुक्ति लिएर रा.प्रा.वि. हरिनगर, माडीमा पढाउन थालेँ त्यसपछि क्रमशः रा.प्रा.वि. भैरवपुर, माडी, रा.प्रा.वि. रत्नपुर, माडी, रा.प्रा.वि. हनुमाननगर, रा.प्रा.वि. ब्रह्मपुरी र २०३८ बाट नि.मा.वि. गङ्गानगर, पटिहानीमा पढाएँ । गङ्गानगरमा मात्र ३१ वर्ष पढाएँ । सबै गर्दा जम्माजम्मी ३९ वर्ष ८ दिन पढाएछु । २०६९ फाल्गुण १२ गतेबाट पेन्सनमा बसेको छु । सेवा ३९ वर्ष ८ अथवा ४० वर्ष टेकेर छोडेँ ।

**४) तपाईंले मुख्य कुन विषय पढाउनु हुन्थ्यो ?**

⇒ त्यतिबेला प्रा.वि. भनेको कक्षा १, २, ३ मात्र हुन्थ्यो । सबै विषय पढाउन पर्थ्यो । नि.मा.वि. गङ्गानगरमा आएपछि कक्षा ४, ५, ६, ७, ८ मा सामाजिक शिक्षा

पढाउने गर्थें र कक्षा ४, ५ मा सि.अ.क. पनि पढाउँथे । गङ्गानगरमा २०७२ बाट मा.वि. सञ्चालन भयो । मा.वि. तहमा पनि सामाजिक नै पढाउँथें ।

**५) एस.एल.सी. मात्र पढ्नु भएको नि.मा.वि. र मा.वि. तहसम्म कसरी पढाउनु भयो ?**

⇒ म लोकगीतप्रेमी हुँ । गीत बजाउने गाउने पेशा जस्तै थियो । असजिला पाठलाई गीत बनाएर कक्षामा गीतै गाएर पढाउँथे । २०६९ सालमा जि.शि.अ. रमाकान्त शर्मासँग सल्लाह गरेर सामाजिक अध्ययन कार्यक्रम (परियोजना कार्य) भिजुयल सहितका सिडी तयार पारेँ । ती दुईवटा सिडीहरू हेर्नुभयो भने लोकगीतको माध्यमबाट कसरी पढाएँ । शिक्षाको प्रचारमा जनताबिचमा कसरी गएँ सबै कुरा छन् । उक्त सिडीहरू धेरै जिल्लामा पुगेका छन् । जिल्लाका शिक्षा कार्यालयले मलाई सम्मान गऱ्यो ।

**६) शिक्षणको ४० वर्षमा अरू पनि केही रचनात्मक काम गर्नुभयो कि ?**

⇒ ४० वर्षे अवधिमा ६ वटा स्कुलमा पढाएँ । छ वटै विद्यालयको भवन बनाउन लागि परेँ । रा.प्रा.वि. हनुमाननगरको भवन त द्यौसी भैलो खेली आर्थिक संकलन गरियो । २०३९ मा तत्काल नि.मा.वि. गङ्गानगरको ५ कोठे भवन पनि द्यौसी भैलोबाट हो, जसको प्रस्तोता र नेतृत्व मेरै थियो । यसरी लोकगीतकै माध्यमबाट दुईवटा स्कुल भवन बनाइयो ।

सामाजिक शिक्षा कक्षा ४, ५, ६, ७, ८ पाठ्यपुस्तक भित्रका गल्ती सच्याउन लागि परेँ । जिल्ला शिक्षा कार्यालयले पाठ्यक्रम, पाठ्यपुस्तक निरीक्षण केन्द्र सानोठिमीमा काजमा खटायो । १५ दिन काम गरेर गल्तीका विवरण र प्रतिवेदन पेश गरेँ । टिएडिए पनि पाएँ । पाठ्यपुस्तक सचिएन । २०५७ सालमा गल्तीहरूको सँगालो **गम्भीर लापरवाहीका केही उदाहरण** नामक किताब छापेर सम्बन्धित निकायमा पठाउने र वितरण गर्ने काम गरेँ तर पाठ्यपुस्तक सचिएन । पाठ्यपुस्तक नै फेरियो । नयाँ कक्षा ६ र ७ का किताबमा गल्तीहरू झन् चाङ लगाएर आए ती गल्तीहरूको सँगालो **किताब बदलियो प्रवृत्ति बदलिएन** किताबै छपाएर २०६१ मा वितरण गरियो ।

२०६४ फागुन १२ बाट पेन्सनमा बसेँ तर ध्यान पाठ्यपुस्तकमै गयो । सामाजिक अध्ययन कक्षा ६, ७, ८, ९, १० भित्रका गल्ती बाझिएका तथ्याङ्कको

सँगालो सामाजिक अध्ययनभित्रको अध्ययन कुन ठिक हो भन्दै सभासदलाई पत्र नामक किताब छपाएँ, जसलाई नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको राष्ट्रिय परिषद्को बैठकमा प्रमुख अतिथि श्री खड्कप्रसाद ओलीबाट लोकार्पण भएको हो । त्यो किताब र सिडी ७० जिल्लामा (त्यतिबेलै) वितरण गरियो ।

**७) तपाईंको साहित्यप्रति झुकाव कसरी भयो ?**

⇒ २०२४ सालमा हंसपुरमा गण्डकी साहित्य सम्मेलन भयो । त्यसबाट प्रभावित भएँ । मेरो मामा बालचन्द्र सुवेदी चुड्का भजन गाउन र दोहोरी गीत गाउन खप्पिस हुनुहुन्थ्यो । मामाबाट पनि प्रभावित भएँ । यसरी बाल्यकालबाटै साहित्यमा झुकाव भयो ।

**८) तपाईंको विचारमा साहित्य के हो ? यो कस्तो हुनुपर्छ ?**

⇒ मेरो विचारमा साहित्य भनेको समाजको ऐना हो । समाज संस्कृति घटना-परिघटनालाई कलात्मक रूपले प्रस्तुत गर्नु नै साहित्य हो । नेपाली साहित्य भनेकै लोकगीत हो चाहे पढेका चाहे नपढेका सबैले प्रयोग गर्ने साहित्य लोकगीत हो । लोकगीत ८०% जनताले आफ्नो भनेको र प्रयोग गरिरहेको लोकसंस्कृति नै नेपाली साहित्य हो ।

**९) नेपाली साहित्य भनेकै लोकगीत हो भन्नुभयो तपाईंले कसरी प्रयोग गरिरहनु भएको छ ?**

⇒ समाजमा रहेका अन्धविश्वास, रुढिवाद, कुरीति, जातीय भेदभाव विरुद्ध गीत लेखेर टिम बनाएर प्रदर्शन गरेको छु । अन्याय, अत्याचार, सामन्त, शोषण, जालझेल, भ्रष्टाचार आदिका विरुद्धमा पनि गीत बनाएर प्रदर्शन गरेको छु । चेलीबेटी बेचबिखन विरुद्ध अभियान चलाएको छु ।

वनजंगल जोगाउँ, वातावरणको संरक्षण गरौँ गैंडा जोगाउ, पाटेबाघको संरक्षण गरौँ जस्ता विषयका नाटक बनाएर प्रदर्शन गरेँ । छायाङ्कन गरी सिडीहरू पनि वितरण गरेँ ।

लोकगीतलाई सामन्ती शोषण, अन्याय अत्याचारको विरुद्धमा प्रयोग, लोकगीतलाई जनचेतना जगाउन प्रयोग र कक्षामा पढाउन, प्रयोग, वनजंगल, बाघ गैंडा जोगाउन प्रयोग, स्कुल भवन बनाउन, प्रयोग, मन्दिर-पुल बनाउन प्रयोग गर्दै आएको छु ।

**१०) तपाईंको पहिलो प्रकाशित रचना कुन हो ? यो कहिले कुन पत्रिकामा प्रकाशित भयो ?**

⇒ मेरो पहिलो प्रकाशित रचना *रिउखोला पारिको यो ठूलो वन* हो । यो तीजको गीत हो । यो २०३१ सालमा **किसान** पत्रिकामा प्रकाशित भयो ।

**११) तपाईं आफूलाई चिनाउनुपर्ने भएमा साहित्यकारको रूपमा चिनाउनु हुन्छ कि शिक्षकका रूपमा ?**

⇒ मैले ४० वर्ष पढाएँ, १० हजार विद्यार्थी पढाएँ, सांस्कृतिक पक्षको कुरा गर्दा ४८ वर्ष भएछ । ३० वटा किताब प्रकाशित भए । ८ वटा श्रव्यदृश्य पनि तयार भए । दशौँलाख जनता बिचमा पुगें, जनताले खुब मन पराए । त्यसैले म आफूलाई जनसाहित्यकार एवं कलाकारको रूपमा चिनिन चाहन्छु ।

**१२) साहित्यिक क्षेत्रमा काम गर्दा को को सँग संगत गर्नुभयो ?**

⇒ २०३१ मा जनवादी साहित्य सम्मेलन भारत, बिहारको दरभंगामा भयो । उक्त भेलामा रोहित रूपलाल, जीवन, प्रेमबहादुर सिंह, डि.एस. थापा, ध्रुव ढकाल, कर्णप्रसाद हेजु, दिनेश गुजु लगायतका २५ जना थियौं । म सबभन्दा कान्छो हुनाले कान्छा भन्थे ।

२०३६/०३७ मा खगेन्द्र संग्रौला अध्यक्ष र म सचिव भएको चितवनमा एउटा कमिटी थियो । अन्य घनश्याम पौडेल, रामहरि श्रेष्ठ, खेम गायक हुनुहुन्थ्यो । २०३७ मै नवलपरासीमा असार र श्रावणमा एउटा अभियान चलायौं । जसमा लोकबहादुर क्षेत्री र म थियौं । २०४८/२०५० चितवनमा खुसिराम पाखीन अध्यक्ष, म सचिव भएको एउटा कमिटी थियो । २०५२ बाट लक्ष्मण रायमाझी (नारायण रायमाझीका जेठा दाजु) सँगको सङ्गत भयो । लुम्बिनी अञ्चलका केही जिल्लामा खट्यौं । २०५४ बाट जे.बि. टुहुरेसँगको पनि संगत भयो । २०६० सालपछि वनजंगल, बाघ-गैंडा जोगाउने अभियान जनजागरण अभियान पटिहानीमा गठन गऱ्यौं । त्यसको म अध्यक्ष हुँ, अरू सबै विद्यार्थीहरू हुन् ।

**१३) तपाईंले आफूलाई कुन क्षेत्रबाट सन्तुष्टि पाउनुभयो ?**

⇒ २०६० सालबाट वनजंगल जोगाउँ, वातावरणको संरक्षण गरौं, बाघ गैंडा जोगाउँ जस्ता विषयमा जनजागरण अभियान पटिहानी गठन गरेँ । अध्यक्ष म थिएँ, अरू

स्कुले विद्यार्थी थिए । ५ वटा किताब र ५ वटा श्रव्यदृश्य तयार पारी वितरण गरियो । २०६८ मा साप्ताहिक कार्यक्रम ७ वटा गा.वि.स. का ८ स्थानमा सडक नाटक एवं सांस्कृतिक कार्यक्रम प्रदर्शन गरियो । २० हजार जनता बिचमा कार्यक्रमहरू भए । यस्तै यस्तै कारणले बाघ गैंडा नमारी एक वर्ष मनाइयो । जनचेतना जगाउन सफल भएकोमा म सन्तुष्ट छु ।

**१४) हालसम्म तपाईंका कति पुस्तक प्रकाशित भए ?**

⇒ २०४० सालबाट किताब प्रकाशित हुन थालेका हुन् । पहिलो प्रकाशित किताब **सुकुम्बासीका बेथा** (लोकगीत) हो । आजसम्म ३० वटा किताब र ८ वटा श्रव्य-दृश्य भए जसमा लोकगीत-११, तीजका गीत-७, चुड्का भजन-१, रेडक्रस र सरसफाई-२, नाटक (नेपालीमा)-२, नाटक (अङ्ग्रेजीमा)-२, पाठ्यपुस्तक सच्याउने-३, अन्य-१ (श्रव्य-दृश्य त ८ वटा भए) ।

**१५) अप्रकाशित पनि छन् कि ?**

⇒ मेरा अप्रकाशित किताब आकारका (२०२६-२०७२ सम्म) ७५ वटा छन् । एक दर्जनजति हराएर नष्ट भए । भूमिगत राख्नुपर्दा माटो मुनी राख्दा नष्ट पनि भए । २०२६ को **जनसंघर्ष** (लोकगीत) हो भने अन्तिम २०७२ को **लम्पसार पर्दैनौं** नाकाबन्दी सम्बन्धी चुड्का भजन हो । यो साधारण रेकर्ड गरियो । केही जिल्लाले कपी गरेर पनि लगे ।

**१६) शैक्षिक सामग्री निर्माण त भन्नुभयो के कस्ता खालका सामग्री निर्माण गर्नुभयो ? केहीको नाम दिनुहोस् ।**

⇒ शैक्षिक सामग्री धेरै बनाइयो । बिना शैक्षिक सामग्री म कक्षामा जाँदैनथेँ । थोरैको नाम लिँदा (१) ८ फिट सर्कलका २ वटा पूर्वी तथा पश्चिम गोलार्ध । (१२) ६ फिट गोलाइको ग्लोब । त्यसलाई ११ किसिमबाट प्रयोग गरिएको हो । (३) मच्छेददानी (झुल)को टुक्रामा सियो र धागोको मात्र प्रयोग गरेर बनाइएको नेपालको १४ अञ्चल भएको नक्सा । (४) काठका फलेकका टुक्रा खोपेर नेपाल लगायत सबै महादेशका ब्लक (छाप) । (५) प्लाइउडमा नेपाल, सार्क र सबै महादेशका प्राकृतिक र राजनैतिक नक्साहरू । (६) ९ वटा तारका टुक्रा मिलाउँदा नेपाल बन्छ (यो

विद्यार्थीलाई प्रयोगात्मकमा प्रयोग गरिन्थ्या) । यस्तै विभिन्न किसिमका नक्सा बनाइयो ।

**१७) हालसम्म यहाँले के कस्ता सम्मान तथा पुरस्कारहरू प्राप्त गर्नुभयो ? तिनीहरूबाट कस्तो प्रेरणा पाउनुभयो ?**

⇒ मैले २०३१ बाट २०७२ सम्म सम्मान-पत्र, प्रशंसा-पत्र, कदर-पत्र, अभिनन्दन-पत्रहरू ४८ वटा प्राप्त गरेको छु । ती पुरस्कार र सम्मान-पत्र मेरो लेखनको निरन्तरताका प्रेरणा स्रोत हुन् ।

**१८) तपाईंको जीवनमा कुनै कुराको पश्चत्ताप परेको छ कि ?**

⇒ पुँजीवादी शिक्षा बहिस्कारको नारा आयो । हामी केही युवालाई प्रभाव पाऱ्यो । नेता रूपलाल पनि पुँजीवादी शिक्षा पढ्ने हैन भन्थे । एस.एल.सी. पास गरेपछि क्याम्पस नगई प्रा.वि. शिक्षक भएर रा.प्रा.वि. हरिनगर, माडीमा पढाउन थालें । त्यही पार्टी सङ्गठन विस्तार गर्ने उद्देश्य थियो । हाल आएर पुँजीवादी शिक्षा बहिस्कार गर्नु गलत हो, यसमा पछुतो परेको छ ।

**१९) यहाँको सांस्कृतिक, राजनैतिक एवं सामाजिक क्षेत्रमा के-कस्ता व्यक्तिहरूसँग सम्बन्ध भयो ।**

⇒ संस्कृतिको माथि नै चर्चा भयो । राजनीतिमा बहस, छलफलमा रोहित, रूपलाल, डि.बि. सिंह, प्रचण्ड, मोहन वैद्य, निर्मल लामा, अमिक शेरचन, चित्रबहादुर के.सी., वामदेव गौतमसँग भयो । सामाजिक क्षेत्रमा माइती नेपाल चितवनका श्रीराम दवाडी, रेडक्रसमा हरिप्रसाद न्यौपाने, कुलप्रसाद पौडेल, रत्नप्रसाद सापकोटा आदि, बफरजोनमा कृष्णप्रसाद भूर्त्याल, श्याम विष्ट, मथुरा भण्डारी, यमबहादुर परियार, राष्ट्रिय प्रकृति संरक्षण कोश-सौराहा सञ्जिव धमला, तराई भूपरिधिमा प्रेम पौडेल, रामप्रीत यादव र चितवन रा.नि. मा संरक्षण अधिकृत झमकबहादुर कार्की, कमलजंग कुँवर, सहायक संरक्षण अधिकृत गणेशप्रसाद वन्त, टीकाराम पौडेलसँग सम्बन्ध थियो, सहकार्य पनि गरिन्थ्यो ।

**२०) तपाईंको जीवनमा सबभन्दा बढी खुसी भएको क्षणबारे उल्लेख गरिदिनुहोस् न ।**

⇒ म सबभन्दा बढी खुसी भएको दिन जनआन्दोलन २०६२/०६३ सफल भई नेपालमा गणतन्त्र स्थापना भएको दिन हो ।

**२१) जीवनमा ६२ वसन्त पार गर्नुभयो सबभन्दा ठूलो दुःख लागेको क्षण कुन हो ?**

⇒ म २०३३ सालबाट पार्टीको जिल्ला समितिमा रही माडीबाट वारी आउँदा पटिहानी, जगतपुर, पार्ववतीपुरमा पार्टी सङ्गठन शून्यको अवस्थामा थियो । मेरै पहलमा पटिहानी जगतपुरमा एकछत्र प्रभाव भयो । पार्वतीपुरको दक्षिणी वडाहरूमा पनि घना सङ्गठन भयो । चितवन बाहेक अन्य केही जिल्लामा पनि काम गरियो । यति गर्दा पनि मलाई सामन्त, जाली-फटाहा, पटमुर्ख, गब्बु, गवर आदि शब्दले आक्रमण गरियो । आमा बित्दा नझरेका आँसु झरे । धिक्कार्दै नेकपा एकता केन्द्रबाट राजीनामा दिएँ अथवा पार्टी परित्याग गरेँ । यो नै मेरो सबभन्दा दुःखको क्षण थियो ।

**२२) तपाईंको पारिवारिक जीवनप्रति कस्तो अनुभव रहेको छ ?**

⇒ मेरो परिवार अनौठो छ । मैले बाबाआमाबाट अंश लिइनँ । मलाई माइली आमा (बाबाकी भाइबुहारी) ले १२ वर्षमा आफूसँग राख्नुभयो । अंश दिनुभयो, न त उहाँले जेठाजुको छोरो भन्नुभयो, समाजमा कसैले पनि काकी भतिजा ठानेनन् । आमा बित्नुभयो । मेरो परिवारमा श्रीमती शान्ता पौडेल, छोरा अनिल पौडेल, बुहारी पवित्रा, नातिनी सचिना, छोरी अनिता विवाह भई घरमा छन्, कान्छो छोरा सुशील पौडेल राजविराजमा छ । अनिल अमर जनशक्ति क्याम्पस पटिहानीमा पढाउँछ । सुशील सिभिल इन्जिनियर हो ऊ राजविराज (प्रोजेक्ट) मा काम गर्छ ।

**२३) तपाईंका कृतिहरूमध्ये आफूलाई आत्मसन्तुष्टि भएको कृति कुन हो ? किन ?**

⇒ मैले भन्नुभन्दा जनताले अति मन पराएको र धेरै ठाउँमा भएका प्रतियोगितामा उत्कृष्ट भएको २०५० सालमा प्रकाशित तीजको गीत **निर्मम हत्या र चर्चित घटना** पुस्तिका हो । यसलाई मदनमोहन जोशीले प्रकाशित गर्नुभएको हो । २००० प्रति छपाउनु भयो । १५ दिनमा सबै सकिएछन् । जोशी भन्नुहुन्थ्यो - मेरा ३८ वटा किताब प्रकाशित भए । यति छिटो सकिएको( यो किताब पऱ्यो । दुःखको कुरा आज मसँग १ प्रति पनि छैन । ५/७ वटा शीर्षकका गीत त मलाई आउँछ ।

**२४) मानव जीवनलाई कुन दृष्टिकोणबाट हेर्नुहुन्छ ? किन ?**

⇒ मानव जीवनलाई भौतिकवादी दृष्टिकोणबाट हेर्नुपर्छ भन्ने मेरो धारणा छ । मानवको विकास, उन्नति, आविष्कार सबै भौतिकवादी दृष्टिकोणबाट हुन्छ ।

**२५) तपाईंले आफूलाई आस्तिक वा नास्तिक कुन रूपमा हेर्नुभएको छ ?**

⇒ यसको उत्तर पनि तपाईंसँग छ । जो कसैले मेरो बारेमा सोधेमा तपाईंले मज्जाले उत्तर दिन सक्नुहुन्छ । म एक प्रगतिशील लेखक र जनकलाकार हुँ । रुढिवाद, अन्धविश्वास मान्दिनँ । श्रम, इमान्दार, लगनशील मलाई मनपर्छ । पाठपूजा गरेर स्वर्ग जानुभन्दा यो धरतीलाई स्वर्ग बनाउनु पर्छ भन्ने मेरो धारणा छ ।

**२६) शिक्षण पेशाबाट अवकाश पश्चात्को अवधिमा के गर्दै हुनुहुन्छ ?**

⇒ शिक्षक पेशाबाट अवकाशपछि म सामाजिक एवं संरक्षण कार्यमा सक्रिय छु । नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, चितवनको जिल्ला कमिटीमा छु । अवकाश नहुँदै आजीवन सदस्य भएकाले मनोनित गरियो । **विशाल नेपाल सुगौली सन्धी** नामक चुड्का भजन रेकर्ड गरियो, छायाङ्कन गर्न बाँकी छ । नाकाबन्दी सम्बन्धित चुड्का भजन पनि रेकर्ड भएको छ । नेपाल टेलिभिजनले धारावाहिक दिने नाटक **लक्ष्य जीवनको** छायाङ्कन भयो । छिट्टै प्रसारण पनि हुनेवाला छ । यस्तै यस्तैमा दिन बिताएको छु । खाली बसेको छैन ।